नेपाल सरकार

# विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनाः २०१७ - २०३०

१३ कार्तिक २०७४

(परिमार्जित मस्यौदा)

# विषय सूची


शब्द संक्षेप ........................................................................................ ३

कार्यकारी सारांश ..................................................................................५

अध्याय १: पृष्ठभूमि .................................................................................८

१.१ विपद् जोखिमको अवस्था ......................................................................८

१.१.१ महामारी ....................................................................................९

१.१.२ भूकम्प.......................................................................................९

१.१.३ पहिरो.......................................................................................१०

१.१.४ बाढी .......................................................................................१०

१.१.५ हिमपात तथा हिमपहिरो.....................................................................११

१.१.६ खडेरी.......................................................................................१२

अध्याय २: विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६ कार्यान्वयनको समीक्षा र विद्यमान कानूनी तथा नीतिगत व्यवस्था.........................................................................१४

२.१ विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६ कार्यान्वयनको समीक्षा ......................१४

२.२ विद्यमान कानूनी तथा नीतिगत व्यवस्था ........................................................१५

२.३ रणनीतिक कार्ययोजना निर्माण प्रक्रिया...........................................................१९

अध्याय ३: विपद् जोखिम न्यूनीकरणका लागि रणनीतिक कार्ययोजना .................................... २१

३.१ परिचय .......................................................................................... २१

३.२ मार्गदर्शक सिद्धान्त ............................................................................... २१

३.३ अपेक्षित परिणाम, उद्देश्य र लक्ष्य.................................................................. २२

३.४ प्राथमिकताप्राप्त क्षेत्रहरु ............................................................................ २६

अध्याय ४: प्राथमिकताप्राप्त क्षेत्र १ - विपद् जोखिमको ज्ञान .............................................२८

४.१ प्रकोप अनुसार जोखिमको आँकलन ...............................................................२९

४.२ बहु-प्रकोप जोखिम आँकलनको लागि अन्तर निकाय समन्वय.....................................४२

४.३ प्रभावकारी विपद् जोखिम सूचना प्रवाह र साझेदारी................................................ ४३

४.४ विपद् जोखिम ज्ञानका लागि क्षमता अभिवृद्धि ......................................................४५

अध्याय ५: प्राथमिकताप्राप्त क्षेत्र २ - प्रत्येक विषयगत क्षेत्र तथा संघीय, प्रादेशिक र स्थानिय तहका लागि विपद् जोखिम व्यवस्थापन गर्न विपद् जोखिम शासनको सशक्तिकरण ............................४९

५.१ संस्थागत संरचनाहरुको स्थापना एवं सुदृढीकरण ..................................................५१

५.२ कानूनी र नियामक संरचनाको विकास ..........................................................५४

५.३ विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारी ..........................६१

५.४ विपद् जोखिम न्यूनीकरणमा समावेशी शासनको सुनिश्चितता ....................................६३

अध्याय ६: प्राथमिकताप्राप्त क्षेत्र ३ - उत्थानशीलताका लागि विस्तृत जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी मार्फत विपद् जोखिम न्यूनीकरण........................................ ६६

६.१ उत्थानशीलता बृद्धिमा लगानी प्रवर्द्धन............................................................. ६७

६.२ विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि............................................... ७३

६.३ विपद् जोखिम न्यूनीकरणमा निजी लगानी प्रवर्द्धन ..................................................७४

६.४ जोखिम हिस्सेदारी, बीमा तथा सामाजिक सुरक्षा मार्फत विपद् उत्थानशीलता अभिबृद्धि ...... ठठ

अध्याय ७: प्राथमिकताप्राप्त क्षेत्र ४ - प्रभावकारी प्रतिकार्य र पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माणमा "अझ राम्रो र बलियो निर्माण" का लागि विपद् पूर्वतयारीको सुदृढीकरण ...............................८०

७.१ प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण......................................८१

७.२ विपद् पूर्वतयारीको लागि बहु-प्रकोप पूर्व सूचना प्रणालीको विकास..............................८५

७.३ समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन प्रवर्धन ............................................९०

७.४ विपद् पूर्वतयारीको लागि संचार तथा प्रसार प्रणाली सुदृढीकरण.................................९२

७.५ खोज तथा उद्धार र आपत्कालिन प्रतिकार्यमा क्षमता अभिवृद्धि ...................................९४

७.६ पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा "अझ राम्रो र बलियो निर्माण" अवधारणा प्रवर्धन....१००

अध्याय ८: रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि वित्तीय व्यवस्था .............................१०५

अध्याय ९: रणनीतिक कार्ययोजनाको कार्यान्वयन, अनुगमन, समीक्षा र संशोधन ....................१०७

सन्दर्भ सामग्री ..........................................................................................१०९

# शब्द संक्षेप

| | | |
|---|---|---|
| AD | ईस्वी संवत् | Anno Domini |
| AMCDRR | विपद् जोखिम न्यूनीकरण सम्बन्धी एशियाली मन्त्रीस्तरीय सम्मेलन | Asian Ministerial Conference on Disaster Risk Reduction |
| BCPR | सङ्कट निवारण तथा पुनर्लाभ ब्यूरो | Bureau for Crisis Prevention and Recovery |
| CBO | समुदायमा आधारित संगठन | Community Based Organization |
| CCA | जलवायु परिवर्तन अनुकूलन | Climate Change Adaptation |
| CDRRC | केन्द्रीय विपद् उद्धार तथा प्रतिकार्य समिति | Central Disaster Rescue and Response Committee |
| DDC | जिल्ला विकास समिति | District Development Committee |
| DDRC | जिल्ला दैवी प्रकोप उद्धार समिति | District Disaster Relief Committee |
| DHM | जल तथा मौसम विज्ञान विभाग | Department of Hydrology and Meteorology |
| DRR | विपद् जोखिम न्यूनीकरण | Disaster Risk Reduction |
| DRM | विपद् जोखिम व्यवस्थापन | Disaster Risk management |
| DOA | कृषि विभाग | Department of Agriculture |
| DOF | वन विभाग | Department of Forest |
| DOHS | स्वास्थ्य सेवा विभाग | Department of Health Services |
| DOMG | खानी तथा भूगर्भ विभाग | Department of Mines and Geology |
| DSCWM | भू तथा जलाधार संरक्षण विभाग | Department of Soil Conservation and Watershed Management |
| DUDBC | शहरी विकास तथा भवन निर्माण विभाग | Department of Urban Development and Building Construction |
| DWIDM | जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग | Department of Water Induced Disaster Management |
| FAO | खाद्य तथा कृषि संगठन | Food and Agriculture Organization |
| FNCCI | नेपाल उद्योग वाणिज्य महासंघ | Federation of Nepalese Chambers of Commerce and Industry |
| GDP | कुल ग्राह्यस्थ उत्पादन | Gross Domestic Product |
| GLOF | हिमताल विस्फोट बाढी | Glacial Lake Outburst Flood |
| GON | नेपाल सरकार | Government of Nepal |
| GPS | ग्लोबल पोजिशनिंग सिस्टम | Global Positioning System |
| HFA | ह्योगो कार्य संरचना | Hyogo Framework for Action |
| HFF | हिमालयन फ्रंटल फल्ट | Himalayan Frontal Fault |
| ICIMOD | अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र | International Centre for Integrated Mountain Development |
| INGO | अन्तर्राष्ट्रिय गैर सरकारी संस्था | International Non-Governmental Organization |
| LAPA | जलवायु परिवर्तनका लागि स्थानिय | Local Adaptation Plan of Actions to Climate Change |

| | | |
|---|---|---|
| | अनुकुलन कार्ययोजना | |
| LRMP | भूमि स्रोत नक्शांकन परियोजना | Land Resource Mapping Project |
| LSGA | स्थानीय स्वायत्त शासन ऐन | Local Self Governance Act |
| MBT | मेन बाउन्ड्री थ्रस्ट | Main Boundary Thrust |
| MCT | मेन सेन्ट्रल थ्रस्ट | Main Central Thrust |
| MOAC | कृषि तथा सहकारी मन्त्रालय | Ministry of Agriculture and Cooperatives |
| MOAD | कृषि विकास मन्त्रालय | Ministry of Agriculture Development |
| MOFALD | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | Ministry of Federal Affairs and Local Development |
| MOHA | गृह मन्त्रालय | Ministry of Home Affairs |
| MOPE | जनसंख्या तथा बातावरण मन्त्रालय | Ministry of Population and Environment |
| MOUD | शहरी विकास मन्त्रालय | Ministry of Urban Development |
| NAPA | जलवायु परिवर्तनका लागि राष्ट्रिय अनुकुलन कार्यक्रम | National Adaption Programme of Action to Climate Change |
| NCA | दैवी प्रकोप (उद्धार) ऐन | Natural Calamities (Relief) Act |
| NEA | नेपाल विद्युत प्राधिकरण | Nepal Electricity Authority |
| NGO | गैर सरकारी संस्था | Non-governmental Organization |
| NPC | राष्ट्रिय योजना आयोग | National Planning Commission |
| NPR | नेपाली रुपियाँ | Nepalese Rupees |
| NRA | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | National Reconstruction Authority |
| NSDRM | विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति | National Strategy for Disaster Risk Management |
| NUDS | राष्ट्रिय शहरी विकास रणनीति | National Urban Development Strategy |
| OPMCM | प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय | Office of the Prime Minister and Council of Ministers |
| SAARC | दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन | South Asian Association for Regional Cooperation |
| UN | संयुक्त राष्ट्र संघ | United Nations |
| UNDP | संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम | United Nations Development Programme |
| UNICEF | संयुक्त राष्ट्र संघीय बाल कोष | United Nations International Children’s Emergency Fund |
| VDC | गाउँ विकास समिति | Village Development Committee |
| WECS | जल तथा ऊर्जा आयोगको सचिवालय | Water and Energy Commission Secretariat |
| WFP | विश्व खाद्य कार्यक्रम | World Food Programme |
| WHO | विश्व स्वास्थ्य संगठन | World Health Organization |

## कार्यकारी सारांश

नेपालको वर्तमान संविधानमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको विषयलाई विभिन्न भाग, धारा र अनुसूचीमा उल्लेख गरिएको छ। संविधानको भाग ४ धारा ५१(छ) को प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत जलउत्पन्न प्रकोप नियन्त्रण गर्ने तथा प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने कुरा उल्लेख छ। त्यसरी नै संविधानको अनुसूची ७ ले प्राकृतिक तथा गैर प्राकृतिक विपद् पूर्व तयारी, उद्धार तथा राहत र पुनर्लाभ कार्यलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा सूचीकृत गरेको छ। अनुसूची ८ मा विपद् व्यवस्थापनलाई स्थानीय तहको एकल अधिकारको सूचीमा सूचीकृत गरेको छ। त्यस्तै अनुसूची ९ ले संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा समेत विपद् व्यवस्थापनलाई समेटेको छ।

नेपालले विपद् जोखिम व्यवस्थापन सम्बन्धि अन्तर्राष्ट्रिय स्तरमा हुने प्रतिबद्धतामा सहभागी हुदै गर्दा सन् २००५-२०१५ को ह्योगो कार्यढाँचामा पनि प्रतिबद्धता जनाए अनुरुप विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २००९ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको हो। उक्त रणनीतिले ह्योगो कार्यढाँचामा अपेक्षा गरिएजस्तै विपद् उत्थानशील नेपालको परिकल्पना गरेता पनि हाम्रा क्रियाकलापहरु बढी प्रतिकार्य तथा राहत केन्द्रित रहे।

सन् २०१५ पछिका केही ऐतिहासिक अन्तर्राष्ट्रिय सम्झौताहरू र प्रतिबद्धताहरु मध्ये विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ कार्यढाँचा, दिगो विकास लक्ष्य २०१५-२०३० र जलवायु परिवर्तन सम्बन्धि पेरिस सम्झौता विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको सन्दर्भमा महत्वपूर्ण हुन्।

विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ कार्यढाँचा २०१५-२०३० एउटा अन्तर्राष्ट्रिय मार्गदर्शन गर्ने विश्वब्यापी दस्तावेज हो भने विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २००९ प्रमुख राष्ट्रिय मार्गदर्शन हो। सो को कार्यान्वयनबाट सिकेका कुराहरु र पहिचान गरिएका कमी कमजोरीहरु, सन् २०१५ को भूकम्प, सन् २०१४ र २०१७ को बाढी र हालैका अन्य विपद्हरुबाट सिकेका पाठहरु हाम्रा लागि व्यवहारिक मार्गदर्शन हुन्। यी विषयहरुलाई मार्गदर्शनको रुपमा लिई तयार गरिएको यो रणनीतिक कार्ययोजना सन् २०१७ देखि २०३० सम्मको अवधिलाई लक्षित गरी तयार गरिएको छ। यो रणनीतिक कार्ययोजनाको लागि निम्न बमोजिमका चार प्राथमिकताप्राप्त क्षेत्रहरु र अठार प्राथमिकताप्राप्त कार्यहरु तय गरिएका छन्।

**प्राथमिकताप्राप्त क्षेत्र १: विपद् जोखिमको ज्ञान**

प्राथमिकताप्राप्त कार्य १: प्रकोप अनुसार जोखिमको आँकलन

प्राथमिकताप्राप्त कार्य २: बहु-प्रकोप जोखिम आँकलनको लागि अन्तर निकाय समन्वय

प्राथमिकताप्राप्त कार्य ३: प्रभावकारी विपद् जोखिम सूचना प्रवाह र साझेदारी

प्राथमिकताप्राप्त कार्य ४: विपद् जोखिम ज्ञानका लागि क्षमता अभिवृद्धि

**प्राथमिकताप्राप्त क्षेत्र २: प्रत्येक विषयगत क्षेत्र तथा संघीय, प्रादेशिक र स्थानिय तहका लागि विपद् जोखिम व्यवस्थापन गर्न विपद् जोखिम शासनको सशक्तिकरण**

प्राथमिकताप्राप्त कार्य ५: संस्थागत संरचनाहरुको स्थापना एवं सुदृढीकरण

प्राथमिकताप्राप्त कार्य ६: कानूनी र नियामक संरचनाको विकास

प्राथमिकताप्राप्त कार्य ७: विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारी

प्राथमिकताप्राप्त कार्य ८: विपद् जोखिम न्यूनीकरणमा समावेशी शासनको सुनिश्चितता

**प्राथमिकताप्राप्त क्षेत्र ३: उत्थानशिलताको लागि विस्तृत जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी मार्फत विपद् जोखिम न्यूनीकरण**

प्राथमिकताप्राप्त कार्य ९: उत्थानशीलता बृद्धिमा लगानी प्रवर्द्धन

प्राथमिकताप्राप्त कार्य १०: विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि

प्राथमिकताप्राप्त कार्य ११: विपद् जोखिम न्यूनीकरणमा निजी लगानी प्रवर्द्धन

प्राथमिकताप्राप्त कार्य १२: जोखिम हिस्सेदारी, बीमा तथा सामाजिक सुरक्षा मार्फत विपद् उत्थानशीलता अभिबृद्धि

**प्राथमिकताप्राप्त क्षेत्र ४: प्रभावकारी प्रतिकार्य र पुनर्लाभ, पुनः स्थापना तथा पुनः निर्माणमा "अझै राम्रो र बलियो निर्माण" का लागि विपद् पूर्वतयारीको सुदृढीकरण**

प्राथमिकताप्राप्त कार्य १३: प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण

प्राथमिकताप्राप्त कार्य १४: विपद् पूर्वतयारीको लागि बहु-प्रकोप पूर्व सूचना प्रणालीको विकास

प्राथमिकताप्राप्त कार्य १५: समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन प्रवर्धन

प्राथमिकताप्राप्त कार्य १६: विपद् पूर्वतयारीको लागि संचार तथा प्रसार प्रणाली सुदृढीकरण

प्राथमिकताप्राप्त कार्य १७: खोज तथा उद्धार र आपत्कालिन प्रतिकार्यमा क्षमता अभिवृद्धि

प्राथमिकताप्राप्त कार्य १८: पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा "अझ राम्रो र बलियो निर्माण" अवधारणा प्रवर्धन

हरेक प्राथमिकताप्राप्त कार्य अन्तर्गत रणनीतिक क्रियाकलापहरु सामान्यतया सन् २०१७ देखि २०२० सम्मको अवधिलाई अल्पकालिन, सन् २०१७ देखि २०२५ सम्मको अवधिलाई मध्यकालिन तथा सन् २०१७ देखि २०३० सम्मको अवधिलाई दीर्घकालिन भनि प्रस्ताव गरिएका छन् । यस रणनीतिक कार्ययोजनालाई सरल र कार्यान्वयन योग्य बनाउन प्रयास गरिएको भएता पनि यसको अद्यावधिक र आवधिक सुधार निरन्तर रुपमा आवश्यक हुनेछ । यस रणनीतिक कार्ययोजनाको आवधिक समीक्षा र

अद्यावधिक गर्न गृह मन्त्रालयको पहलमा अन्य मन्त्रालयहरु, विभाग, निजी क्षेत्र र अन्य साझेदारको संयुक्त अनुभवको आधारमा लगातार प्रयास हुनेछ ।

यस विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१७-२०३० का नौ अध्यायहरु छन् । पहिलो अध्यायमा पृष्ठभूमीको रुपमा नेपालमा विपद् जोखिमको अवस्था बारे संक्षिप्त विवरण प्रस्तुत गरिएको छ । दोस्रो अध्यायमा विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६ कार्यान्वयनको समीक्षा, विद्यमान कानूनी तथा नितीगत ब्यवस्था र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना तयारी प्रक्रिया बारेमा आवश्यक जानकारी गराउँने प्रयास गरिएको छ । तेस्रो अध्यायले विपद् जोखिम न्यूनीकरणका लागि रणनीतिक कार्ययोजनाका प्राथमिकताप्राप्त क्षेत्रहरु प्रस्तुत गर्छ । चौथो अध्यायदेखि सातौं अध्यायमा कार्ययोजनाको निम्ति चार प्राथमिकताप्राप्त क्षेत्रहरुमा प्रत्येकका विस्तृत रणनीतिक क्रियाकलापहरु अलग अलग प्रस्तुत गरिएका छन् । आठौं अध्यायले रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि वित्तीय विकल्पहरु प्रस्तुत गर्छ र नवौं अध्यायमा रणनीतिक कार्य योजनाको अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकनको विधि समावेश गरिएको छ ।

# अध्याय १: पृष्ठभूमि

## १.१ विपद् जोखिमको अवस्था

नेपालको उत्तरमा विशाल हिमालय पर्वत श्रृंखलादेखि दक्षिणमा समथर तराई सम्म सरदर १७० किलोमिटर दूरी रहेको छ । यस्तो कम दूरी भित्र पनि विविध भौगोलिक स्थिति हुनाले नेपाल प्राकृतिक विविधताको धनी देश भएता पनि नेपालीहरुले विभिन्न प्रकारका खतरनाक प्रकोपहरुको सामना गर्नु परिरहेको छ । नेपाल प्राकृतिक प्रकोपका कारण विविध प्रकारका विपद्हरुको जोखिममा रहेकोले हरेक वर्ष औसत ५०० भन्दा बढी विविध विपद्का घटनाहरु हुने गर्दछन्, परिणामस्वरूप भौतिक संरचना तथा मानवीय क्षति हुन्छ र जीविकोपार्जनमा समेत असर पर्छ । पछिल्लो ४५ वर्ष (सन् १९७१ देखि २०१५) को अवधिमा नेपालमा ४०,००० भन्दा बढी व्यक्तिहरुले विपद्का कारण आफ्नो ज्यान गुमाएका छन् । यो संख्या हरेक दिन २ जनाको ज्यान गए भन्दा बढी हो । उच्च मृत्यु दरको अलावा, उक्त अवधिमा ७५,००० भन्दा बढी व्यक्तिहरु घाइते भएका छन् भने लगभग ३०,००,००० प्रभावित बनेका छन् (गृह मन्त्रालय, २०१६) । यी विपद्हरुले नेपाल भर मानिस तथा समुदायलाई एक भयानक बोझ थोपरेको छ । नेपालमा अधिकांश जिल्लाहरुमा लगातार विपद् आउने गर्दछ, जहाँ दुई वा दुई भन्दा धेरै प्रकारका प्रकोपबाट जनसंख्याको ९० प्रतिशत भन्दा बढी मृत्युको उच्च जोखिममा हुन्छन् (गृह मन्त्रालय, २००९) ।

मुख्य विपद्हरुमा महामारी, भूकम्प, पहिरो, बाढी, आगलागी, चट्याङ, शितलहर, हिमपात, हिम पहिरो, आँधीबेहरी, असिनापानी र हिमताल विस्फोटन बाढी जस्ता घटनाहरु पर्दछन् । नेपाल विश्वमा भूकम्पबाट ११ औं अति जोखिम तथा बाढी र पहिरोबाट ३० औं अति जोखिम देशको रुपमा रहेको छ ( संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम/ सङ्कट निवारण तथा पुनर्लाभ ब्यूरो, २००४) । यसका अलावा बढदो विकास प्रक्रिया सँगै नेपालले वातावरण प्रदूषण, वन विनाश, बाँध तथा तटबन्ध बिस्फोटन, पुल भत्किने, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना आदि जस्ता गैर प्राकृतिक विपद्हरु समेत भोग्नु परिरहेको छ ।

भौगर्भिक रुपमा गतिशील पर्वत श्रृखला, अस्थिर र अति भिरालो जमिन, कमजोर भौगोलिक बनावटका कारण मनसुनको समयमा देशैभरि विभिन्न प्रकारका भौगर्भिक तथा जलवायुजन्य प्रकोपहरु हुने गर्दछन् । करिब ८३ प्रतिशत नेपाल हिमाल तथा पहाडी भूभागमा र १७ प्रतिशत समतल तराईमा पर्छ । पहाडी भाग पहिरो र भूक्षयको जोखिममा छ भने तराई र चुरे क्षेत्र बाढी, खडेरी, आगलागी र महामारीको जोखिममा छन् । हिमाली क्षेत्रमा हिमपहिरो र हिमताल विस्फोटन बाढीको खतरा छ । पुरै नेपाली भूभाग सकिय भूकम्पीय क्षेत्रमा पर्ने हुनाले पहाडी र हिमाली क्षेत्रका बस्तीहरु उच्च भूकम्पीय जोखिममा छन् । यी विपद् बाहेक, देशमा अन्य मानव सिर्जित विपद्का घटनाहरु पनि हुने गरेका छन् । नेपालमा विपद् निम्त्याउने मुख्य प्राकृतिक प्रकोपहरु यस प्रकार छन् ।

## १.१.१ महामारी

नेपालका जनसमुदायहरु महामारीको प्रकोपबाट अत्यन्त असुरक्षित छन् । पानी, किरा र जीवाणुबाट संक्रमण हुने रोगका कारण धेरैको ज्यान जाने गरेको छ । सन् १९७१ देखि २०१५ सम्ममा महामारीका कारण १६,५६४ जनाले ज्यान गुमाएका छन् । नेपालमा झाडा पखाला, काला ज्वर, ठेउला, हेपाटाईटिस, एनफ्लुएन्जा, टाइफाईड, दम, हैजा, यौन रोग, क्षयरोग र कुष्ठरोग संक्रमण हुने रोगहरु हुन् ।

वि. सं. २०६५ सालमा चैत देखि भदौसम्म नेपालको मध्य तथा सुदूर पश्चिमी क्षेत्र झाडा पखालाको महामारीबाट प्रभावित भयो । करिब २८२ जनाले ज्यान गुमाए । १९ जिल्लामा झाडा पखालाको असर देखियो । जाजरकोट जिल्लामा मात्र करिब १२५०० व्यक्ति प्रभावित भए भने १२८ जनाले ज्यान गुमाए (भण्डारी एट अल, २००९) । रुकुममा ४६ जनाले ज्यान गुमाए ।

वि. सं. २०६५ साल माघमा नेपालमा पहिलो पटक पंक्षी बाट हुने एन्फ्लुएन्जा (बर्ड फ्लु) देखा पर्‍यो । यस भाइरसले झापा जिल्ला स्थित काकरभिट्टामा कुखुरापालन प्रभावित गर्‍यो । भाइरस नियन्त्रण गर्न उक्त क्षेत्रको २८,००० कुखुराहरु मारिए । काठमाडौं उपत्यका, चितवन, काभ्रे, हेटौंडा र देशको अन्य भागहरुमा पनि हालसालै उक्त भाइरस फैलिएको पाईएको छ । जनावर र जन स्वास्थ्यमा प्रभाव पार्न सक्ने एन्फ्लुएन्जा भाइरस अनुगमनको लागि नियमित निगरानी प्रणाली विकास गर्न आवश्यक छ ।

## १.१.२ भूकम्प

नेपाल सक्रिय भूकम्पीय क्षेत्रमा अवस्थित रहेको छ । नेपालमा हिमालयभन्दा दक्षिण तर्फका मध्य पर्वतहरुसँग जोड्ने विशाल हिमालयको आधार स्थलमा मेन सेन्ट्रल थ्रस्ट, साना हिमालय र सिवालिकको संगमस्थलमा मेन बाउन्ड्री थ्रस्ट र सिवालिकको दक्षिण तर्फ हिमालय फ्रन्टल फल्ट समेत प्रमुख तीन दरारहरु रहेका छन् । प्रत्येक दरारहरु पूर्वदेखि पश्चिम तर्फ क्रियाशील छन् र यसैका कारण नेपालमा साना तथा ठूला परिमाणका भूकम्पहरु गईरहेका हुन्छन् । यी दरारहरु यूरेशियन प्लेट तल ईण्डियन प्लेटको हलचलका कारण पैदा भएका हुन भन्ने भूगर्भविदहरुको भनाई छ ।

ईण्डियन प्लेट उत्तर तर्फ प्रति वर्ष २० मिलिमिटर सरिरहेको छ र तिब्बत (यूरेशियाको दक्षिणी किनारा) तलको भाग एशियन प्लेटसँग मिल्दछ, फलवरुप हिमालयलाई माथितिर धकेल्न आवश्यक पर्ने शक्ति उत्पन्न गर्दछ जसले गर्दा यस क्षेत्रलाई विश्वमा सबैभन्दा गतिशील स्थान बनाएको छ । भूउपग्रहहरुको उपयोग गरेर ग्लोबल पोजिसनिङ सिस्टमद्वारा गरिएको मापनले नेपालको मध्य भाग काठमाडौंको पूर्वोत्तर दिशामा अवस्थित हिमालय प्रति वर्ष ७±२ मिलिमिटर बढिरहेको देखाएको छ (बिल्हाम एट अल, १९९७) । यसैकारण नेपालमा ईस्वी संवत् १२५५, १८१०, १८६६, १९३४, १९८०, १९८८ र २०१५ मा ठूला भूकम्पहरु आएका थिए ।

वि. सं. २०७२ बैशाख १२ गते गोरखा केन्द्र विन्दु भएको ७.६ रेक्टर स्केलको विनाशकारी भूकम्पको कारण नेपालले जनधनको धेरै क्षति बेहोर्नु पर्‍यो । तत्पश्चात् २०७२ साल बैशाख २९ गते

सिन्धुपाल्चोक केन्द्र विन्दु भएको ७.३ रेक्टर स्केलको ठूलो पराकम्पनले र निरन्तर आईरहेका अन्य पराकम्पनहरुले जनधनको थप क्षति बढायो । उक्त भूकम्पले हिमपहिरो, सुख्खा पहिरो, बाटो अवरोध जस्ता विपत्तीहरु सिर्जना गर्‍यो । नेपाल राज्यका ३१ जिल्लामा यस्को बढी प्रभाव पर्‍यो र १४ जिल्लालाई त अति प्रभावित जिल्ला घोषणा गरियो । थुप्रै बस्तीहरु बसोबासका लागि जोखिमपूर्ण भए र काठमाडौं उपत्यकाका ऐतिहाँसिक क्षेत्रहरु तथा सम्पदा स्थलहरु नष्ट भए ।

उक्त भूकम्पको कारण ८,९७९ मानिसहरु मरे र २२,३०० भन्दा बढी मानिसहरू घाइते भए । कम्तीमा ४९८,८५२ निजी घरहरु तथा २,६५६ सरकारी भवनहरु नष्ट भएको आँकलनले देखायो । यस्तै २५६,६९७ निजी घरहरु तथा ३,६२२ सरकारी भवनहरु आंशिक रुपले क्षतिग्रस्त भए । यसबाहेक १९,००० भन्दा बढी कक्षाकोठाहरू पूर्णरुपमा नष्ट भए र ११,००० भन्दा बढी कक्षाकोठाहरू आंशिकरुपमा क्षतिग्रस्त बने (नेपाल सरकार, २०१५) ।

### १.१.३ पहिरो

सन् १९७१ देखि २०१५ सम्ममा पहिरोका कारण नेपालमा ४,८३२ जनाले ज्यान गुमाएका छन् । वि. सं. २०५० सालमा बाढी र पहिरोको प्रकोपबाट नेपालको पूर्वी र मध्य क्षेत्रमा ठूलो जनधनको क्षति भएको थियो । राजमार्ग र भिरालो पहाडमा साना ठूला गरि २,००० भन्दा बढी पहिरो गएका थिए । निस्क्रिय भैसकेका पुराना पहिरोहरु पनि पुनः सक्रिय भए । मूसलधारे वर्षा, पहिरो र बाढीको कारण कृषि योग्य भूमिको ४२,९९५ हेक्टर भूभाग प्रभावित भएको थियो । थुप्रै सिंचाई प्रणाली, राजमार्ग, पुल र अन्य पूर्वाधारहरु क्षतिग्रस्त भएका थिए । करिब ५ अर्ब नेपाली रुपियाँ बराबर कुल क्षति भएको अनुमान गरिएको थियो (जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, १९९३) । १,१७० मानिसहरुको मृत्यु भयो भने पाँच लाख व्यक्तिहरु प्रभावित भएका थिए ।

त्रिभुवन, पृथ्वी, अरनिको, बुटवल-पोखरा र नारायणगढ-मुगलिङ राजमार्गहरु सहित नेपालको महत्वपूर्ण पहाडी राजमार्गहरुले नियमित रुपमा पहिरोको सामना गरिरहेका छन् । वि. सं. २०६० सालको श्रावणमा अत्यधिक वर्षाले नारायणगढ-मुगलिङ राजमार्गको ३६ किलोमिटर खण्डमा ७० भन्दा धेरै स्थानहरुमा पहिरो गएको थियो । विनाशकारी बाढी र पहिरोले सिर्जना गरेको विपद्का कारण यसबाट बच्न जनचेतनाको माध्यमबाट केहि नयाँ सिकाइ तथा अनुभवहरु पनि प्राप्त भएका छन् ।

### १.१.४ बाढी

नेपालमा साना ठूला गरेर ६,००० भन्दा बढी नदीहरु छन् जसको कुल लम्बाइ करिब ४५,००० किलोमिटर छ । यी नदीहरुले कृषि सिंचाई सुविधा र जीवननिर्वाहका लागि सहयोग पुर्‍याउँछन् तर जब ती नदीहरुमा बाढी आउँछ, बाढीले मुख्यतया तराई र उपत्यकाहरुमा विनाशलीला नै मच्चाउँछन् । नेपालमा नदीको जल निकास घनत्व ०.३ किमि प्रति वर्ग किमीले जल निकास मार्गहरु कति नजिक र बाढी संवेदनशील छन् भन्ने देखाउँछ (शंकर, १९८५) । बाढीले बालीको नोक्सान गर्नुका साथै मानवीय

तथा भौतिक सम्पत्तिमा क्षति पु¥याउँछ र बाढीबाट प्रायः महामारी फैलिन्छ । विशेषतः यसबाट गरिबहरु सबैभन्दा असुरक्षित हुन्छन् । सन् १९७१ देखि २०१५ सम्ममा बाढीका कारण ४,३४४ जनाले ज्यान गुमाएका छन् ।

सामान्यतया उच्च सघनतायुक्त वर्षा, धेरै दिनसम्म लगातार वर्षा, हिमताल विस्फोटन र भुस्खलनको कारण बाँध विस्फोटनले नेपालमा बाढी आउँछ । नेपालको मध्य पहाडी क्षेत्रमा अचानक बाढी आउँने र जनधनको नोक्सान गरेको अनुभव हामी सामु छ । विशेषतः तराईमा प्रायः तटवर्ती क्षेत्रहरु बाढीले प्रभावित हुन्छन् । यसको कारण पहाडी क्षेत्रदेखि अत्यधिक मात्रामा नदीले बगाएर ल्याएको थिग्रेनी तराईको समतल भूमिमा थुप्रिनुको कारणले गर्दा हो । ग्रीष्मकालीन मनसुन अधिक सक्रिय बनेपछि आषाढ, श्रावण र भाद्रको मध्य अवधिमा सबभन्दा बढी बाढी आउँने गर्दछ । पहिरो र हिमनदीले बनाएका अस्थायी तालहरुको विस्फोटनको कारण पनि अचानक बाढी आउँछ । चुरे पर्वतदेखि उत्पन्न खहरेहरुबाट अचानक आउँने बाढीको कारण भावर क्षेत्र खतरामा छ । यी नदीहरुले प्रायः आफ्ना धार परिवर्तन गर्छन् र अत्यधिक थिग्रेनी बगाएर ल्याउँछन् । ती थिग्रेनीहरु समतल भूमिमा थुप्रिएपछि नदी बहने मार्ग र बगरको उचाई लगातार बढ्दछ । जब यी नदीहरु दक्षिण तराई तर्फ बग्छन् तब डुबान, कटान गर्ने र खेत बगर बन्ने तथा बालीमा बालुवा थुप्रिने हुन्छ ।

भारतको बिहार र उत्तर प्रदेशमा सीमा नजिकै नदीहरुमा निर्माण गरिएका तटबन्धहरुले जल निकास अवरोध गर्दा नेपालको तराई जलमग्न हुने गरेको छ । पूर्वाधार निर्माण, विशेषगरी सिमानामा सडक निर्माण कार्यले पनि प्राकृतिक जल निकासलाई बाधा पु¥याउँछ । नदी बहने मार्गको सतह बढ्दा मध्यम स्तरको जल प्रवाहको समयमा पनि जनसमुदाय बाढीबाट असुरक्षित हुन्छन् । यो समस्या निराकरणका लागि पनि यसका आफ्नै निर्दिष्ट उद्धार र राहत गतिविधिहरूका साथै प्राकृतिक जल निकास मार्गहरु खोल्ने जस्ता रोकथामका उपायहरु आवश्यक हुन्छन् । पहाडमा पनि बाढीको समस्या व्याप्त छ, जहाँ हिमनदी विस्फोटन पछिको बाढीले तल्लो भेगमा उल्लेख्य क्षति पु¥याउँन सक्छ ।

### १.१.५ हिमपात तथा हिमपहिरो

वि. सं. २०७१ आश्विन २८ गते नेपालको मनाङ र मुस्ताङ जिल्ला स्थित अन्नपूर्ण र धौलागिरि वरपरको क्षेत्रमा हिमपात सँगै श्रृंखलावद्द हिमपहिरो गयो । त्यस सालको आश्विन २० गते बङ्गालको खाडीबाट उत्पन्न भएको हुदहुद नामको तूफानले गर्दा आँधी आएको थियो । हिमपात र हिमपहिरोको कारण २१ जना पदयात्री सहित कम्तिमा ४३ व्यक्तिहरुको मृत्यु भयो (वाङ एट अल, २०१५) । अनुमानित ५० जना जति व्यक्तिहरु हराइरहेका र १७५ व्यक्तिहरु कष्टप्रद चिसोको कारण शरीरमा असर भएर घाइते भएको सूचना मिलेको थियो । लगभग ४०० व्यक्तिहरुलाई मनाङ र मुस्ताङका विभिन्न क्षेत्रहरूबाट उद्धार गरिएको थियो । यस्ता घटनाहरुले पर्यटन क्षेत्र र राष्ट्रिय अर्थव्यवस्थामा गहिरो असर पु¥याउँछन् । पर्यटक तथा स्थानीय समुदायलाई सुरक्षित स्थानमा लैजाने संयन्त्रको विकास र मौसम पूर्वसूचना प्रणालीमा उचित लगानीले यस्ता विपद् जोखिम टार्न सकिन्छ ।

### १.१.६ खडेरी

नेपालको तराई र पश्चिमका पहाडहरुमा वर्षेनि हुने खडेरीले कृषि, पर्यावरण र मानव पद्धतिमा नकारात्मक असर पुऱ्याइरहेको छ । मंसिरदेखि जेष्ठ सम्मको अवधि अपेक्षाकृत सुक्खा हुन्छ र मनसुन अवधिमा लामो समयसम्म पानी नपर्दाको अवधिमा पनि खडेरीको जस्तै अवस्था पैदा हुन्छ । हिमालयपारि क्षेत्रमा पर्ने जिल्लाहरु मुस्ताङ र मनाङ भने वर्ष भर नै अत्यन्तै सुक्खा रहन्छन् र तराई तथा पश्चिमका पहाडहरु अन्य क्षेत्रहरु भन्दा बढी प्रभावित हुन्छन् ।

मध्य पहाडहरुमा पानीको स्रोतहरु (मुख्यतया भूमिगत पानीका मूलहरु) सुक्ने घटनाहरु वृद्धि भइरहेको अनुभव गरिएको छ । कृषि तथा सहकारी मन्त्रालयले खडेरीलाई कृषिका निम्ति सबैभन्दा ठूलो जोखिमको रुपमा पहिचान गरेको छ (कृषि तथा सहकारी मन्त्रालय, २००६) । विशेष गरी वर्ष भर कृषियोग्य भूमिको ३८ प्रतिशत भूमिमा मात्र सिंचाई सुविधा पुगेको र बाँकी भूमि वर्षाको पानीमा निर्भर रहने गरेको अवस्थामा लामो खडेरीले कृषि उत्पादनमा प्रतिकुल असर पारि खाद्य असुरक्षाको अवस्था सिर्जना गर्दछ । नेपालमा हरेक वर्ष पहाड र तराई (राष्ट्रको अन्न भण्डार, जहाँ कुल १२ लाख एकड कृषि योग्य भूमिको २५ प्रतिशत पर्दछ) क्षेत्रहरुमा बस्ने करिब ५,००० परिवार खडेरीले प्रभावित हुन्छन् (भूमि स्रोत म्यापिङ परियोजना, १९८६) । खडेरीको कारण अन्न उत्पादनमा व्यापक गिरावट आउँछ र देशको विद्यमान भोकमरीको समस्या अझ बढ्न जान्छ ।

सन् २००८ को हिउँदमा वर्षाको कमीले देश भर अन्न उत्पादनमा गम्भीर ह्रास आयो । गहुँ र जौ उत्पादनमा क्रमशः १४ र १७ प्रतिशतले गिरावट आयो । नेपालको मध्य तथा सुदूर-पश्चिमका केही जिल्लाहरुमा नोवेम्बर २००८ देखि फेब्रुअरी २००९ सम्म औसत वर्षाको आधा भन्दा कम वर्षा भएकोले अन्न उत्पादनमा आधा भन्दा कम भएको देखिन्छ । कृषि तथा सहकारी मन्त्रालय, संयुक्त राष्ट्र संघीय खाद्य तथा कृषि संगठन र संयुक्त राष्ट्र संघ विश्व खाद्य कार्यक्रमको संयुक्त आँकलनले अपर्याप्त अन्न उत्पादनको कारण लगभग २० लाख मानिसहरु खाद्य असुरक्षाको उच्च जोखिममा परेका र थप ३५ लाख चपेटामा परेका थिए भन्ने देखाउँछ । ती संस्थाहरुको प्रतिवेदनले नेपालको ७५ जिल्लाहरुमध्ये ४० जिल्लामा खडेरीको कारणले खाद्यन्नको अभाव भएको अनुमान गरेको छ ।

उल्लिखित प्रमुख जलवायुजन्य, भूगर्भीय र स्वास्थ्य प्रकोपहरुका अतिरिक्त आगलागी, डढेलो, चट्याङ, असिनापानी, हावाहुरी, हिमताल विस्फोटनबाट हुने बाढी र वायु तथा जल प्रदूषण जस्ता प्रकोपबाट पनि नेपाल तुलनात्मक रुपले असुरक्षित नै रहेको छ ।

जलवायु परिवर्तनका कारण चरम जलवायु घटनाका क्षेत्रिय र सामयिक ढाँचाहरु परिवर्तन हुन सक्ने सम्भावना छ । हालैका वर्षहरुमा मनसुनी वर्षाको ढाँचा परिवर्तन भै मनसुन समाप्त हुन ढीलो हुँदा सक्रिय मनसुनको अवधि लम्बिन गएको संकेत पाईएको छ (गौतम र रेग्मी, २०१३) । उच्च तीब्रतर चरम वर्षाको क्षेत्रीय प्रवृत्ति वार्षिक वा मनसुनी वर्षाको प्रवृत्ति भन्दा धेरै फरक हुन्छ । तराई र चुरे क्षेत्र जहाँ अपेक्षाकृत वार्षिक वर्षा र पानी पर्ने दिन कम हुन्छ, उच्च तीब्रतर चरम वर्षाको चपेटामा परेका

छन् । सन् १९८१ देखि २०१० सम्मको २१० केन्द्रहरुको हालको वर्षाको प्रवृत्ति विश्लेषण गर्दा नेपालभर पूर्व मनसुन वर्षा बढिरहेको देखिन्छ भने मनसुन पश्चात वर्षा घटिरहेको देखिन्छ । अझ, नेपालभर लगातार सुक्खा दिनहरुको संख्यामा एक महत्वपूर्ण बढ्दो प्रवृत्ति र पानी पर्ने दिनहरुको संख्यामा घट्दो प्रवृत्ति देखिएको छ, जसले देशभर सुक्खा अवधि लम्बिएको संकेत गर्दछ । समग्रमा, देशका विभिन्न भागहरुमा विभिन्न वर्षा सूचकांकको तीब्रताले क्षेत्र विशेष बाढी, पहिरो र खडेरीको जोखिमलाई संकेत गर्दछ (कार्की एट अल, २०१७) ।

विपद् प्रकोप र सङ्कटासन्नताको संयुक्त परिणाम हो । सबैभन्दा जोखिम समूहमा कम आय भएका र गरीब परिवारहरु, सीमान्तकृत र बहिष्कृत समुदायहरु, महिलाहरु, बालबालिका, बृद्ध र अपाङ्ग व्यक्तिहरु पर्दछन् । विपद् जोखिम सामाजिक, आर्थिक र राजनीतिक ढाँचा र उनीहरु बीचको अन्तरसम्बन्धमा निर्भर गर्दछ । विपद्का आयामहरु गतिशील छन् । सम्मुखता र सङ्कटासन्नता घटाएर तथा उत्थानशिलता अभिबृद्धि गरेर विपद् जोखिम न्यूनीकरण गर्न सकिन्छ ।

# अध्याय २: विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६ कार्यान्वयनको समीक्षा र विद्यमान कानूनी तथा नीतिगत ब्यवस्था

## २.१ विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६ कार्यान्वयनको समीक्षा

विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ तयार गर्ने प्रक्रिया र यसको कार्यान्वयनमा विपद् जोखिम व्यवस्थापनमा संलग्न राष्ट्रिय र स्थानीय तहहरु - मन्त्रालय, विभाग, अन्तर्राष्ट्रिय/राष्ट्रिय गैर सरकारी संस्था र नागरिक समाजको ब्यापक संलग्नता र सहयोग रह्यो । उक्त रणनीतिले विपद् जोखिम व्यवस्थापनको क्षेत्रमा राहत तथा उद्धार केन्द्रित अवधारणाबाट विपद् जोखिम न्यूनीकरणमा केन्द्रित बृहत्तर अवधारणामा संक्रमण गर्न सहयोग पुऱ्याएको देखिन्छ ।

धेरै कठीनाईहरुका बावजुद नेपालले विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ को अधिकांश आधार स्तम्भमा यथेष्ट प्रगति गरेको छ । सुधारिएको राष्ट्रिय भवन संहितामा आधारित विद्यालय भवनको प्रबलीकरण र नयाँ निर्माण जस्ता जोखिम न्यूनीकरणमा लगानीले विपद् जोखिम न्यूनीकरणमा लगानीको फाईदाको बलियो प्रमाण दिन्छ । डकर्मी, सिकर्मी देखि समुदाय, स्थानीय अधिकारी, गैर सरकारी संस्थाहरु, नागरिक समाज, विभाग र मन्त्रालयहरु सम्म सबै तहमा प्रदान गरिएको तालिम र क्षमता अभिबृद्धिले ठूलो लाभ मिलेको देखिएको छ । जिल्ला आपत्कालिन कार्यसंचालन केन्द्रसँग जोडिएको बाढी पूर्व सूचना प्रणालीले जीवन रक्षा गर्न र केही हदसम्म धनसम्पत्ति सुरक्षा गर्न मद्दत गरेको छ ।

विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ कार्यान्वयनमा आएपछि केहि सार्थक प्रगति भएतापनि रणनीतिको पहिलो र दोस्रो प्राथमिकताप्राप्त क्रियाकलापहरु - संस्थागत ब्यवस्था र जोखिमको लेखाजोखामा भने अपेक्षा गरे जस्तो प्रगति हुन सकेन । रणनीतिले प्रस्ताव गरेबमोजिम राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण गठन र विपद् जोखिम व्यवस्थापन ऐनको तर्जुमा अझै हुन सकेको छैन । आधिकारिक, खुला, भौगोलिक सूचना प्रणाली (Geographic Information System) मा आधारित विपद् सूचना व्यवस्थापन प्रणालीको स्थापना र त्यसलाई संस्थागत गर्ने कार्य तथा कार्यमूखी जोखिम जानकारी र जोखिमका बारेमा प्रभावकारी प्रचार प्रसार संयन्त्रको बिकास गर्न अझै बाँकी छ । जलवायुजन्य जोखिमहरु र अरु जोखिमहरुको एकीकृत आँकलनले विपद् तथा जलवायु परिवर्तन जोखिमको एकीकृत रुपमा सामना गर्न मद्दत गर्छ, जसले जोखिम न्यूनीकरणमा सीमित स्रोत साधनको सदुपयोग गर्न सहयोग पुऱ्याउँछ ।

वि. सं. २०७२ को भूकम्पमा भएको उच्च जनधनको क्षतिले नेपालमा विपद् जोखिम व्यवस्थापनमा रहेका कैयौं कमीकमजोरीहरुलाई उजागर गरेको छ । पछिल्लो दशकमा हासिल गरिएका महत्वपूर्ण

सफलताका बावजुद नेपाललाई विपद् उत्थानशील समुदायको रुपमा स्थापित गर्न अझै धेरै काम गर्न बाँकी नै छ ।

## २.२ विद्यमान कानूनी तथा नीतिगत ब्यवस्था

नेपालको संविधान २०७२ ले प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाईको विकास गर्ने तथा प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनिकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने कुरा उल्लेख गरेको छ । संविधानको अनुसूची ७ ले प्राकृतिक तथा गैर प्राकृतिक विपद् पूर्व तयारी, उद्धार तथा राहत र पुनर्लाभ कार्यलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा सूचीकृत गरेको छ । अनुसूची ८ ले स्थानीय तहको एकल अधिकारको सूचीमा विपद् व्यवस्थापनलाई सूचीकृत गरेको छ भने अनुसूची ९ ले संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा समेत विपद् व्यवस्थापनलाई राखेको छ ।

वि. सं. २०३९ मा दैवी प्रकोप (उद्धार) ऐन लागु भए सँगै विपद् व्यवस्थापनमा नेपालको संस्थागत यात्रा शुरु भयो । यस ऐनले विपद् पश्चात राहत तथा उद्धार मार्फत जनधनको सुरक्षा गर्ने कार्यको समन्वय गर्न गृह मन्त्रालयलाई केन्द्रीय निकायको रुपमा र अन्य मन्त्रालयहरु, संयुक्त राष्ट्र संघ, अन्तर्राष्ट्रिय मानवीय सहयोग निकायहरु, गैर सरकारी संस्थाहरु र नागरिक समाजलाई सहयोगीको रुपमा तय गऱ्यो । यस ऐनले राहत तथा उद्धार कार्य समन्वय गर्नुका साथै नीति निर्माण र कार्यान्वयन गर्न गृह मन्त्रीको अध्यक्षतामा केन्द्रीय दैवी प्रकोप उद्धार समिति गठनको ब्यवस्था गऱ्यो । आवश्यकता परेमा क्षेत्रीय र जिल्ला तहमा दैवी प्रकोप उद्धार समितिहरु गठनका लागि पनि यस ऐनले अधिकार प्रदान गरेको थियो ।

नेपालको विपद् नीति “राहत तथा उद्धार” केन्द्रित अवधारणाबाट “विपद् जोखिम न्यूनीकरण” केन्द्रित बृहत्तर अवधारणामा विकसित भइरहेको छ । यसै सन्दर्भमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले दैवी प्रकोप (उद्धार) ऐन, २०३९ लाई प्रतिस्थापन गरेको छ । यस ऐनले विपद् जोखिम न्यूनीकरणका लागि ग्लोबल आर्किटेक्चरको रुपमा सेन्डाइ कार्यढाँचाले परिकल्पना गरे बमोजिम उद्धार तथा राहत केन्द्रित अवधारणाबाट विपद् जोखिम न्यूनीकरण केन्द्रित अवधारणामा संक्रमणलाई पूरा गर्नेछ । ऐनले विपद् जोखिम न्यूनीकरणको लागि संस्थागत व्यवस्था गर्नुका साथै संघ, प्रदेश तथा स्थानिय तहको जिम्मेवारी पनि स्पष्ट गरेको छ ।

विपद् व्यवस्थापनलाई नीतिको रुपमा दशौं पञ्चवर्षीय विकास योजना (२०५९-२०६४) को विकास एजेन्डामा एकीकृत गरिएको थियो । दशौं पञ्चवर्षीय विकास योजनाको अध्याय १७ ले जल उत्पन्न प्रकोप नियन्त्रणलाई विकास एजेन्डामा समायोजित गर्ने र अध्याय २२ ले प्राकृतिक तथा मानव सिर्जित विपद्को एकीकृत व्यवस्थापन गर्ने व्यवस्था गऱ्यो । दुवै अध्यायहरुले नीतिगत सुधार, संस्थागत

संयन्त्रको बिकास, विपद् जोखिम आँकलन र सूचना प्रवाह साथै विपद् प्रतिरोधी निर्माण अभ्यासमा जोड दिएका छन् ।

तीन वर्षे अन्तरिम योजना (२०६४-२०६७) ले विपद्लाई विकास लक्ष्यको निम्ति अवरोधको रुपमा पहिचान गरि विपद् जोखिम न्यूनीकरण दिगो विकासका लागि अनिवार्य छ भन्ने स्वीकार गरेको छ । यस योजनाले प्रमुख निकायहरु र सरोकारवालाहरू बीचको सहकार्य र समन्वयलाई जोड दिएको छ । चौधौं योजना (२०७३-२०७५) ले विपद् व्यवस्थापनलाई प्राथमिकता दिदैं आपत्कालीन खोज, उद्धार, उपचार तथा तत्काल राहतका लागि क्षमता अभिबृद्धि गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने तथा विपद् जोखिम न्यूनीकरणलाई विकासका सबै आयाम तथा चरणमा मूलप्रवाहीकरण गर्ने नीति लिएको छ ।

भू तथा जलाधार संरक्षण ऐन, २०३९ मा बाढी, पहिरो, भू-क्षय जस्ता प्राकृतिक प्रकोपको नियन्त्रण गरी भू तथा जलाधार संरक्षण गर्ने सम्बन्धमा कानूनी व्यवस्था गरिएको छ । जलस्रोत ऐन, २०४९ मा जलस्रोतको उपयोग गर्दा भू-क्षय, बाढी, पहिरो वा यस्तै अरू कारणद्वारा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी गर्नुपर्ने व्यवस्था छ ।

स्थानिय स्वायत्त शासन ऐन, २०५५ ले स्थानीय सरकारी निकायहरु (गाउँ विकास समिती, नगरपालिका र जिल्ला विकास समितिहरू) र जनताहरुलाई आफ्ना क्षेत्रमा प्रभावकारी विकास योजना निर्माण र कार्यान्वयनका लागि सबैभन्दा उपयुक्त प्रवेश विन्दुका रुपमा लिई विपद् जोखिम न्यूनीकरण सम्बन्धि कार्यहरु गर्न अधिकार दिनुका साथै जिल्ला विकास समिति, गाउँ विकास समिति र नगरपालिका तहमा वातावरण संरक्षण तथा विपद् व्यवस्थापन कोष स्थापना गर्न अधिकार प्रदान गऱ्यो । यस स्थानीय स्वायत्त शासन ऐन, २०५५ लाई स्थानिय सरकार सञ्चालन ऐन, २०७४ ले प्रतिस्थापन गरेको छ । स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(न) ले गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र विपद् व्यवस्थापन सम्बन्धि व्यापक कार्यहरु समावेश गरेको छ । साथै राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन, सुरक्षित बस्ती विकास सम्बन्धि नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन आदि कार्यलाई समेत गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र समेटिएको छ ।

भवन ऐन, २०५५ ले भूकम्प, आगलागी तथा अन्य दैवी प्रकोपबाट भवनहरुमा पर्न सक्ने क्षतिलाई यथासम्भव कम गर्न भवन निर्माण कार्यलाई नियमित गराउन भवन निर्माण व्यवस्था सुदृढिकरण समिति गठनको व्यवस्था गरेको छ ।

राष्ट्रिय कृषि नीति, २०६१ का उद्देश्यहरूमा प्राकृतिक श्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्बर्द्धन एवं सदुपयोग गर्ने रहेको छ । यसमा प्राकृतिक प्रकोप अतिवृष्टि, अनावृष्टि, रोग, कीरा एवं अन्य दैवी प्रकोपहरूको आंकलन र कृषि राहत परिचालनका लागि निगरानी प्रणाली स्थापित गरी क्रियाशील राखिने उल्लेख गरिएको छ ।

उद्योग निती, २०६७ ले उद्योग व्यवसायमा आगलागीबाट हुने जोखिम कम गर्न स्थानिय गाउँ/नगरपालिकासँगको समन्वयमा औद्योगिक क्षेत्र र कोरिडोरमा आधुनिक बारुण यन्त्रको व्यवस्था गर्ने तथा कुनै प्राकृतिक विपत्ति र सामाजिक सेवामा उद्योगले दिने अनुदान वा सहयोगमा आय कर छुट दिने व्यवस्था गरेको छ ।

विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ ले ह्योगो कार्यढाँचा २००५-२०१५ मा अपेक्षा गरिए जस्तै विपद् उत्थानशील नेपाल बनाउँने सोच प्रस्तुत गऱ्यो । यसले विषयगत विकास योजना निर्माण र कार्यान्वयन प्रक्रियामा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्न अभिप्रेरित गर्नुका साथै संस्थागत संयन्त्र विकास र सुदृढीकरण गर्न, क्षमता अभिबृद्धि गर्न, आपत्कलिन पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभ कार्यक्रमलाई प्रभावकारी बनाउन प्रोत्साहित गरेको छ ।

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ ले जिल्ला तथा क्षेत्रीय तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रकृयामा संलग्न सबै सरकारी अधिकारीहरु, रेडक्रसका सदस्यहरु, राष्ट्रिय अर्न्तराष्ट्रिय गैरसरकारी संस्थाहरु र राष्ट्रसंघीय निकायहरुलाई आवश्यक दिशावोध गरेको छ । यो मार्गदर्शन जिल्ला दैवी प्रकोप उद्धार समितिका लागि वार्षिक रुपमा पर्वूतयारी तथा प्रतिकार्य योजनालाई अद्यावधिक गर्ने कार्यमा स्रोतसामग्री हो । यसको उपलब्धिका रुपमा हरेक जिल्ला तथा क्षेत्रमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरिएको छ ।

राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० ले विपद् पूर्वतयारी र विपद्पछिको खोज उद्दार र राहत कामलाई व्यवस्थित तुल्याउन, जिम्मेवारीको स्पष्ट विभाजन गर्न र समन्वयलाई प्रभावकारी बनाउन स्पष्ट व्यवस्था गरेको छ । यस अन्तर्गत प्रतिकार्यका लागि अन्तर्राष्ट्रिय सहयोगको अपिल गर्ने प्रक्रिया र त्यसको जिम्मेवारी, त्यसका लागि ध्यान दिनु पर्ने पक्ष, अन्तर्राष्ट्रिय सहायताको समन्वयका कुराहरुलाई पनि उक्त कार्यढाँचाले व्यवस्थित गरेको छ । आपत्कालीन समयमा निकायगत समन्वयका लागि विषय क्षेत्रगत समूहको प्रावधान, विपद् सूचना संकलन र प्रभावको संयन्त्र र त्यसको परिचालनको पक्षमा पनि उक्त कार्यढाँचाले स्पष्ट व्यवस्था गरेको छ । विपद् पछिका विभिन्न समय अवधिको प्राथमिकतायुक्त कामको पहिचान गर्दै उक्त कार्यढाँचाले विपद्पछि गर्नुपर्ने कामको पहिचान र जिम्मेवारीको विभाजन पनि गरेको छ ।

यसका अलावा पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कामलाई निर्देशित गर्न अन्य केही नियमावली वा निर्देशिकाहरु पनि प्रयोगमा छन् । ती मध्ये खोज तथा उद्धारका लागि राष्ट्रिय रणनीतिक कार्ययोजना, २०७१, प्रकोप पीडित उद्धार र राहतसम्बन्धी मापदण्ड, २०६४, विपद् पीडित पुनर्वास संचालन कार्यविधि, २०७१, प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोष सञ्चालन नियमाबली, २०६३, विपद् पश्चात्को शव व्यवस्थापनसम्बन्धी मार्गदर्शन, २०६८, प्रकोप पीडित उद्धार र राहतसम्बन्धी मापदण्ड, २०६४, ८३ वटा खुल्लाक्षेत्र कायम गर्ने नेपाल सरकारको निर्णय, २०६९, विपद्पीडित पुनर्वास संचालन कार्यविधि, २०७१, बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०६७ र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी सहयोग परिचालन निर्देशिका, २०७२ मुख्य हुन् ।

राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२ ले विपद् पश्चात पुनर्लाभ, पुनर्निर्माण र पुनर्स्थापना कार्यको लागि नीतिगत मार्गदर्शन गर्दछ । वि. सं. २०७२ साल बैशाखको भूकम्पले तहस नहस बनाएका भौतिक संरचनाहरू र बस्तीहरु पुनर्निर्माण गर्न, प्राकृतिक प्रकोपबाट थप उत्थानशील नेपाल बनाउन र पुनर्निर्माण तथा पुनःस्थापना कार्यक्रमको कार्यान्वयन योजना निर्माण र समन्वय गर्न वि. सं. २०७२ पौषमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण स्थापना गरियो ।

जल उत्पन्न प्रकोप ब्यवस्थापन नीति, २०७२ ले बाढी, पहिरो जस्ता जल उत्पन्न प्रकोपहरुको संरचनागत तथा गैर संरचनागत प्रविधिबाट रोकथाम गरि सो बाट हुन सक्ने जनधनको क्षति न्यूनीकरण गर्न र नदी, जलाधार क्षेत्र तथा जलजन्य पर्यावरणको संरक्षण गरि प्राकृतिक श्रोत साधन एवम् खानेपानी, जलपरिवहन, सिंचाई, स्थल यातायात आदि जस्ता पूर्वाधारका उपयोगितालाई दिगो बनाउँन विभिन्न नीतिहरु प्रस्तुत गरेको छ ।

कृषि विकास रणनीति (२०७२-२०९२) ले किसानहरुलाई जलवायु परिवर्तन र विपद् उत्थानशिल बनाउँन मौसम तथा जलवायु पूर्वसूचना प्रणालीको स्थापना, सुख्खा र पानी खप्न सक्ने जातको अनुसन्धान, किसान कल्याणकारी कोषको स्थापना, कृषि बिमाको प्रर्वद्धन, खाद्य, बिउ र स्याउलाको भण्डारण व्यवस्था, पूर्वतयारी र प्रतिकार्य कोषको स्थापना आदि कियाकलापहरुलाई प्राथमिकतामा राखेको छ ।

राष्ट्रिय शहरी विकास रणनीति, २०७३ ले सन्तुलित र समृद्ध शहरी भविष्यको लागि उत्थानशीलतालाई पाँच मार्गदर्शक सिद्धान्तहरुमध्ये एक हो भन्ने मानेको छ । यस रणनीतिले विपद् जोखिम अनुकूलित शहर र समुदाय निर्माणका लागि उत्थानशीलतालाई शहरी प्रणाली र समुदायको योजना निर्माण तथा विकासमा एकीकृत गर्न जोड दिएको छ ।

सन् २०१५ सेप्टेम्बरमा संयुक्त राष्ट्र संघका १९३ सदस्य राष्ट्रहरुले सन् २०३० सम्मका लागि दिगो विकास लक्ष्यहरु पारित गरेका छन् । नेपाल सरकारले देशको समावेशी दिर्घकालीन विकासका लागि उक्त लक्ष्यहरुलाई आत्मासात गरेको छ । विपद् जोखिम न्यूनीकरणका कार्यहरुले दिगो विकास लक्ष्यहरु २, ३, ६, ९, ११, १३ र १५ हासिल गर्न प्रत्यक्ष सहयोग पुर्‍याउँने छन् ।

नेपाल सरकारले चरम जलवायु घटना र जलवायु परिवर्तनको असरलाई सम्बोधन गर्न अनुकुलन कार्यहरु कार्यान्वयन गर्न र जलवायु परिवर्तनलाई स्थानिय विकास योजनाहरुसँग एकीकृत गर्न जलवायु परिवर्तन नीति, २०६७, राष्ट्रिय अनुकुलन कार्यक्रम, २०६७ तथा स्थानिय अनुकुलन कार्ययोजनाको राष्ट्रिय संरचना, २०६८ तयार गरि लागु गरेको छ । जलवायु परिवर्तन नीतिमा हिमनदी तथा हिमतालहरुको अद्यावधिक स्थिति अध्ययन गरी जोखिमपूर्ण हिमतालहरुमा प्राथमिकताको आधारमा प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरुको अवलम्बन गर्ने, गराउने, जलवायु परिवर्तनबाट सिर्जित जल-उत्पन्न प्रकोप एवम् जोखिमको पूर्वानुमान गर्दै पूर्व सूचना दिन तथा रोकथामका उपायहरुको

अवलम्बन गर्न आवश्यक संयन्त्रको विकास तथा कार्यान्वयन गरी तिनको नियमित निरीक्षण तथा कार्य क्षमता सुदृढ गर्ने कुराहरु समावेश छन् ।

सन् २०१६ अक्टोबरमा आवास र दिगो शहरी विकासको लागि संयुक्त राष्ट्र सम्मेलन (Habitat III) मा अवलम्बन गारिएको नयाँ शहरी एजेन्डाले पनि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अपनाउने र कार्यान्वयन गर्ने, सङ्कटासन्नता कम गर्ने, प्राकृतिक तथा मानव सिर्जित प्रकोपमा उत्थानशीलता र प्रतिकार्य क्षमता निर्माण गर्ने र जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनलाई बढावा दिने शहरहरुको परिकल्पना गरेको छ ।

सन् २०१५ मार्चमा संयुक्त राष्ट्र संघका १८७ सदस्य राष्ट्रहरुले तेस्रो विश्व विपद् न्यूनीकरण सम्मेलनमा विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ कार्यढाँचा २०१५-२०३० अवलम्बन गरेका छन् । यसले विपद् जोखिम तथा क्षतिको न्यूनीकरणका लागि चार प्राथमिकता प्राप्त क्षेत्रहरु तथा सात विश्वव्यापी लक्ष्यहरु निर्धारण गरेको छ । नेपाल पनि विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ कार्यढाँचाको पक्ष राष्ट्र भएकोले यस "विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१७-२०३०" तयार गरि अघि बढ्ने प्रयास गरेको छ ।

## २.३ रणनीतिक कार्ययोजना निर्माण प्रक्रिया

नेपाल सरकार अन्तर्गत प्रधानमन्त्रीको कार्यालय, गृह मन्त्रालय, राष्ट्रिय योजना आयोग र अन्य मन्त्रालयहरूले विपद् जोखिम न्यूनीकरणको लागि सन् २०१५ पछि विश्वव्यापी रुपमा स्वीकार गरिएका कार्यढाँचाहरुको आधारमा नयाँ मार्गचित्र पहिचान गरि विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ लाई आवश्यक परिमार्जन गरि अघि बढ्नु पर्ने आवश्यकता महसूस गरेका छन् । विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ कार्यान्वयनबाट प्राप्त अनुभव, वि. सं. २०७२ को गोरखा भूकम्पको सिकाइ, जलवायु परिवर्तनको प्रभाव, दिगो विकास लक्ष्य र सेण्डाइ कार्यढाँचाका आधारमा यस "विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना" तयार गरिएको छ, जसले जोखिम न्यूनीकरणका लागि जोखिम संवेदनशील कार्यहरू सूचीकृत गरी केन्द्रदेखि स्थानीय तहको विकास प्रक्रियामा कार्यान्वयन गर्न सबै सरोकारवाला निकायहरूको सक्रिय सहभागिता सुनिश्चित गर्ने प्रयास गर्नेछ ।

यस रणनीतिक कार्ययोजना तयारीका लागि गृह मन्त्रालयका सहसचिवको संयोजकत्वमा एक व्यवस्थापन समिति गठन गरिएको थियो, जसमा नेपाल सरकारका विभिन्न निकायहरु (प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, राष्ट्रिय योजना आयोग, गृह मन्त्रालय, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सहरी विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय, जनसङ्ख्या तथा वातावरण मन्त्रालय) र विकास साझेदारहरु (दातृ निकाय, संयुक्त राष्ट्र संघ आवासीय समन्वयकर्ताको कार्यालय, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुको संगठन विपद् व्यवस्थापन कार्यदल, विपद् पूर्वतयारी सञ्जाल नेपाल, नेपाल रेडक्रस सोसाइटी र नीजि क्षेत्र) का प्रतिनिधिहरु रहेका थिए । व्यवस्थापन समिति मातहत देहाय बमोजिमका ६ वटा क्षेत्रगत कार्यसमूहहरु गठन गरिएको थियो ।

१. **उत्पादन मूलक क्षेत्र** (कृषि, खाद्य सुरक्षा तथा जीविकोपार्जन, उद्योग): नेतृत्वकर्ता निकाय : कृषि विकास मन्त्रालय, सह-नेतृत्वकर्ता निकाय : उद्योग मन्त्रालय
२. **सामाजिक क्षेत्र** (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, समाज कल्याण): नेतृत्वकर्ता निकाय - शिक्षा मन्त्रालय, सह-नेतृत्वकर्ता निकाय - स्वास्थ्य मन्त्रालय
३. **पूर्वाधार क्षेत्र** (सहरी विकास, यातायात, सिँचाइ, ऊर्जा, आवास तथा साँस्कृतिक सम्पदा): नेतृत्वकर्ता निकाय - सहरी विकास मन्त्रालय, सह-नेतृत्वकर्ता निकाय - सिँचाइ मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
४. **प्राकृतिक स्रोत तथा वातावरण क्षेत्र** (भूमि उपयोग, वन तथा वातावरण): नेतृत्वकर्ता निकाय - संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सह-नेतृत्वकर्ता निकाय - वन मन्त्रालय, जनसङ्ख्या तथा वातावरण मन्त्रालय
५. **लैंगिक समानता तथा सामाजिक समावेशीकरण र सुशासन क्षेत्र**: नेतृत्वकर्ता निकाय - राष्ट्रिय योजना आयोग, सह-नेतृत्वकर्ता निकाय - महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय
६. **पूर्वतयारी, प्रतिकार्य र पूनर्लाभ क्षेत्र:** नेतृत्वकर्ता निकाय - गृह मन्त्रालय, सह-नेतृत्वकर्ता निकाय - संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

यी क्षेत्रगत कार्यसमूहहरुमा नेपाल सरकारका अन्य सम्बन्धित निकायहरु, दातृ निकाय, संयुक्त राष्ट्र संघ, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु, विपद् पूर्वतयारी सञ्जाल नेपाल, नेपाल रेडक्रस सोसाइटी र नीजि क्षेत्रका प्रतिनिधीहरु समेत सहभागी थिए । यी क्षेत्रगत कार्यसमूहहरुले यस रणनीतिक कार्ययोजनामा सम्बन्धित क्षेत्रका विषय समावेश गर्न विभिन्न चरणमा परामर्श बैठक तथा छलफलहरु गरि सुझावहरु संकलन गरेर सम्बन्धित क्षेत्रका रणनीतिक क्रियाकलापहरु सिफारिश गरेका छन् ।

सेण्डाई कार्यढाँचाले सिफारिस गरे बमोजिम सबै क्षेत्रका सरोकारवालाहरूको सहभागिता रहने गरि राष्ट्रिय तहमा २, उपराष्ट्रिय वा क्षेत्रीय तहमा ४ र जिल्लास्तरमा ७ वटा परामर्श कार्यशाला गोष्ठीहरुको पनि आयोजना गरिएको थियो, जसमा बहू-सरोकारवाला निकायका प्रतिनिधिहरूले आ-आफ्ना क्षेत्रमा भएका असल अभ्यास, सिकाइ सवाल र चूनौतिहरुका आधारमा मूलभूत समस्या र समाधानका क्षेत्र पहिचान गरी “विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति तथा रणनीतिक कार्ययोजना” मा समावेश गर्न सिफारिश गरेका छन् ।

सरोकारवालाहरूको परामर्श कार्यशाला गोष्ठीहरु तथा क्षेत्रगत कार्यसमूहहरुको सुझाव र सिफारिशहरुलाई समेटि तयार गरिएको मस्यौदालाई विभिन्न चरण र तहमा व्यापक छलफल गरि सबैको राय, परामर्श, सल्लाह र सुझावका आधारमा गृह मन्त्रालयद्वारा आवश्यक परिमार्जन गरी यस रणनीतिक कार्ययोजनालाई अन्तिम रूप दिइएको छ ।

# अध्याय ३: विपद् जोखिम न्यूनीकरणका लागि रणनीतिक कार्ययोजना

## ३.१ परिचय

विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना उत्थानशील र दिगो विकास हासिल गर्नको लागि विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन गर्न नेपाल सरकारको प्रतिबद्धता सहितको एक राष्ट्रिय दस्तावेज हो । यस कार्ययोजनाले विपद् व्यवस्थापनमा "राहत तथा उद्धार" केन्द्रित अवधारणा भन्दा "जोखिम न्यूनीकरण" केन्द्रित बृहत्तर अवधारणामा जोड दिएको छ । विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ कार्यढाँचा २०१५-२०३० र एशियाली मन्त्रीस्तरीय सम्मेलन २०१६ ले पनि विपद् व्यवस्थापनमा प्रतिकार्यबाट जोखिम न्यूनीकरणमा मूलभूत परिवर्तनको जरुरत महसुस गर्दै अगाडि बढ्नु पर्ने आवश्यकताको पहिचान गरेका छन् ।

यस रणनीतिक कार्ययोजनाले विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ को कार्यान्वयन मार्फत प्राप्त अनुभवहरु, वि. सं. २०७२ को भूकम्प सहित हालका वर्षहरुमा भएका अन्य प्रमुख विपद्हरुबाट सिकेका कुराहरु र जलवायु परिवर्तन अनुकूलन तथा दिगो विकास लक्ष्यका पहलहरुलाई ग्रहण गर्दछ । यस रणनीतिक कार्ययोजनामा चारवटा मूल प्राथमिकताप्राप्त क्षेत्र, सहायक क्षेत्रहरू र रणनीतिक क्रियाकलापहरु समेत स्पष्ट रूपमा परिभाषित गरी राज्यका हरेक तह तथा क्षेत्रगत निकायको जिम्मेवारी निर्धारण गर्ने प्रयास भएको छ ।

## ३.२ मार्गदर्शक सिद्धान्त

विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना कार्यान्वयन गर्दा देहाय बमोजिमका मार्गदर्शक सिद्धान्तहरु अवलम्बन गरिनेछन् ।

१. विपद् जोखिम न्यूनीकरण, नियन्त्रण तथा व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी राज्यको हुनेछ । राज्यले आवश्यक परेमा अन्तर्राष्ट्रिय, क्षेत्रिय तथा द्विपक्षीय सहकार्य तथा साझेदारी गर्न सक्नेछ ।
२. नेपाल सरकारले आफ्ना संघीय, प्रादेशिक तथा स्थानीय निकायहरु, सरोकारवाला संघ, संस्थाहरु तथा समुदाय, निजी क्षेत्र, अन्तर्राष्ट्रिय संघ संस्थाहरु लगायतको सहभागिता तथा सहयोगमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्नेछ ।
३. विपद् जोखिम व्यवस्थापन गर्दा व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरु, सांस्कृतिक तथा वातावरणीय सम्पदाको रक्षा गर्दै मानव अधिकार तथा विकासको अधिकारलाई संरक्षण तथा प्रबर्द्धन गरिनेछ ।
४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा समाजका सबै तह, तप्का तथा क्षेत्रसँग सहभागिता तथा साझेदारी गरिनेछ । यसका लागि विपद्बाट अति प्रभावित समुदायको सशक्तिकरण गरिनेछ,

मुख्यतया अति गरिब समुदायको समावेशी, पहुँचयुक्त तथा अविभेदकारी सहभागिता सुनिश्चित गरिनेछ । लिङ्ग, उमेर, अपाङ्गता तथा सांस्कृतिक र भौगोलिक विविधतालाई नीति निर्माण तथा कार्यान्वयनमा पर्याप्त ध्यान दिइनेछ । महिला तथा युवा नेतृत्वलाई प्रबर्द्धन गरिनेछ ।

५. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रत्येक तहका क्षेत्रगत निकाय तथा सम्बन्धित सरोकारवालाहरु बीचको समन्वयमा भर पर्ने भएकाले राज्यका सबै राष्ट्रिय तथा स्थानिय स्तरका कार्यकारी तथा व्यवस्थापिकीय संस्थाहरुको पूर्ण सहभागिता, सार्वजनिक र निजी सरोकारवालाहरुको जिम्मेवारीहरुको स्पष्टता, भूमिका, जवाफदेहिता र कार्यान्वयनमा समान पहुँच, साझेदारी तथा पूरकताको सुनिश्चितता गरिनेछ ।

६. स्थानिय तह तथा समुदायलाई श्रोत, साधन तथा निर्णय गर्ने जिम्मेवारी मार्फत विपद् जोखिम न्यूनीकरणमा सशक्तिकरण गरिनेछ ।

७. विपद् जोखिम न्यूनीकरणका लागि बहुप्रकोप अवधारणा तथा लिङ्ग, उमेर र अपाङ्गताको आधारमा विभाजित अद्यावधिक, विस्तारित, मौलिक ज्ञानद्वारा परिपुरक वैज्ञानिक तथ्याङ्कको सहज उपलब्धता, खुला आदानप्रदान र प्रचार प्रसारको माध्यमबाट समावेशी जोखिम जानकारीमा आधारित निर्णय गरिनेछ ।

८. दिगो विकास लक्ष्य, खाद्य सुरक्षा, स्वास्थ्य सुरक्षा, जलवायु परिवर्तन अनुकुलन, वातावरण व्यवस्थापन र विपद् जोखिम न्यूनीकरण बीच सामञ्जस्यता कायम गरिनेछ ।

९. विपद् जोखिमका स्थानिय तथा विशिष्ठ विशेषतालाई बुझी जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गरिनेछन् ।

१०. विपद् जोखिम जानकारीमा आधारित सार्वजनिक तथा निजी लगानीको माध्यमबाट विपद् जोखिमका कारक तत्वहरुको निराकरणको लागि लगानी गर्नु विपद् पश्चात प्रतिकार्य तथा पुनर्लाभमा लगानी गर्नु भन्दा लाभदायक हुन्छ र यसले दिगो विकासमा समेत योगदान पुऱ्याउँछ ।

११. विपद् पश्चात पुनर्लाभ, पुनः स्थापना र पुनर्निर्माणमा भविष्यमा विपद् जोखिमको अवस्था सिर्जना हुन नदिन र विपद् जोखिम न्यूनिकरण गर्न "अझ राम्रो, बलियो र सुरक्षित बनाऔं" भन्ने अवधारणा अवलम्बन गरिनेछ ।

१२. विपद् जोखिमको बारेमा सार्वजनिक शिक्षा र सचेतना अभिबृद्धि गरिनेछ ।

१३. विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा विज्ञान तथा प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्नुका साथै स्थानिय श्रोत, साधन, ज्ञान, सीप तथा श्रमलाई अत्यधिक उपयोग गरिनेछ ।

## ३.३ अपेक्षित परिणाम, उद्देश्य र लक्ष्य

### अपेक्षित परिणाम

नेपाललाई विपद् जोखिमबाट सुरक्षित, अनुकुलित तथा उत्थानशील राष्ट्रको रुपमा स्थापित गर्दै दिगो विकास गर्ने दीर्घकालीन सोंच अनुरुप यस रणनीतिक कार्ययोजनाका क्रियाकलापहरु संचालन गरिने छन् । साथै विपद्को कारण हुने मृत्यु दर तथा प्रभावित व्यक्तिहरुको संख्या व्यापक रुपले कम गर्नु,

जीविकोपार्जन, स्वास्थ्य, सम्पत्ति, व्यवसाय र समुदायमा विपद्बाट हुने जोखिम तथा क्षतिको पर्याप्त न्यूनीकरण गर्नु यस रणनीतिक कार्ययोजनाको अपेक्षित परिणाम हो ।

**उद्देश्य**

नेपालको परिवेश अनुसार विभिन्न रणनीतिक क्रियाकलापहरुको वार्षिक कार्यक्रम तथा आवधिक परियोजना कार्यान्वयन मार्फत पूर्वतयारीमा सुदृढीकरण र उत्थानशीलतामा अभिबृद्धि गरि विद्यमान विपद् जोखिम तथा क्षतिको न्यूनीकरण र नयाँ जोखिमको रोकथाम गर्नु यस रणनीतिक कार्ययोजनाको उद्देश्य हो ।

**लक्ष्य**

गृह मन्त्रालयको पछिल्लो ४५ वर्ष (सन् १९७१ देखि २०१५) को तथ्याङ्क विश्लेषण गर्दा नेपालमा हरेक वर्ष लगभग ९०० व्यक्तिहरुले विपद्का कारण आफ्नो ज्यान गुमाउँछन् । त्यसै गरी, लगभग ६४०,००० व्यक्तिहरु वार्षिक रुपमा विपद्का कारण प्रभावित हुन्छन् । विपद्का कारण प्रत्येक वर्ष करिब ३०,००० घरहरु क्षतिग्रस्त वा नष्ट हुन्छन् ।

विपद्बाट बढि आर्थिक रुपमा प्रभावित र हानि नोक्सानी हुने क्षेत्रहरुमा उत्पादनमूलक क्षेत्र, सामाजिक क्षेत्र र पूर्वाधार क्षेत्र मुख्य रहेका छन् । उत्पादनमूलक क्षेत्र अन्तर्गत कृषि, पशुपंछी, माछापालन, उद्योग, सेवा पर्यटन लगायतका क्षेत्रहरु पर्दछन् । नेपालको कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक क्षेत्रको ९० प्रतिशतभन्दा बढि योगदान रहेको छ । सन् १९७१-२०१० को अवधिमा विपद्का कारण भएको आर्थिक क्षति र नोक्सानको विश्लेषण गर्दा प्रति वर्ष कुल गार्हस्थ्य उत्पादनको करिब २% औसत क्षति भएको देखिन्छ (गृह मन्त्रालय, २०११) । सन् १९८८ र २०१५ मा भूकम्पको कारणले र सन् १९९३, २००८ र २०१७ मा बाढीको कारणले ठूलो मात्रामा आर्थिक क्षति भएको देखिन्छ ।

सन् २०३० सम्मका लागि नेपालले तय गरेको दिगो विकास लक्ष्यहरु (Sustainable Development Goals) र विद्यालय क्षेत्र विकास योजना (School Sector Development Plan) लाई समेत आधार लिई यस रणनीतिक कार्ययोजनाले विपद् क्षति न्यून गर्न निम्न लक्ष्यहरु लिएको छ ।

| सि. नं. | सूचक | आधार रेखा (१९७१-२०१५) | अल्पकालीन (२०१७-२०२०) | मध्यकालीन (२०१७-२०२५) | दीर्घकालीन (२०१७-२०३०) |
|---|---|---|---|---|---|
| **१** | **राष्ट्रिय स्तरमा विपद्बाट हुने मृत्यु दर पर्याप्त मात्रामा कम गर्ने** | | | | |
| १.१ | विपद्बाट मृत्यु हुनेको वार्षिक औसत संख्या | ८९५ | ३०० | २०५ | १०० |
| १.२ | विपद्का कारण बेपत्ता हुनेको वार्षिक औसत संख्या | ११ | ० | ० | ० |
| **२** | **राष्ट्रिय स्तरमा विपद्बाट प्रभावित व्यक्तिहरुको संख्या पर्याप्त मात्रामा कम गर्ने** | | | | |
| २.१ | विपद्बाट प्रत्यक्ष प्रभावित परिवारहरुको वार्षिक औसत संख्या | १,३१,८२२ | ८०,००० | ५०,००० | २०,००० |
| २.२ | विपद्बाट घाईते व्यक्तिहरुको वार्षिक औसत संख्या | १,७४२ | १,००० | ५,०० | ३,०० |

| सि. नं. | सूचक | आधार रेखा (१९७१-२०१५) | अल्पकालीन (२०१७-२०२०) | मध्यकालीन (२०१७-२०२५) | दीर्घकालीन (२०१७-२०३०) |
|---|---|---|---|---|---|
| २.३ | विपद्बाट घरहरूको वार्षिक औसत क्षति | २९,५७६ | १५,००० | १०,००० | ५,००० |
| **३** | **राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनको तुलनामा विपद्को कारण हुने प्रत्यक्ष आर्थिक क्षति कम गर्ने** | | | | |
| ३.१ | राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनको तुलनामा विपद्को कारण हुने वार्षिक औसत प्रत्यक्ष आर्थिक क्षति | २% | ०.५% | ०.२% | ०.१% |
| **४** | **महत्वपूर्ण पूर्वाधार र आधारभूत सेवाहरूमा विपद्ले पुऱ्याउँने क्षति र अवरोध व्यापक रुपले कम गर्न तिनीहरूको उत्थानशिलता विकास गर्ने** | | | | |
| ४.१ | स्वास्थ्य भवनहरुको प्रवलीकरण गरि उत्थानशिलता विकास | | ७५० | ९०० | १२०० |
| ४.२ | कक्षा कोठाहरुको मर्मत संभार र प्रवलीकरण गरि उत्थानशिलता विकास | | १९,५०० | २५,००० | ३०,००० |
| ४.३ | विद्यालय भवनहरुको प्रवलीकरण गरि उत्थानशिलता विकास | | ७५० | १,२५० | १,७५० |
| ४.४ | विपद् जोखिम न्यूनीकरणका लागि नमूना विद्यालयहरुको स्थापना | | ५०० | १,००० | १,५०० |
| ४.५ | सार्वजनिक र सरकारी भवनहरुको प्रवलीकरण गरि उत्थानशिलता विकास | | २,५०० | ५००० | ७,००० |
| ४.६ | सांस्कृतिक सम्पदास्थलहरुको प्रवलीकरण गरि उत्थानशिलता विकास | | १३० | २०० | ३०० |
| ४.७ | विमानस्थलहरुको प्रवलीकरण गरि उत्थानशिलता विकास | | ७ | १४ | २१ |
| ४.८ | जलविद्युत केन्द्रहरुको प्रवलीकरण गरि उत्थानशिलता विकास | | २१ | ५६ | ९१ |
| ४.९ | विद्युतीय सवस्टेशनहरुको प्रवलीकरण गरि उत्थानशिलता विकास | | ४२ | ११२ | १८२ |
| ४.१० | खानेपानीका संरचनाहरुको प्रवलीकरण गरि उत्थानशिलता विकास | | ३००० | ४५०० | ६००० |
| ४.११ | एकीकृत जलश्रोत व्यवस्थापन कार्यान्वयनको प्रतिशत | | २५ | ४० | ६० |
| ४.१२ | उच्च जोखिमयुक्त हिमतालहरुमा हिमताल विस्फोटनबाट हुने बाढीको जोखिम न्यूनीकरण | २ | ३ | ५ | ७ |
| ४.१३ | जैविक ईन्जिनियरिङ्ग प्रविधिद्वारा नदी किनाराको संरक्षण (कि.मी.) | १,६७५ | ४,५०० | ७,२२५ | १०,००० |
| ४.१४ | जलाधारहरुको संरक्षण (संख्या) | ३,३४६ | ३,९०० | ४,४४८ | ५,००० |

| सि. नं. | सूचक | आधार रेखा (१९७१-२०१५) | अल्पकालीन (२०१७-२०२०) | मध्यकालीन (२०१७-२०२५) | दीर्घकालीन (२०१७-२०३०) |
|---|---|---|---|---|---|
| ४.१५ | ताल, सिमसार तथा पोखरीहरुको संरक्षण (संख्या) | १,७२७ | २८०० | ३९०९ | ५००० |
| ४.१६ | जलवायु स्मार्ट गाउँहरुको विकास | | ५० | ११३ | १७० |
| ४.१७ | जलवायु स्मार्ट कृषि प्रवर्धन गर्ने | | १५० | ३३३ | ५०० |
| **५** | **विपद् जोखिम न्यूनीकरण नीति तथा कार्ययोजना तयार गर्ने संघीय, प्रादेशिक र स्थानीय निकायहरुको संख्या पर्याप्त मात्रामा बृद्धि गर्ने** | | | | |
| ५.१ | विपद् जोखिम न्यूनीकरण नीति तथा कार्ययोजना तयार गर्ने प्रदेश र स्थानीय तहहरुको प्रतिशत | | १०० | १०० | १०० |
| ५.२ | संघीय, प्रादेशिक तथा स्थानीय तहहरु र सरोकारवालाहरु बीच आन्तरिक तथा परस्पर समन्वय र साझेदारी अभिबृद्धि गर्न संयन्त्र विकास गर्ने निकायहरुको प्रतिशत | | १०० | १०० | १०० |
| ५.३ | पुनर्लाभ, पुनःस्थापना तथा पुनर्निर्माणका लागि "अझै राम्रो र बलियो निर्माण" को सिद्धान्तका आधारमा नीति, योजना र श्रोतहरु तयार र कार्यान्वयन गर्ने सरकारी निकायहरुको प्रतिशत | | १०० | १०० | १०० |
| **६** | **बहुप्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना तथा आंकलनको उपलब्धता र पहुँचमा उल्लेख्य बृद्धि गर्ने** | | | | |
| ६.१ | देशको कुल क्षेत्रफलको अनुपातमा बहुप्रकोप अनुगमन तथा पूर्वसूचना प्रणाली संचालन भएको क्षेत्रफलको प्रतिशत | | ५० | ७० | १०० |
| ६.२ | देशको कुल जनसंख्याको अनुपातमा स्थानिय वा राष्ट्रिय प्रसारण प्रणाली मार्फत पूर्वसूचना प्राप्त गर्ने ब्यक्तिहरुको संख्याको प्रतिशत | २० | ३० | ४० | ५० |
| ६.३ | पूर्वानुमानमा आधारित पूर्वतयारी कार्यविधी भएका स्थानिय तहहरुको प्रतिशत | | १०० | १०० | १०० |
| ६.४ | स्थानिय स्तरमा प्रयोगयोग्य र प्रासङ्गिक विपद् जोखिम जानकारी र आंकलन जनसमुदायलाई उपलब्ध गराउँन सक्ने स्थानिय तहहरुको प्रतिशत | | १०० | १०० | १०० |
| ६.५ | पूर्वसूचना प्राप्त भएपछि विपद् प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएका जनसंख्याको प्रतिशत | २५ | ५० | १०० | १०० |

## ३.४ प्राथमिकताप्राप्त क्षेत्रहरु

यस रणनीतिक कार्ययोजनाले विकास प्रक्रियामा विपद् जोखिम न्यूनीकरणलाई समावेश गरी दिगो विकास गर्न एकीकृत अवधारणा (Holistic Approach) को अनुसरण गर्दछ । सेन्डाइ कार्यढाँचालाई मार्गदर्शन मानी यस रणनीतिक कार्ययोजनाले निम्न चार प्राथमिकताप्राप्त क्षेत्रहरु र अठार प्राथमिकताप्राप्त कार्यहरु निर्धारण गरेको छ । हरेक प्राथमिकताप्राप्त कार्य अन्तर्गत अल्पकालिन (सन् २०१७-२०२०), मध्यकालिन (सन् २०१७-२०२५) र दीर्घकालिन (सन् २०१७-२०३०) रणनीतिक क्रियाकलापहरु प्रस्ताव गरिएका छन् ।

**प्राथमिकताप्राप्त क्षेत्र १: विपद् जोखिमको ज्ञान**

प्राथमिकताप्राप्त कार्य १: प्रकोप अनुसार जोखिमको आँकलन

प्राथमिकताप्राप्त कार्य २: बहु-प्रकोप जोखिम आँकलनको लागि अन्तर निकाय समन्वय

प्राथमिकताप्राप्त कार्य ३: प्रभावकारी विपद् जोखिम सूचना प्रवाह र साझेदारी

प्राथमिकताप्राप्त कार्य ४: विपद् जोखिम ज्ञानका लागि क्षमता अभिवृद्धि

**प्राथमिकताप्राप्त क्षेत्र २: प्रत्येक विषयगत क्षेत्र तथा संघीय, प्रादेशिक र स्थानिय तहका लागि विपद् जोखिम व्यवस्थापन गर्न विपद् जोखिम शासनको सशक्तिकरण**

प्राथमिकताप्राप्त कार्य ५: संस्थागत संरचनाहरुको स्थापना एवं सुदृढीकरण

प्राथमिकताप्राप्त कार्य ६: कानूनी र नियामक संरचनाको विकास

प्राथमिकताप्राप्त कार्य ७: विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारी

प्राथमिकताप्राप्त कार्य ८: विपद् जोखिम न्यूनीकरणमा समावेशी शासनको सुनिश्चितता

**प्राथमिकताप्राप्त क्षेत्र ३: उत्थानशिलताको लागि विस्तृत जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी मार्फत विपद् जोखिम न्यूनीकरण**

प्राथमिकताप्राप्त कार्य ९: उत्थानशीलता बृद्धिमा लगानी प्रवर्द्धन

प्राथमिकताप्राप्त कार्य १०: विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि

प्राथमिकताप्राप्त कार्य ११: विपद् जोखिम न्यूनीकरणमा निजी लगानी प्रवर्द्धन

प्राथमिकताप्राप्त कार्य १२: जोखिम हिस्सेदारी, बीमा तथा सामाजिक सुरक्षा मार्फत विपद् उत्थानशीलता अभिबृद्धि

**प्राथमिकताप्राप्त क्षेत्र ४: प्रभावकारी प्रतिकार्य र पुनर्लाभ, पुनः स्थापना तथा पुनः निर्माणमा "अझै राम्रो र बलियो निर्माण" का लागि विपद् पूर्वतयारीको सुदृढीकरण**

प्राथमिकताप्राप्त कार्य १३: प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण

प्राथमिकताप्राप्त कार्य १४: विपद् पूर्वतयारीको लागि बहु-प्रकोप पूर्व सूचना प्रणालीको विकास


प्राथमिकताप्राप्त कार्य १५: समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन प्रवर्धन

प्राथमिकताप्राप्त कार्य १६: विपद् पूर्वतयारीको लागि संचार तथा प्रसार प्रणाली सुदृढीकरण

प्राथमिकताप्राप्त कार्य १७: खोज तथा उद्धार र आपत्कालिन प्रतिकार्यमा क्षमता अभिवृद्धि

प्राथमिकताप्राप्त कार्य १८: पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा “अझ राम्रो र बलियो निर्माण” अवधारणा प्रवर्धन

विपद् जोखिमको सही पहिचान गर्नसक्नु जोखिम न्यूनीकरण तर्फको पहिलो प्रस्थान विन्दु हुन जान्छ । यस्तो बुझाईको अभिवृद्धिले विपद् जोखिम न्यूनीकरण सम्वन्धी निर्णय प्रक्रियालाई सही ढंगबाट निर्देशित त गर्छ नै, प्रतिकार्यको लागि उपयुक्त पूर्व तयारीलाई पनि सही दिशानिर्देश गर्न सक्छ । चित्र १ मा नेपालमा विपद् जोखिम न्यूनीकरणका लागि प्राथमिकताप्राप्त क्षेत्रहरु र विपद् जोखिमको बृहत्तर ज्ञानले कसरी अन्य प्राथमिकताप्राप्त क्षेत्रहरुको लागि आधारशिला प्रदान गर्दछ भन्ने कुरा प्रस्तुत गरिएको छ ।




चित्र १ नेपालमा विपद् जोखिम न्यूनीकरणका लागि प्राथमिकताप्राप्त क्षेत्रहरु

# अध्याय ४: प्राथमिकताप्राप्त क्षेत्र १ - विपद् जोखिमको ज्ञान

विपद् जोखिमको ज्ञानका लागि प्राकृतिक तथा प्राविधिक प्रकोपको सामना गरिरहेका समुदायलाई यी प्रकोपसँग सम्बन्धित जोखिमहरुले कसरी प्रभाव पार्छन् भन्ने राम्रो जानकारीको आवश्यकता पर्दछ । अधिकांश मन्त्रालय, विभाग, प्रादेशिक तथा स्थानीय सरकारसँग प्राकृतिक प्रकोप र जोखिमको प्रभावको बारेमा सीमित जानकारी छ । जोखिम बुझाईमा प्राथमिकता क्षेत्र निर्धारण गर्न जोखिम कम गर्ने निर्णय लिन सघाउ पुर्‍याउँने नयाँ पद्दति अवलम्बन गर्नु आवश्यक पर्छ । जोखिम आँकलनको जानकारीका लागि अन्तर्राष्ट्रीय स्तरमा स्थापित पद्दति अपनाउनु पर्छ जसले जोखिमका तीन तत्वहरु प्रकोप (Hazard), सम्मुखता (Exposure) र संकटासन्नता (Vulnerability) लाई समेट्दछ ।

विपद् जोखिमको बुझाईको लागि प्रभाव मोडलिङ (Impact Modeling) र जोखिम आँकलन (Risk Assessment) गर्न सकिन्छ । प्रभाव मोडलिङ अन्तर्गत कुनै एक प्रकोप घटनाबाट मानिस, भवन, बाली आदिमा हुन सक्ने प्रभाव (जस्तै १०० वर्षमा १ पटक आउने बाढी वा ८.१ परिमाणको भूकम्प) को मोडेल तयार गर्न सकिन्छ । यस प्रभाव मोडेलको आधारमा निर्णयकर्ताहरुले घटना हुनु पूर्व उचित निर्णय लिन सक्नेछन् । जोखिम आँकलन सम्पूर्ण सम्भावित घटनाहरुको समग्र प्रभाव हो (जस्तै १० बाढीका घटनाहरुको समग्र प्रभाव), जसले एक निकायलाई एकल वा बहु प्रकोपबाट हुने वार्षिक औसत क्षति र सम्भावित अधिकतम क्षति निर्धारण गर्न सहयोग गर्छ । प्रभाव मोडेलहरु वित्तीय योजना तथा सुरक्षा, विपद् जोखिम न्यूनीकरण लगानीमा प्राथमिकता निर्धारण र विभिन्न जोखिम न्यूनीकरण विकल्पको लागत-लाभ विश्लेषणका लागि धेरै उपयोगी हुन सक्छन् । यिनीहरु पूर्व तयारी गर्ने, जोखिम न्यूनीकरण लगानीमा केन्द्रित हुने र नयाँ जोखिम सिर्जना हुनबाट रोक्ने नीति कार्यान्वयन गर्ने परियोजनाका लागि आधार हुन सक्छन् ।

प्रभावकारी जोखिम आँकलनको लागि तथ्याङ्कहरु कानूनी तथा प्राविधिक रुपमा खुला (Open Source) हुनुपर्छ, जुन विना लागत पुनः उपयोग, पुनर्मुद्रण र पुनः वितरण गर्न तथा कुनै पनि सफ्टवेयरले खोल्न, परिमार्जन गर्न र नयाँ विश्लेषण गर्न सकियोस् । जोखिम प्रभावित व्यक्तिहरुको प्रत्यक्ष सहभागितामा तथ्याङ्क संकलन, विश्लेषण तथा संगठित गर्ने र यी तथ्याङ्कहरु सबैका लागि उपलब्ध हुने प्रक्रियाले मात्रै व्यवहारमा परिवर्तन ल्याउन सकिन्छ ।

नेपालमा प्रकोपको प्रकृतिअनुरूप हरेक प्रकोपको जोखिमसम्बन्धी जानकारीलाई सङ्कटासन्नता तथा क्षमता सम्बन्धी ज्ञान एवं सामाजिक, आर्थिक तथा जनसाङ्ख्यिक विवरणलाई समेटर जोखिम आंकलन तथा नक्शाङ्कन गर्नुपर्ने आवश्यकता छ । लिङ्ग, उमेर, अपाङ्गता र विविधताका अरु सूचकांकहरुको आधारमा खण्डीकृत (disaggregated) तथ्याङ्क संकलन गर्नु जरुरी छ । प्रकोप, सङ्कटासन्नता तथा क्षमताका सम्बन्धमा राष्ट्रिय तथा स्थानिय स्तरमा विस्तृत तथ्यांक प्रणालीको विकास गर्न अझै बाँकी छ । जोखिम बारे एकीकृत सूचना प्रसारण गर्ने पद्धतिको कमी र सञ्चार माध्यम तथा आधुनिक सञ्चार प्रविधिहरूको विवेकपूर्ण प्रयोग गर्ने क्षमताको पनि पूर्ण विकास नभएको अवस्था छ । विपद् जोखिमको पहिचान र मापन कार्यलाई संस्थागत रुपमा सुदृढीकरण गर्न बाँकी छ । उक्त कमीकमजोरीहरुलाई

सम्बोधन गरि विपद् जोखिम बुझाई अभिबृद्धि गर्न निम्न बमोजिमका प्राथमिकताप्राप्त कार्यहरु अन्तर्गत अल्पकालिन (सन् २०१७-२०२०), मध्यकालिन (सन् २०१७-२०२५) र दीर्घकालिन (सन् २०१७-२०३०) रणनीतिक क्रियाकलापहरु प्रस्ताव गरिएका छन्।

क) प्रकोप अनुसार जोखिमको आँकलन

ख) बहु-प्रकोप जोखिम आँकलनको लागि अन्तर निकाय समन्वय

ग) प्रभावकारी विपद् जोखिम सूचना प्रवाह र साझेदारी

घ) विपद् जोखिम ज्ञानका लागि क्षमता अभिवृद्धि

## ४.१ प्रकोप अनुसार जोखिमको आँकलन

नेपालमा प्रकोपको प्रकृतिअनुरूप हरेक प्रकोपको सम्मुखता, संकटासन्नता र जोखिमको आँकलन तथा नक्शाङ्कन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउनु पर्ने आवश्यकता छ । जोखिम संवेदनशील भू-उपयोग योजना (Risk Sensitive Land Use Planning) हरु तयार गरि भू-उपयोग क्षेत्र विभाजन गर्नुपर्ने आवश्यकता छ । प्रकोप अनुसार जोखिमको आँकलनका लागि निम्न रणनीतिक क्रियाकलापहरु प्रस्ताव गरिएका छन् ।

**महामारी जोखिम**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| तात्कालिक महामारी अनुगमन प्रणाली (Real-Time Outbreak and Disease Surveillance System) स्थापना गर्ने | महामारी सम्बन्धी तात्कालिक जानकारी उपलब्ध हुनेछ | अल्पकालिन | स्वास्थ्य मन्त्रालय, गृह मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| महामारी प्रकोप क्षेत्रका लागि महामारी प्रकोप आँकलन, नक्शाङ्कन र प्रकोप क्षेत्र निर्धारण गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | महामारी प्रकोप क्षेत्रका लागि महामारी प्रकोप नक्शा उपलब्ध हुनेछ | अल्पकालिन | स्वास्थ्य मन्त्रालय, गृह मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |

| | | | |
|---|---|---|---|
| लिङ्ग, उमेर र अपाङ्गताका आधारमा महामारी जोखिमयुक्त क्षेत्रहरुका लागि भू-सन्दर्भित सम्मुखता र संकटासन्नता आँकलन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | महामारी सम्मुखता र संकटासन्नताको खण्डीकृत (disaggregated) तथ्याङ्क उपलब्ध हुनेछ | मध्यकालिन | स्वास्थ्य मन्त्रालय, गृह मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| जोखिमयुक्त क्षेत्रहरुका लागि महामारी जोखिम आँकलन तथा नक्शाङ्कन सम्पन्न गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | महामारी जोखिम स्तर (उच्च, मध्यम र सामान्य) का जानकारी खुला श्रोत स्वरुपमा सार्वजनिक रुपमा उपलब्ध हुनेछ | मध्यकालिन | स्वास्थ्य मन्त्रालय, गृह मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |

**भूकम्प जोखिम**

| **रणनीतिक क्रियाकलाप** | **अपेक्षित परिणाम** | **समयावधि** | **जिम्मेवार निकाय** |
|---|---|---|---|
| राष्ट्रव्यापी तात्कालिक भूकम्प मापन प्रणाली (Real-Time Earthquake Monitoring System) को विस्तार र आधुनिकीकरण गर्ने | राष्ट्रव्यापी तात्कालिक भूकम्पीय जानकारी उपलब्ध हुनेछ | अल्पकालिन | खानी तथा भूगर्भ विज्ञान विभाग |
| भूकम्पीय प्रकोप आँकलन, नक्शाङ्कन र प्रकोप क्षेत्र निर्धारण गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | राष्ट्रिय, प्रादेशिक र स्थानिय स्तरमा भूकम्पीय प्रकोप आँकलन तथा नक्शाहरु उपलब्ध हुनेछ | अल्पकालिन | खानी तथा भूगर्भ विज्ञान विभाग, विश्वविद्यालयहरु, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |

| | | | |
|---|---|---|---|
| भूमि द्रवीकरण (Soil Liquefaction) प्रकोप आँकलन, नक्शाङ्कन र प्रकोप क्षेत्र निर्धारण गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | राष्ट्रिय, प्रादेशिक र स्थानिय स्तरमा भूमि द्रवीकरण प्रकोप आँकलन तथा नक्शाहरु उपलब्ध हुनेछ | अल्पकालिन | खानी तथा भूगर्भ विज्ञान विभाग, विश्वविद्यालयहरु, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| लिङ्ग, उमेर र अपाङ्गताका आधारमा भूकम्प जोखिमयुक्त पूर्वाधारहरु तथा आश्रयस्थल हरुका लागि भू-सन्दर्भित सम्मुखता र संकटासन्नता आँकलन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | भूकम्पीय सम्मुखता र संकटासन्नताको खण्डीकृत (disaggregated) तथ्याङ्क उपलब्ध हुनेछ | अल्पकालिन | शहरी विकास तथा भवन निर्माण विभाग, शहरी विकास मन्त्रालय, खानी तथा भूगर्भ विज्ञान विभाग, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, विश्वविद्यालयहरु, केन्द्रीय तथ्याङ्क विभाग |
| जोखिमयुक्त पूर्वाधारहरु, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरु, आश्रयस्थलहरु, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा खानेपानीका संरचनाहरुका लागि भूकम्पीय जोखिम आँकलन तथा नक्शाङ्कन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | भूकम्पीय जोखिम स्तर (उच्च, मध्यम र न्यून) को जानकारी खुला श्रोत स्वरुपमा सार्वजनिक रुपमा उपलब्ध हुनेछ | मध्यकालिन | शहरी विकास तथा भवन निर्माण विभाग, शहरी विकास मन्त्रालय, खानी तथा भूगर्भ विज्ञान विभाग, गृह मन्त्रालय,संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, बिषयगत मन्त्रालयहरु, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |

| | | | |
|---|---|---|---|
| भूकम्प जोखिम संवेदनशील भूउपयोग योजनाहरुको तयारी गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | भूकम्पीय जोखिम संवेदनशील भूउपयोग योजनाहरु उपलब्ध हुनेछन् | मध्यकालिन | भूमीसुधार तथा व्यवस्था मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, शहरी विकास मन्त्रालय, खानी तथा भूगर्भ विज्ञान विभाग, गृह मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, बिषयगत मन्त्रालयहरु |

**पहिरो जोखिम**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| तात्कालिक पहिरो अनुगमन प्रणाली (Real-Time Landslide Monitoring System) स्थापना गर्ने | पहिरा सम्बन्धी तात्कालिक जानकारी उपलब्ध हुनेछ | अल्पकालिन | जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, भू तथा जलाधार संरक्षण विभाग, जल तथा मौसम विज्ञान विभाग |
| सबै प्रमुख पहिरो प्रभावित क्षेत्रहरुका लागि पहिरो प्रकोप आँकलन, नक्शाङ्कन र प्रकोप क्षेत्र निर्धारण गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | पहिरो प्रकोप नक्शा उपलब्ध हुनेछ | अल्पकालिन | जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, भू तथा जलाधार संरक्षण विभाग, जल तथा मौसम विज्ञान विभाग |
| लिङ्ग, उमेर र अपाङ्गताका आधारमा पहिरा जोखिमयुक्त पूर्वाधारहरु तथा आश्रयस्थलहरुका | पहिरा सम्मुखता र संकटासन्नताको खण्डीकृत (disaggregated) | अल्पकालिन | गृह मन्त्रालय, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, भू तथा जलाधार संरक्षण विभाग, जल तथा मौसम विज्ञान |

| | | | |
|---|---|---|---|
| लागि भू-सन्दर्भित सम्मुखता र संकटासन्नता आँकलन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | तथ्याङ्क उपलब्ध हुनेछ | | विभाग, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, विश्वविद्यालय हरु, केन्द्रीय तथ्याङ्क विभाग |
| जोखिमयुक्त पूर्वाधारहरु, आश्रयस्थलहरु, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा खानेपानीका संरचनाहरुका लागि पहिरो जोखिम आँकलन तथा नक्शाङ्कन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | पहिरा जोखिम स्तर ( उच्च, मध्यम र न्यून) को जानकारी खुला श्रोत स्वरुपमा सार्वजनिक रुपमा उपलब्ध हुनेछ | मध्यकालिन | गृह मन्त्रालय, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, भू तथा जलाधार संरक्षण विभाग, जल तथा मौसम विज्ञान विभाग, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, बिषयगत मन्त्रालयहरु, विश्वविद्यालय, अनुसन्धान केन्द्रहरु |
| प्रमुख जलाधारहरुमा माटोको क्षति र भू-क्षय आँकलन तथा नक्शाङ्कन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | प्रमुख जलाधारहरुको लागि माटोको क्षति र भू-क्षय नक्शा सार्वजनिक रुपमा उपलब्ध हुनेछ | मध्यकालिन | भू तथा जलाधार संरक्षण विभाग, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, विश्वविद्यालय, अनुसन्धान केन्द्रहरु |
| पहिरो जोखिम संवेदनशील भूउपयोग योजनाहरुको तयारी गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | पहिरा जोखिम संवेदनशील भूउपयोग योजनाहरु उपलब्ध हुनेछन् | मध्यकालिन | भूमीसुधार तथा व्यवस्था मन्त्रालय, गृह मन्त्रालय, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, भू तथा जलाधार संरक्षण विभाग, जल तथा मौसम विज्ञान विभाग, |

| | | | |
|---|---|---|---|
| | | | प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, बिषयगत मन्त्रालयहरु |

**बाढी जोखिम**

| **रणनीतिक क्रियाकलाप** | **अपेक्षित परिणाम** | **समयावधि** | **जिम्मेवार निकाय** |
|---|---|---|---|
| प्रमुख बाढीजन्य नदी जलाधारहरुमा तात्कालिक जलसतह र बर्षा अवलोकन प्रणाली (Real-Time Water Level and Rainfall Observation System) को विस्तार र आधुनिकीकरण गर्ने | प्रमुख नदीहरुको जल सतह तथा बर्षा सम्बन्धी तात्कालिक तथ्याङ्क उपलब्ध हुनेछ | अल्पकालिन | जल तथा मौसम विज्ञान विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| प्रमुख बाढीजन्य नदीहरुका लागि बाढी प्रकोप आँकलन, नक्शाङ्कन र प्रकोप क्षेत्र निर्धारण गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | प्रमुख नदीहरुको बाढी प्रकोप नक्शा उपलब्ध हुनेछ | अल्पकालिन | जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, जल तथा मौसम विज्ञान विभाग, जल तथा ऊर्जा आयोगको सचिवालय |
| लिङ्ग, उमेर र अपाङ्गताका आधारमा बाढी जोखिमयुक्त पूर्वाधारहरु तथा आश्रयस्थल हरुका लागि भू-सन्दर्भित सम्मुखता र संकटासन्नता आँकलन गर्ने र | बाढी सम्मुखता र संकटासन्नताको खण्डीकृत (disaggregated) तथ्याङ्क उपलब्ध हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, विश्वविद्यालयहरु, केन्द्रीय |

| | | | |
|---|---|---|---|
| सार्वजनिक रूपमा उपलब्ध गराउने | | | तथ्याङ्क विभाग |
| जोखिमयुक्त पूर्वाधारहरु, आश्रयस्थलहरु, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा खानेपानीका संरचनाहरुका लागि बाढी जोखिम आँकलन तथा नक्शाङ्कन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | बाढी जोखिम स्तर ( उच्च, मध्यम र न्यून) को जानकारी खुला श्रोत स्वरुपमा सार्वजनिक रुपमा उपलब्ध हुनेछ | मध्यकालिन | गृह मन्त्रालय, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, बिषयगत मन्त्रालयहरु, विश्वविद्यालय, अनुसन्धान केन्द्रहरु |
| बाढी जोखिम संवेदनशील भूउपयोग योजनाहरुको तयारी गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | बाढी जोखिम संवेदनशील भूउपयोग योजनाहरु उपलब्ध हुनेछन् | मध्यकालिन | भूमीसुधार तथा व्यवस्था मन्त्रालय, गृह मन्त्रालय, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, बिषयगत मन्त्रालयहरु |

**हिमपात, हिमपहिरो तथा हिमताल विस्फोटन जोखिम**

| **रणनीतिक क्रियाकलाप** | **अपेक्षित परिणाम** | **समयावधि** | **जिम्मेवार निकाय** |
|---|---|---|---|
| तात्कालिक हिमपात, हिमनदी र हिमताल अनुगमन प्रणाली (Real-Time Snow, Glacier and Glacial Lake Observation System) | हिमपात, हिमपहिरो तथा हिमताल सम्बन्धी तात्कालिक जानकारी उपलब्ध हुनेछ | अल्पकालिन | जल तथा मौसम विज्ञान विभाग |

| | | | |
|---|---|---|---|
| स्थापना गर्ने | | | |
| सबै प्रमुख हिमपात, हिमपहिरो तथा हिमताल प्रभावित क्षेत्रका लागि हिमपात, हिमपहिरो तथा हिमताल विस्फोटन प्रकोप आँकलन, नक्शाङ्कन र प्रकोप क्षेत्र निर्धारण गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | हिमपात, हिमपहिरो तथा हिमताल विस्फोटन प्रकोप नक्शा उपलब्ध हुनेछ | अल्पकालिन | जल तथा मौसम विज्ञान विभाग |
| लिङ्ग, उमेर र अपाङ्गताका आधारमा हिमपात, हिमपहिरो तथा हिमताल विस्फोटन जोखिमयुक्त पूर्वाधारहरु तथा आश्रयस्थलहरुका लागि भू-सन्दर्भित सम्मुखता र संकटासन्नता आँकलन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | हिमपात, हिमपहिरो तथा हिमताल विस्फोटन सम्मुखता र संकटासन्नताको खण्डीकृत (disaggregated) तथ्याङ्क उपलब्ध हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, विश्वविद्यालय हरु, केन्द्रीय तथ्याङ्क विभाग |
| जोखिमयुक्त पूर्वाधारहरु, आश्रयस्थलहरु, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा खानेपानीका संरचनाहरुका लागि हिमपात, हिमपहिरो तथा हिमताल विस्फोटन जोखिम आँकलन तथा नक्शाङ्कन गर्ने र सार्वजनिक रूपमा | हिमपात, हिमपहिरो तथा हिमताल विस्फोटन जोखिम स्तर (उच्च, मध्यम र न्यून) को जानकारी खुला श्रोत स्वरुपमा सार्वजनिक रुपमा उपलब्ध हुनेछ | मध्यकालिन | गृह मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, बिषयगत मन्त्रालयहरु, विश्वविद्यालय, अनुसन्धान केन्द्रहरु |

| | | | |
|---|---|---|---|
| उपलब्ध गराउने | | | |
| हिमपात, हिमपहिरो तथा हिमताल विस्फोटन जोखिम संवेदनशील भूउपयोग योजनाहरुको तयारी गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | हिमपात, हिमपहिरो तथा हिमताल विस्फोटन जोखिम संवेदनशील भूउपयोग योजनाहरु उपलब्ध हुनेछन् | मध्यकालिन | भूमीसुधार तथा व्यवस्था मन्त्रालय, गृह मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, बिषयगत मन्त्रालयहरु |

**जलवायुजन्य जोखिम (खडेरी, चट्याङ, हावाहुरी, तातो हावाको लहर, शीत लहर)**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| तात्कालिक मौसम अनुगमन प्रणाली (Real-Time Weather Observation System) लाई राष्ट्रव्यापी रुपमा विस्तार र आधुनिकीकरण गर्ने | मौसम सम्बन्धी तात्कालिक जानकारी उपलब्ध हुनेछ | अल्पकालिन | जल तथा मौसम विज्ञान विभाग, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| सबै प्रमुख जलवायुजन्य प्रकोप क्षेत्रका लागि जलवायुजन्य प्रकोप आँकलन, नक्शाङ्कन र प्रकोप क्षेत्र निर्धारण गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | जलवायुजन्य प्रकोप क्षेत्रका लागि जलवायुजन्य प्रकोप नक्शा उपलब्ध हुनेछ | अल्पकालिन | जल तथा मौसम विज्ञान विभाग, कृषि विभाग, जनसंख्या तथा बातावरण मन्त्रालय, वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र, जल तथा ऊर्जा आयोगको सचिवालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा |

| | | | |
|---|---|---|---|
| | | | नगरपालिकाहरु |
| लिङ्ग, उमेर र अपाङ्गताका आधारमा जलवायुजन्य जोखिमयुक्त क्षेत्रहरुका लागि भू-सन्दर्भित सम्मुखता र संकटासन्नता आँकलन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | जलवायुजन्य सम्मुखता र संकटासन्नताको खण्डीकृत (disaggregated) तथ्याङ्क उपलब्ध हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, विश्वविद्यालयहरु, केन्द्रीय तथ्याङ्क विभाग |
| जोखिमयुक्त पूर्वाधारहरु ( सिंचाई, उद्योग, कृषि, जलविद्युत, ऊर्जा, पशुधन, वन, सिमसार, जलासय, जीविकोपार्जन, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, खानेपानीका संरचना आदि), जनसंख्या तथा आश्रयस्थलहरुका लागि जलवायुजन्य जोखिम आँकलन तथा नक्शाङ्कन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | जलवायुजन्य जोखिम स्तर (उच्च, मध्यम र सामान्य) को जानकारी खुला श्रोत स्वरुपमा सार्वजनिक रुपमा उपलब्ध हुनेछ | मध्यकालिन | गृह मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, बिषयगत मन्त्रालयहरु |
| जलवायुजन्य जोखिम संवेदनशील भूउपयोग योजनाहरुको तयारी गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | जलवायुजन्य जोखिम संवेदनशील भूउपयोग योजनाहरु उपलब्ध हुनेछन् | मध्यकालिन | भूमीसुधार तथा व्यवस्था मन्त्रालय, गृह मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, बिषयगत |

| | | | |
|---|---|---|---|
| | | | मन्त्रालयहरु |

**आगलागी जोखिम**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| तात्कालिक आगलागी अनुगमन प्रणाली (Real-Time Fire Monitoring System) स्थापना गर्ने | आगलागी सम्बन्धी तात्कालिक जानकारी उपलब्ध हुनेछ | अल्पकालिन | वन विभाग, गृह मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| मुख्य पूर्वाधार संरचना र सेवाहरूमा आगलागी विरुद्ध सचेतना निर्माणका लागि जानकारीमूलक सामग्री (Information Kit) को विकास गर्ने | आगलागी सम्बन्धी जानकारी उपलब्ध हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, बिषयगत मन्त्रालयहरु तथा विभागहरु, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| सबै आगलागी प्रकोप क्षेत्रका लागि आगलागी प्रकोप आँकलन, नक्शाङ्कन र प्रकोप क्षेत्र निर्धारण गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | आगलागी प्रकोप क्षेत्रका लागि आगलागी प्रकोप नक्शा उपलब्ध हुनेछ | अल्पकालिन | वन विभाग, गृह मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| लिङ्ग, उमेर र अपाङ्गताका आधारमा आगलागी | आगलागी सम्मुखता र संकटासन्नताको | अल्पकालिन | वन विभाग, गृह मन्त्रालय, शहरी विकास तथा भवन |

| | | | |
|---|---|---|---|
| जोखिमयुक्त क्षेत्रहरुका लागि भू-सन्दर्भित सम्मुखता र संकटासन्नता आँकलन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | खण्डीकृत (disaggregated) तथ्याङ्क उपलब्ध हुनेछ | | निर्माण विभाग, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| जोखिमयुक्त पूर्वाधारहरु, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, खानेपानीका संरचना, सार्वजनिक भवनहरु तथा आश्रयस्थलहरुका लागि आगलागी जोखिम आँकलन तथा नक्शाङ्कन सम्पन्न गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | आगलागी जोखिम स्तर (उच्च, मध्यम र सामान्य) को जानकारी खुला श्रोत स्वरुपमा सार्वजनिक रुपमा उपलब्ध हुनेछ | अल्पकालिन | वन विभाग, गृह मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| आगलागी जोखिम संवेदनशील भूउपयोग योजनाहरुको तयारी गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | आगलागी जोखिम संवेदनशील भूउपयोग योजनाहरु उपलब्ध हुनेछन् | मध्यकालिन | भूमीसुधार तथा व्यवस्था मन्त्रालय, वन विभाग, गृह मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |

**औद्योगिक (रासायनिक) जोखिम**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| रासायनिक प्रकोप आँकलन, नक्शाङ्कन र | रासायनिक प्रकोप | अल्पकालिन | उद्योग मन्त्रालय, गृह मन्त्रालय, प्रादेशिक सरकार, |

| | | | |
|---|---|---|---|
| प्रकोप क्षेत्र निर्धारण गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | नक्शा उपलब्ध हुनेछ | | गाउँपालिका तथा नगरपालिकाहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, बिषयगत मन्त्रालयहरु तथा विभागहरु |
| लिङ्ग, उमेर र अपाङ्गताका आधारमा औद्योगिक जोखिमयुक्त क्षेत्रहरुका लागि भू-सन्दर्भित सम्मुखता र संकटासन्नता आँकलन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | रासायनिक सम्मुखता र संकटासन्नताको खण्डीकृत (disaggregated) तथ्याङ्क उपलब्ध हुनेछ | अल्पकालिन | उद्योग मन्त्रालय, गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, विश्वविद्यालयहरु, केन्द्रीय तथ्याङ्क विभाग |
| जोखिमयुक्त पूर्वाधारहरु, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, खानेपानीका संरचना, जनसंख्या तथा आश्रयस्थलहरुका लागि रासायनिक जोखिम आँकलन तथा नक्शाङ्कन सम्पन्न गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | रासायनिक जोखिम स्तर (उच्च, मध्यम र सामान्य) का जानकारी खुला श्रोत स्वरुपमा सार्वजनिक रुपमा उपलब्ध हुनेछ | मध्यकालिन | उद्योग मन्त्रालय, गृह मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, बिषयगत मन्त्रालयहरु तथा विभागहरु |
| रासायनिक जोखिम संवेदनशील भूउपयोग योजनाहरुको तयारी गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने | रासायनिक जोखिम संवेदनशील भूउपयोग योजनाहरु उपलब्ध हुनेछन् | मध्यकालिन | भूमीसुधार तथा व्यवस्था मन्त्रालय, उद्योग मन्त्रालय, गृह मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, बिषयगत |

| | | | |
|---|---|---|---|
| | | | मन्त्रालयहरु तथा विभागहरु |

## ४.२ बहु-प्रकोप जोखिम आँकलनको लागि अन्तर निकाय समन्वय

नेपालमा बहु-मापदण्डमा आधारित बहुप्रकोप जोखिमको आँकलन तथा नक्शाङ्कनहरु उपलब्ध छैनन् । बहुप्रकोप जोखिमको आँकलन तथा नक्शाङ्कनको लागि अन्तर निकाय समन्वय संयन्त्र स्थापना गर्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरु प्रस्ताव गरिएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| बहुप्रकोप विपद् जोखिम आँकलन पद्धतिलाई संस्थागत गर्न साझा राष्ट्रिय ढाँचा (Common National Framework) र पद्धतिको विकास गर्ने | बहुप्रकोप विपद् जोखिम आँकलन साधन, विधि, संस्थागत व्यवस्था र निर्देशिका उपलब्ध हुनेछ | अल्पकालिन | जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, जल तथा मौसम विज्ञान विभाग, गृह मन्त्रालय, जनसंख्या तथा बातावरण मन्त्रालय, खानी तथा भूगर्भ विज्ञान विभाग, जल तथा ऊर्जा आयोग सचिवालय, भू तथा जलाधार संरक्षण विभाग, क्षेत्रीय मन्त्रालयहरु, विश्वविद्यालयहरु, जोखिम परामर्श कम्पनीहरु |
| प्रकोप, सम्मुखता, सङ्कटासन्नता र जोखिम तथ्याङ्क संकलनमा एकरुपता कायम गर्न अन्तर निकाय संयन्त्र स्थापना गर्ने | प्रकोप, सम्मुखता, सङ्कटासन्नता र जोखिम तथ्याङ्क संकलनमा एकरुपता कायम हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, राष्ट्रिय योजना आयोग, समुदायमा आधारित संगठनहरु, खानी तथा भूगर्भ विभाग, शहरी विकास तथा भवन निर्माण विभाग, शहरी विकास मन्त्रालय |

| | | | |
|---|---|---|---|
| खुला श्रोत स्वरुपमा राष्ट्रिय, प्रादेशिक र स्थानिय तहमा महत्वपूर्ण पूर्वाधारहरु (आवास, सिंचाई, उद्योग, कृषि, सडक, विमानस्थल, जलविद्युत, ऊर्जा, पशुधन, वन, सिमसार, जलासय, जीविकोपार्जन, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, खानेपानीका संरचना आदि), आश्रयस्थल र जनसंख्याको लागि बहु-मापदण्डमा आधारित विस्तृत बहु-प्रकोप जोखिम आँकलन तथा नक्शाङ्कन गर्ने | सर्वसाधारणका लागि खुला श्रोत स्वरुपमा महत्वपूर्ण पूर्वाधार र आवासको बहु-प्रकोप जोखिम जानकारी उपलब्ध हुनेछ | अल्पकालिन | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, खानी तथा भूगर्भ विभाग, जल तथा मौसम विज्ञान विभाग, अर्थ मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, शहरी विकास मन्त्रालय |
| बहु-प्रकोप जोखिम संवेदनशील भूउपयोग योजनाहरुको तयारी गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउँने | बहु-प्रकोप जोखिम संवेदनशील भूउपयोग योजनाहरु उपलब्ध हुनेछन् | मध्यकालिन | भूमीसुधार तथा व्यवस्था मन्त्रालय, उद्योग मन्त्रालय, गृह मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, बिषयगत मन्त्रालयहरु तथा विभागहरु |

## ४.३ प्रभावकारी विपद् जोखिम सूचना प्रवाह र साझेदारी

नेपालमा एकीकृत सूचना प्रसारण गर्ने पद्धतिको विकास र सञ्चार माध्यम तथा आधुनिक सञ्चार प्रविधिहरूको विवेकपूर्ण प्रयोग गर्ने क्षमताको पूर्ण विकासका लागि प्रभावकारी काम गर्नु पर्ने आवश्यकता छ। यसका लागि निम्न रणनीतिक क्रियाकलापहरु प्रस्ताव गरिएका छन्।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| विद्यमान र उदियमान विपद् जोखिम प्रचारप्रसार गर्न विभिन्न मिडिया ( छापा, विद्युतीय, श्रब्य दृश्य, सामाजिक) को प्रभावकारी प्रयोग गर्ने | विपद् जोखिमबारे व्यापक प्रचारप्रसार हुनेछ | अल्पकालिन | सूचना तथा संचार मन्त्रालय, नेपाल दुरसंचार प्राधिकरण, गृह मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, पत्रपत्रिका, एफएम रेडियो, टेलिभिजन |
| विपद् जोखिम सूचना साझेदारिताका लागि सरकारी संस्थाहरू, समुदायमा आधारित संगठनहरु, गैर सरकारी संस्थाहरु र मिडिया बीच स्थानीय तहमा सहकार्य गर्ने | विपद् जोखिम सूचना साझेदारितामा व्यापक रुपले सहकार्य हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, नेपाल दुरसंचार प्राधिकरण, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, शहरी विकास तथा भवन निर्माण विभाग, समुदायमा आधारित संगठनहरु, गैर सरकारी संस्थाहरु र मिडिया |
| संघीय, प्रादेशिक र स्थानिय तहमा विपद् जोखिम सूचना साझेदारी गर्न संचार तथा प्रसार रणनीति र कार्यविधि तयार पार्ने (जोखिम सूचना प्रसारित गर्न मोबाईल एप्स, वेबसाईट, एसएमएस, रेडियो र टेलिभिजन जस्ता प्रविधिको प्रयोग सहित) | सबै तहमा विपद् जोखिम सूचनाको प्रभावकारी संचार र प्रसार हुनेछ | अल्पकालिन | सूचना तथा संचार मन्त्रालय, नेपाल दुरसंचार प्राधिकरण, गृह मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| महिला, वृद्ध वृद्धा, बालबालिका, अपाङ्ग, | महिला, वृद्ध, बालबालिका, अपाङ्ग, | अल्पकालिन | सूचना तथा संचार मन्त्रालय, नेपाल दुरसंचार प्राधिकरण, |

| | | | |
|---|---|---|---|
| विद्यार्थी र अन्य सङ्कटासन्न समूहसँग जोखिम सूचना साझेदारी गर्न संचार तथा प्रसार रणनीति र कार्यविधि तयार गर्ने | विद्यार्थी र अन्य सङ्कटासन्न समूहसँग जोखिम सूचना साझेदारी हुनेछ | | गृह मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| संघीय, प्रादेशिक तथा स्थानिय तहमा आधिकारिक, खुला, भौगोलिक सूचना प्रणालीमा आधारित विपद् जोखिम सूचना व्यवस्थापन प्रणालीको स्थापना गर्ने | सबै तहमा विपद् जोखिम जानकारीको लागि विपद् जोखिम सूचना ब्यवस्थापन प्रणाली उपलब्ध हुनेछ | मध्यकालिन | गृह मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| विपद् जोखिम जानकारी साझेदारितामा द्विपक्षीय, क्षेत्रीय र अन्तरराष्ट्रिय सहयोगलाई बढावा दिने | सीमा वार पार जोखिम सूचना उपलब्ध हुनेछ | दीर्घकालिन | गृह मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, परराष्ट्र मन्त्रालय |

## ४.४ विपद् जोखिम ज्ञानका लागि क्षमता अभिवृद्धि

नेपालमा विपद् जोखिम ज्ञानका लागि क्षमता अभिवृद्धि गर्न विभिन्न अध्यापन, अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमहरु गर्नु पर्ने आवश्यकता छ । विद्यमान प्रशिक्षण केन्द्रहरुका क्षमता अभिबृद्धि गर्ने र संघदेखि स्थानिय स्तरसम्म विपद् जोखिम न्यूनीकरण प्रशिक्षण र अनुसन्धान केन्द्रहरु स्थापना गर्ने आवश्यकता छ ।  यसका लागि निम्न रणनीतिक क्रियाकलापहरु प्रस्ताव गरिएका छन् ।

| **रणनीतिक क्रियाकलाप** | **अपेक्षित परिणाम** | **समयावधि** | **जिम्मेवार निकाय** |
|---|---|---|---|
| विद्यालयदेखि विश्वविद्यालय सम्मको पाठ्यक्रममा विपद् | नागरिक बीच विपद् जोखिम बुझाईमा वृद्धि हुनेछ | अल्पकालिन | शिक्षा मन्त्रालय, विश्वविद्यालयहरु |

| | | | |
|---|---|---|---|
| जोखिम न्यूनीकरण र प्रतिकार्य सम्वन्धी विभिन्न पक्षमा विधागत, विषयगत र अन्तर-विधागत पाठ्यक्रम निर्माण गरी अध्यापन र अनुसन्धान प्रणालीलाई संस्थागत गर्ने | | | |
| दलित, महिला, बालबालिका, वृद्ध वृद्धा, अपाङ्ग, सङ्कटासन्न समुदायहरू र सम्पूर्ण सरोकारवालाहरूका लागि विपद् जोखिम न्यूनीकरण सम्बन्धी पाठ्यक्रमको विकास गरी प्रशिक्षण कार्यक्रमहरू संचालन गर्ने | सङ्कटासन्न समुदायहरू र सरोकारवालाहरूको विपद् जोखिम बुझाईमा वृद्धि हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| विद्यार्थी, अविभावक, शिक्षक, स्वास्थ्यकर्मी, खानेपानी सेवा प्रदायक, सामुदायिक संस्था तथा उपभोक्ताहरूका लागि विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा खेल्नुपर्ने भूमिकाबारे जानकारीमूलक सामग्री बनाई प्रचारप्रसार गर्ने, तालिम प्रदान गर्ने र विभिन्न तहमा अनुभवको आदानप्रदान गर्ने । | विद्यार्थी, अविभावक, शिक्षक, स्वास्थ्यकर्मी, खानेपानी सेवा प्रदायक, सामुदायिक संस्था तथा उपभोक्ताहरूको विपद् जोखिम बुझाईमा वृद्धि हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, समुदायमा आधारित संघ संस्था, गैर-सरकारी सङ्गठनहरु |
| राजनैतिक दल, निर्वाचित जन प्रतिनिधि, विषयगत निकायका सम्पर्क व्यक्ति, विपद जोखिम व्यवस्थापन | विपद् जोखिम न्यूनीकरण सम्बन्धि कानूनी तथा नियामक व्यवस्था बारे ब्यापक | अल्पकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |

| | | | |
|---|---|---|---|
| क्षेत्रमा कार्यरत संघ संस्थाहरुलाई विपद् जोखिम न्यूनीकरण ऐन, नियम, नीति, रणनीतिक कार्ययोजनाबारे अभिमुखिकरण गर्ने | जानबारी हुनेछ | | |
| विपद् जोखिम न्यूनीकरण सम्बन्धमा सचेतना जगाउने कार्यक्रमहरूको विकास तथा संचालन गर्नका लागि समुदायमा आधारित संघ संस्था, गैर-सरकारी सङ्गठन तथा अन्य सरोकारवालाहरूसँग सहकार्य गर्ने | विपद् जोखिम सम्बन्धी चेतना अभिबृद्धिमा ब्यापक सहकार्य हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, समुदायमा आधारित संघ संस्था, गैर-सरकारी सङ्गठन तथा अन्य सरोकारवालाहरू |
| व्यापारी, व्यवसायी र उद्यमीहरुलाई विपद् जोखिम न्यूनीकरण बारे प्रशिक्षण दिई उनीहरुको जवाफदेहिता, सहभागिता र जिम्मेवारीवोध बढाउँने | निजी क्षेत्र विपद् जोखिम बारे जानकार भई जिम्मेवार हुने | अल्पकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, उद्योग मन्त्रालय, नेपाल उद्योग वाणिज्य महासंघ |
| विपद् जोखिम सम्बन्धी चेतना तथा प्रशिक्षणका लागि विस्तृत राष्ट्रिय कार्यक्रमको विकास गरी संचालन गर्ने | विपद् जोखिम सम्बन्धी चेतना अभिबृद्धि हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| विद्यमान प्रशिक्षण केन्द्रहरुका क्षमता सुदृढीकरण गर्ने | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षमता सुदृढ हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, शहरी विकास मन्त्रालय, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल |
| संघ, प्रदेश तथा स्थानिय | विपद् जोखिम | मध्यकालिन | गृह मन्त्रालय, शहरी विकास |

| | | | |
|---|---|---|---|
| स्तरमा विपद् जोखिम न्यूनीकरण प्रशिक्षण तथा अनुसन्धान केन्द्रहरु स्थापना गर्ने | न्यूनीकरण तथा व्यवस्थापन क्षमता बृद्धि हुनेछ | | मन्त्रालय, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| संघीय, प्रादेशिक र स्थानिय तहमा प्रकोप, सङ्कटासन्नता तथा जोखिम आँकलन, व्याख्या र समय समयमा अद्यावधिक गर्ने, जोखिम संवेदनशील भू-उपयोग योजना तयारी, विपद् प्रभाव मूल्याङ्कन सम्वन्धमा सरोकारवाला र पेशाकर्मीहरूको क्षमता अभिवृद्धि कार्यक्रम गर्ने | जोखिम आँकलन, व्याख्या र अद्यावधिकमा क्षमता सुदृढ हुनेछ | दीर्घकालिन | गृह मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग, खानी तथा भूगर्भ विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, जल तथा ऊर्जा आयोग सचिवालय, भू तथा जलाधार संरक्षण विभाग, विषयगत मन्त्रालयहरु, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, विश्वविद्यालयहरु, अनुसन्धान केन्द्रहरु |
| विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलनका सवाल, समस्या र समाधान माथि अनुसन्धान र विकास गर्ने | विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलनका लागि नयाँ प्रविधि तथा प्रणालीको बिकास भएको हुनेछ | दीर्घकालिन | विश्वविद्यालय, ईन्जिनियरिङ्ग अध्ययन संस्थान, शहरी विकास तथा भवन निर्माण विभाग, जलउत्पन्न प्रकोप व्यवथापन विभाग, जनसंख्या तथा वातावरण मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग |

# अध्याय ५: प्राथमिकताप्राप्त क्षेत्र २ - प्रत्येक विषयगत क्षेत्र तथा संघीय, प्रादेशिक र स्थानिय तहका लागि विपद् जोखिम व्यवस्थापन गर्न विपद् जोखिम शासनको सशक्तिकरण

विपद् जोखिम शासनको सशक्तिकरणलाई जोखिम बुझ्ने, न्यूनीकरण गर्ने तथा व्यवस्थापन गर्ने प्रयासको जगको रुपमा मानिन्छ । विपद् जोखिम शासनले विपद् जोखिम व्यवस्थापन तथा न्यूनीकरणमा नागरिकका आफ्ना चासो व्यक्त गर्न, आफ्ना कानूनी अधिकार र दायित्व बारे अभ्यास गर्न र आफ्ना मतभेद मध्यस्थता गर्नका लागि संस्थाहरु, नीतिगत व्यवस्था, संयन्त्र र प्रक्रियाहरूको  व्यवस्था गर्दछ । यसले विपद्बाट बच्न, तयारी गर्न, व्यवस्थापन गर्न र पुनर्लाभ प्राप्त गर्न क्षमता तथा स्रोत साधनहरु पर्याप्त मात्रामा उपलब्ध छन् भन्ने सुनिश्चित गर्दछ । विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ कार्यढाँचाले विभिन्न तहमा विपद् जोखिम शासनको पहिचान गरेको छ जसले विपद् जोखिमको प्रभावकारी तथा कुशल व्यवस्थापनको लागि ठूलो महत्व राख्छ । यसको लागि सबै क्षेत्रमा स्पष्ट दृष्टि, योजना, सामर्थ्य, निर्देशन र समन्वयका साथै सम्बन्धित सरोकारवालाहरुको सहभागिता पनि आवश्यक पर्छ । विपद् जोखिम न्यूनीकरण तथा दिगो विकास कार्यान्वयनको लागि सहयोग र साझेदारीलाई बढावा दिन विपद् जोखिम शासनको सुदृढीकरण आवश्यक छ । सेन्डाइ कार्यढाँचाले विपद् जोखिम शासन सुदृढ बनाउन निम्न कुराहरुमा जोड दिएको छ:

(क) सबै क्षेत्रमा विपद् जोखिम न्यूनीकरणलाई एकीकृत र मूलप्रवाहीकरण गर्ने तथा सम्बन्धित कानून, नियम र सार्वजनिक नीतिहरूको एकरुपता कायम तथा विकास गर्ने । कानूनी संरचना मार्फत सार्वजनिक तथा निजी क्षेत्रहरुको भूमिका र जिम्मेवारीलाई मार्गदर्शन गर्ने । सार्वजनिक स्वामित्वको व्यवस्थित वा विनियमित सेवा तथा पूर्वाधारहरुमा विपद् जोखिमलाई सम्बोधन गर्ने । व्यक्ति, परिवार, समुदाय र व्यवसायका कार्यहरुलाई प्रोत्साहन गर्ने । विपद् जोखिम पारदर्शिताको लागि सम्बन्धित संयन्त्र तथा पहललाई बढावा दिने । समन्वयात्मक र संगठनात्मक संरचना स्थापना गर्ने ।

(ख) सबै तहहरुमा (स्थानीय देखि संघीयस्तर) र समयावधिमा विपद् जोखिम न्यूनीकरण रणनीति तथा कार्ययोजना अवलम्बन र कार्यान्वयन गर्ने ।

(ग) विभिन्न तहमा पहिचान गरिएका जोखिम सामना गर्न प्राविधिक, वित्तीय र प्रशासनिक रुपमा विपद् जोखिम व्यवस्थापन क्षमताको आँकलन गर्ने ।

(घ) विषयगत क्षेत्रका नियम र कानूनको सुरक्षा बढाउने प्रावधानहरु जस्तै भूउपयोग, शहरी योजना, भवन संहिता, पर्यावरण, स्रोत व्यवस्थापन, स्वास्थ्य र सुरक्षा स्तर सम्बोधन आदिको उच्च स्तरको पालना सुनिश्चित गर्न आवश्यक संयन्त्र र प्रोत्साहनलाई बढावा दिने र उत्तम विपद् जोखिम व्यवस्थापनका लागि आवश्यकता अनुसार अद्यावधिक गर्ने ।

(ङ) विभिन्न विपद् व्यवस्थापन योजनामा प्रगतिको समय समयमा समीक्षा तथा लेखाजोखा गर्न संयन्त्र विकास गर्ने र सुदृढ बनाउने साथै विपद् जोखिम न्यूनीकरण योजना सम्बन्धमा सांसदहरु र सम्बन्धित अधिकारीहरु सहित संस्थागत बहसलाई प्रोत्साहन गर्ने ।

(च) विपद् जोखिम व्यवस्थापन संगठन र प्रक्रिया भित्र रहेर समुदायका प्रतिनिधिहरुलाई स्पष्ट भूमिका र कार्य तथा सम्बद्ध कानूनी संरचना मार्फत निर्णयका लागि जिम्मेवारी सुम्पने । यस्ता नियम कानूनको तयारी तथा कार्यान्वयनमा सहयोग गर्न व्यापक सार्वजनिक तथा सामुदायिक परामर्श लिने ।

(छ) संघीय तथा स्थानीय तहमा सम्बद्ध सरोकारवालाहरुबाट बनेको सरकारी समन्वय मञ्चहरूको स्थापना गर्ने र सुदृढ बनाउने, जस्तै विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय तथा स्थानीय मञ्चहरू ।

(ज) स्थानीय स्तरमा विपद् जोखिम व्यवस्थापनमा नागरिक समाज, समुदाय, आदिवासी र आप्रवासीसँग काम र समन्वय गर्न नियामक तथा वित्तीय संयन्त्र मार्फत यथोचित रुपले स्थानीय अधिकारीहरुलाई सशक्त बनाउने ।

(झ) विपद् जोखिम न्यूनीकरणका लागि सम्बद्ध कानूनको तयारी वा संशोधन गर्न तथा बजेटको व्यवस्था गर्न सभासदहरुसँग काम गर्ने ।

(ञ) निजी क्षेत्र, नागरिक समाज, व्यावसायिक संस्थाहरु, वैज्ञानिक संस्थाहरु र संयुक्त राष्ट्र संघ सँगको सहभागितामा विपद् जोखिम व्यवस्थापनका लागि गुणस्तर विकासमा बढावा दिने, जस्तै कदरपत्र र पुरस्कारको व्यवस्था ।

(ट) विपद् जोखिम क्षेत्रहरुका मानव बस्तिहरुमा विपद् नियन्त्रण तथा स्थानान्तरण मुद्दाहरु सम्बोधन गर्न सम्बन्धित सार्वजनिक नीति र नियम तयार गर्ने ।

यस प्राथमिकताप्राप्त क्षेत्रको कार्यान्वयनले विषयगत क्षेत्रहरु, सामाजिक र आर्थिक विकास योजना प्रक्रिया तथा अभ्यासहरुमा विद्यमान जोखिम कम गर्न र नयाँ जोखिम वा क्षति हुन नदिन जलवायु परिवर्तन र विपद् जोखिमलाई एकीकृत रुपमा सफलतापूर्वक कम गर्न सहयोग पुऱ्याउँछ । यस प्राथमिकता क्षेत्रले कम जोखिम क्षेत्रहरुमा सुरक्षित विकासका लागि प्रोत्साहन र उच्च जोखिम क्षेत्रहरुमा निरुत्साहित गरि उत्थानशीलता विकासमा योगदान दिनेछ ।

यसको लागि विकास परियोजनामा एकीकृत विपद् तथा जलवायु जोखिम परीक्षण विधिको विकास गरिनेछ । यी विधिहरुले सबै परियोजनाहरू प्राकृतिक प्रकोपबाट पर्याप्त मात्रामा सुरक्षित छन् र तिनीहरूले नयाँ प्रकारका विपद् जोखिम सिर्जना गर्दैनन् वा विद्यमान जोखिमलाई बढाउँदैनन् भन्ने सुनिश्चित गर्न सहयोग पुऱ्याउँने छन् । तिनीहरू विकास परियोजनामा विपद् तथा जलवायु जोखिम विश्लेषण गर्ने व्यवस्थित पद्दति प्रवर्द्धन गर्ने उद्देश्यले अभिप्रेरित हुनेछन् ।

नेपाल विश्वमा सबैभन्दा कम शहरीकरण भएको तर द्रुत गतिमा शहरीकरण भइरहेका देशहरुमध्ये एक हो । शहरी क्षेत्रमा विपद् जोखिम कम गर्न भवन निर्माण संहितालाई समय सापेक्ष अद्यावधिक र

कार्यान्वयन गर्नु जरुरी छ । साथै शहरी विकास योजनाहरुमा ढल निकाश प्रणालीको अनिवार्य व्यवस्था गर्नु पर्दछ ।

नेपालमा विपद् जोखिम शासनको नेतृत्व मुख्य रुपमा गृहमन्त्रालयले नै गर्ने गरेको छ । विपद् जोखिम न्यूनीकरण गर्न राष्ट्रिय कार्यक्रमहरू तर्जुमा एवं सरोकारवालाहरूलाई प्रोत्साहन तथा मार्गदर्शन गर्ने प्रणालीको स्थापना गरी संघदेखि स्थानीय तहसम्म विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई सम्बोधन गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम जिम्मेवार निकायहरूको स्थापना र सुदृढीकरण गर्न जरुरी देखिएको छ । विपद् जोखिम व्यवस्थापनसम्बन्धी कानुन तथा नीतिलाई समयसापेक्ष परिमार्जन गर्नुपर्ने आवश्यकता छ । सबै तहमा आपत्कालीन प्रतिकार्य योजनाको तर्जुमा तथा क्षमताको अभिवृद्धि तत्काल गर्नु जरुरी छ ।

उक्त कमीकमजोरीहरुलाई सम्बोधन गरि नेपालमा विपद् जोखिम शासन सुदृढ गर्न यस प्राथमिकताप्राप्त क्षेत्र अन्तर्गत निम्न बमोजिमका प्राथमिकता प्राप्त कार्यहरु प्रस्ताव गरिएका छन् ।

क) संस्थागत संरचनाहरुको स्थापना एवं सुदृढीकरण

ख) कानूनी र नियामक संरचनाको विकास

ग) विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारी

घ) विपद् जोखिम न्यूनीकरणमा समावेशी शासनको सुनिश्चितता

## ५.१ संस्थागत संरचनाहरुको स्थापना एवं सुदृढीकरण

गृह मन्त्रालय अन्तर्गत मौजुदा विपद् व्यवस्थापन महाशाखाको सीमित संरचनाले विपद् जोखिमको बढ्दो कामको चाप थेग्न चुनौतिपूर्ण भैरहेको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम विपद् जोखिम न्यूनीकरणको लागि अधिकार सम्पन्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण स्थापना र विषयगत मन्त्रालय तथा विभागहरुको संगठनात्मक पुनर्संरचना र सुदृढीकरण गर्नु पर्ने आवश्यकता छ । संविधानले स्थानीय तहलाई पर्याप्त अधिकार प्रत्यायोजन गरेको सन्दर्भमा विपद् जोखिम शासन संरचनामा पनि स्थानीय तहलाई बढी जिम्मेवार बनाउँदै लानु पर्ने देखिएको छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरु प्रस्ताव गरिएका छन् ।

| **रणनीतिक क्रियाकलाप** | **अपेक्षित परिणाम** | **समयावधि** | **जिम्मेवार निकाय** |
|---|---|---|---|
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण स्थापना | विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्यका लागि | अल्पकालिन | गृह मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय, सामान्य प्रशासन मन्त्रालय, अर्थ |

| | | | |
|---|---|---|---|
| गर्ने | प्रभावकारी संस्थागत व्यवस्था हुनेछ | | मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| विपद् जोखिम शासनमा स्थानीय तहको संस्थागत संरचना विकास गर्न समयबद्ध कार्ययोजना बनाई लागू गर्ने | विपद् जोखिम शासनमा स्थानीय तहको संस्थागत संरचना र कार्यक्षमताको विकास हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शहरी विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| प्रत्येक क्षेत्रमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अवधारणा एकीकृत र कार्यान्वयन गर्नको लागि संघीय, प्रादेशिक तथा स्थानिय तहमा समन्वय संयन्त्र स्थापना गर्ने | प्रत्येक क्षेत्रमा स्पष्ट जिम्मेवारी सहित समन्वय संयन्त्र हुनेछ | अल्पकालिन | प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय, राष्ट्रिय योजना आयोग, विषयगत मन्त्रालयहरु |
| विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकुलन र वातावरण संरक्षणका कार्यहरुलाई एकीकृत रुपले कार्यान्वयन गर्नको लागि गृह, वन तथा भू-संरक्षण र जनसंख्या तथा वातावरण मन्त्रालयहरुका प्रतिनिधी रहेको समन्वय संयन्त्र स्थापना गर्ने | विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकुलन र वातावरण संरक्षणका कार्यहरु एकीकृत रुपले कार्यान्वयन हुनेछन् | अल्पकालिन | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद, कार्यकारी समिती, गृह मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय, जनसंख्या तथा वातावरण मन्त्रालय |
| विद्यमान जोखिमयुक्त सार्वजनिक सेवा, जीविकोपार्जनका साधनहरु तथा भौतिक पूर्वाधारहरु ( | पूर्वाधारहरु प्रबलीकरणमा वित्तीय व्यवस्था र उत्तरदायित्व | अल्पकालिन | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग |

| | | | |
|---|---|---|---|
| सार्वजनिक र निजी भवनहरू, हाइड्रोलिक संरचना, शहरी पूर्वाधारहरू, विद्यालय र अस्पताल, रंगशाला, थिएटरहरू, सपिंग मल आदि) को प्रबलीकरणको लागि विशेष कोष र अनुगमन संयन्त्र स्थापना गर्ने | स्थापित हुनेछ | | |
| विषयगत मन्त्रालयहरु तथा विभागहरुमा विपद् जोखिम सम्बन्धि निश्चित जिम्मेवार (Focal) व्यक्ति, शाखा वा महाशाखा तोक्ने | प्रत्येक विषयगत मन्त्रालय र विभागमा विपद् जोखिम न्यूनीकरणका लागि समर्पित केन्द्रीय एकाइ उपलब्ध हुनेछ | अल्पकालिन | प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय, राष्ट्रिय योजना आयोग, विषयगत मन्त्रालयहरु |
| विद्यालय तथा अस्पातलहरुमा विपद् जोखिम व्यवस्थापन समिति स्थापना गर्ने | विद्यालय तथा अस्पातलहरुमा प्रभावकारी विपद् जोखिम व्यवस्थापन हुनेछ | अल्पकालिन | शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| सबै प्रदेश, गाउँपालिका तथा नगरपालिकाहरुमा विपद् जोखिम व्यवस्थापन समिति तथा आपत्कालिन कार्य सञ्चालन केन्द्र स्थापना गर्ने | स्थानीय तहमा प्रभावकारी विपद् पूर्वतयारी तथा आपत्कालिन प्रतिकार्य हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| सबै प्रदेश, गाउँपालिका तथा नगरपालिकाहरुमा स्वास्थ्य आपत्कालिन कार्य सञ्चालन | स्थानीय तहमा प्रभावकारी आपत्कालिन | अल्पकालिन | स्वास्थ्य मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा |

| | | | |
|---|---|---|---|
| केन्द्र स्थापना गर्ने | स्वास्थ्य सेवा उपलब्ध हुनेछ | | नगरपालिकाहरु |
| विपद् जोखिम न्यूनीकरणमा प्रत्यक्ष संलग्न प्रमुख विभागहरु तथा मन्त्रालयहरुको विपद् जोखिम न्यूनिकरण तथा व्यस्थापन सम्वन्धि संगठनात्मक संरचना सुधार तथा सुदृढीकरण गर्ने | विपद् जोखिम न्यूनीकरणका लागि प्रभावकारी संस्थागत व्यवस्था हुनेछ | अल्पकालिन | जल तथा मौसम विज्ञान विभाग, खानी तथा भूगर्भ विज्ञान विभाग, भू तथा जलाधार संरक्षण विभाग, शहरी विकास तथा भवन निर्माण विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, गृह मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय, सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय |

## ५.२ कानूनी र नियामक संरचनाको विकास

दैवी प्रकोप (उद्धार) ऐन, २०३९ तथा अन्य प्रचलित कानुनले विपद् जोखिम व्यवस्थापनको बहुआयामिकतालाई समसामयिक रूपमा सम्बोधन गर्न नसकेको हुनाले विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, नीजि तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं सास्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित प्रचलित कानूनलाई संशोधन र एकीकरण गरी व्यवस्थापिका-संसदले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बनाएको छ । यस ऐनको कार्यान्वयनका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली तयार गर्नु पर्ने आवश्यकता छ । विपद् जोखिम न्यूनीकरणको लागि विभिन्न विषयगत क्षेत्रसँग सम्बन्धित कानूनी र नियामक संरचनाहरुको विकास गर्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरु प्रस्ताव गरिएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को | विपद् जोखिम न्यूनीकरण तथा | अल्पकालिन | गृह मन्त्रालय, विषयगत |

| | | | |
|---|---|---|---|
| प्रभावकारी कार्यान्वयन गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली तयार गर्ने | व्यवस्थापन शासन व्यवस्थित र सुदृढ हुनेछ | | मन्त्रालयहरु |
| सबै प्रदेशहरु र स्थानिय तहहरुले विपद् जोखिम न्यूनीकरण कार्ययोजना तयार गर्ने | प्रादेशिक र स्थानिय तहमा प्रभावकारी विपद् जोखिम न्यूनीकरण हुनेछ | अल्पकालिन | प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| भवन निर्माण ऐन अद्यावधिक गरी लागू गर्ने, शहरी तथा ग्रामीण क्षेत्रहरुको लागि भवन संहिता परिमार्जन गर्ने र सबै गाउँ तथा नगरपालिकाका लागि भवन निर्माण विनियम बनाउने | बाढी र भूकम्प प्रतिरोधी भवन निर्माण हुनेछ | अल्पकालिन | शहरी विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| पूर्वाधार योजना डिजाइन र निर्माणका लागि विद्यमान मापदण्डहरू र मानकहरू ( राष्ट्रिय भवन संहिता, भूकम्प कोड, योजना नर्म्स) को पुनरावलोकन र परिमार्जन गर्ने | पूर्वाधार योजना डिजाइन र निर्माणका लागि परिष्कृत कोड, मानक, निर्देशिका आदि तयार भएको हुनेछ | अल्पकालिन | विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरु, विषयगत मन्त्रालय तथा विभागहरू |
| जोखिमयुक्त पूर्वाधारहरु ( आवासीय भवन, होटेल, अपार्टमेन्ट, औद्योगिक भवन, ऐतिहासिक तथा सांस्कृतिक सम्पदा, विद्यालय, अस्पताल, सामुदायिक भवन, आश्रयस्थल आदि) प्रबलीकरण | जोखिमयुक्त पूर्वाधारहरुको विपद् जोखिम न्यूनीकरणको लागि प्रबलीकरण निर्देशिका उपलब्ध | अल्पकालिन | शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, विश्वविद्यालय, ईन्जिनियरिङ्ग अध्ययन संस्थान |

| | | | |
|---|---|---|---|
| (Retrofitting) को लागि निर्देशिका तयार गर्ने | हुनेछ | | |
| क्षेत्रगत विकास योजनाहरुमा विपद् जोखिम न्यूनीकरण मूलप्रवाहीकरण गर्न निर्देशिका तयार गर्ने | विकास योजना तथा कार्यक्रममा विपद् जोखिम न्यूनीकरण एकीकृत हुनेछ | अल्पकालिन | राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, विषयगत मन्त्रालयहरु |
| वातावरण संरक्षण ऐन तथा वातावरण प्रभाव मूल्याङ्कन निर्देशिकामा विपद् जोखिम प्रभाव मूल्याङ्कनलाई समावेश गर्ने | विकास आयोजनाहरुमा विपद् जोखिम प्रभावको जानकारी हुनेछ | अल्पकालिन | जनसंख्या तथा वातावरण मन्त्रालय |
| प्रमुख परियोजनाहरुको छनौटका लागि विपद् र जलवायु परिवर्तन जोखिम सम्वन्धी ज्ञानहरुको आधारमा विकास आयोजनाहरुको प्रारम्भिक र विस्तृत जोखिम मूल्यांकन कार्यढाँचा तयार गरि निर्देशिकाहरूमा समावेश गर्ने | प्रमुख आयोजनाहरुमा जलवायु र विपद् जोखिम प्रतिरोधी प्रविधी समावेश हुनेछ | अल्पकालिन | राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, विषयगत मन्त्रालयहरु |
| प्राकृतिक स्रोत व्यवस्थापन सम्वन्धी विभिन्न कार्यक्रम र कार्ययोजनाहरुमा विपद् जोखिम न्यूनीकरण समावेश गर्ने | प्राकृतिक स्रोत व्यवस्थापन सम्वन्धी विभिन्न कार्यक्रम र कार्ययोजनाहरुमा विपद् जोखिम न्यूनीकरण समावेश हुने | अल्पकालिन | वन तथा भूसंरक्षण मन्त्रालय,<br>जनसंख्या तथा वातावरण मन्त्रालय,<br>संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |

| | | | |
|---|---|---|---|
| विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा विशेष योगदान पुऱ्याउँने कर्मचारीहरुलाई पुरस्कृत गर्ने प्रणाली विकास गर्ने | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि कर्मचारीहरुको कार्य सम्पादनमा सुधार हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| स्थानीय तहमा आपत्कालिन कोष तथा खाद्य बैंकका लागि नियमावली र कार्य संचालन विधि तयार गर्ने | सामुदायिक आपत्कालिन कोष र खाद्य बैंकका लागि जवाफदेहिता स्थापना हुनेछ | अल्पकालिन | प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| सङ्कटासन्न समूहको सुरक्षाको लागि र आपत्कालिन स्थितीमा लैङ्गिक हिंसा रोकथाम गर्न निर्देशिका तयार र कार्यान्वयन गर्ने | आपत्कालिन स्थितीमा सङ्कटासन्न समूहको सुरक्षा र लैङ्गिक हिंसा रोकथाम हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| विपद् प्रतिकार्यमा समुदाय तहमा स्वयंसेवक परिचालनका लागि निर्देशिका बनाई लागु गर्ने | विपदको समयमा स्वयंसेवक परिचालन सहज हुनेछ | अल्पकालिन | संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ, पुनर्निर्माण तथा पुनर्स्थापनाको लागि गैरसरकारी संस्थाको परिचालन सम्बन्धी कार्यविधि परिमार्जन गर्ने | विपद् व्यवस्थापनमा गैरसरकारी संस्थाको परिचालन प्रभावकारी र पारदर्शी हुने | अल्पकालिन | गृह मन्त्रालय |

| | | | |
|---|---|---|---|
| विपद्को समयमा भग्नावशेष र विभिन्न फोहर व्यवस्थापनको लागि आवश्यक निर्देशिका बनाउँने | विपद्को समयमा भग्नावशेष र फोहर व्यवस्थित हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| राष्ट्रिय आपत्कालिन कार्यसंचालन केन्द्रको कार्यसंचालन विधी परिमार्जन गर्ने तथा प्रादेशिक र स्थानिय तहका आपत्कालिन कार्यसंचालन केन्द्रहरुको कार्यसंचालन विधी तयार गर्ने | आपत्कालिन कार्यसंचालन केन्द्रहरुको कार्यसंचालन विधी अद्यावधिक हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| प्रादेशिक र स्थानिय तहका स्वास्थ्य आपत्कालिन कार्यसंचालन केन्द्रहरुको कार्यसंचालन विधी तयार गर्ने | प्रादेशिक र स्थानिय तहमा स्वास्थ्य आपत्कालिन कार्यसंचालन केन्द्रहरुको कार्यसंचालन विधी उपलब्ध हुनेछ | अल्पकालिन | स्वास्थ्य मन्त्रालय, संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| विपद् पश्चातको खोज र उद्दारलाई प्रभावकारी बनाउन मापदण्ड विकास गरी निर्देशिका बनाउने | खोज र उद्दार कार्य प्रभावकारी हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, सशस्त्र प्रहरी वल, नेपाली सेना, नेपाल प्रहरी |
| प्रादेशिक, स्थानिय र सामुदायिक विपद् व्यवस्थापन समितीका लागि स्थानीय विपद् जोखिम व्यवस्थापन कार्यसंचालन विधि तयार र | स्थानीय तहमा प्रभावकारी विपद् पूर्वतयारी तथा आपत्कालिन | अल्पकालिन | जिल्ला दैवी प्रकोप उद्धार समिति, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |

| | | | |
|---|---|---|---|
| नियमित अद्यावधिक गर्ने | प्रतिकार्य हुनेछ | | |
| स्थानीय तहका विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन कार्यविधि र निर्देशिकाहरुको (CAPA, LDRMP, LAPA, DPRP) एकीकृत निर्देशिका तयार गर्ने | स्थानीय तहमा विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलनका लागि एकीकृत कार्यविधि उपलब्ध हुनेछ | अल्पकालिन | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, वातावरण मन्त्रालय, गृह मन्त्रालय |
| विपद् जोखिम न्यूनिकरणका लागि नयाँ प्रविधिहरू समाविष्ट पूर्वाधारको डिजाइन गर्न नयाँ कोडहरू र मानकहरूको विकास गर्ने | नयाँ कोड, मानक र प्रविधि तयार भएको हुनेछ | मध्यकालिन | विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरु, पुर्वाधार सम्वन्धित मन्त्रालय तथा विभागहरू |
| जोखिम आँकलनको आधारमा प्रमुख नदी बेसिनमा नदी व्यवस्थापन र जलाधार संरक्षणको लागि गुरुयोजना तयार गर्ने | जल उत्पन्न प्रकोप जोखिम न्यूनीकरण हुनेछ | मध्यकालिन | जल तथा ऊर्जा आयोगको सचिवालय, सिंचाई मन्त्रालय, ऊर्जा मन्त्रालय |
| हरित पूर्वाधार र पारिस्थितिकी प्रणालीमा आधारित अनुकुलन (Ecosystem Based Adaptation) मार्फत विपद् जोखिम न्यूनीकरणका लागि मार्गदर्शन तयार गर्ने | हरित पूर्वाधार र पारिस्थितिकी प्रणालीमा आधारित अनुकुलन मार्फत विपद् जोखिम न्यूनीकरण हुनेछ | मध्यकालिन | जनसंख्या तथा बातावरण मन्त्रालय, गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शहरी विकास मन्त्रालय, विषयगत मन्त्रालयहरु |
| बाढी जोखिम कम गर्न हाइड्रोलिक संरचना डिजाइन निर्देशिका र मार्गदर्शन तयार | बाढी जोखिम कम गर्न बलियो हाइड्रोलिक संरचना | मध्यकालिन | जल तथा ऊर्जा आयोगको सचिवालय, सिंचाई मन्त्रालय, ऊर्जा मन्त्रालय |

| | | | |
|---|---|---|---|
| गर्ने | निर्माण हुनेछ | | |
| जोखिम-संवेदनशील भूउपयोग योजना कार्यान्वयनको लागि विनियमन, प्रोत्साहन र निरुत्साहन व्यवस्था विकास गर्ने | सबै गाउँ तथा नगरपालिकाहरुले भविष्यमा बस्ती र उत्पादनमूलक प्रयोगका लागि उच्च, मध्यम तथा न्यून जोखिम क्षेत्रहरुको पहिचानको आधारमा योजना बनाउने छन् | मध्यकालिन | भूमि सुधार तथा व्यवस्थापन मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, शहरी विकास मन्त्रालय, गृह मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| निजी क्षेत्रहरुका व्यवस्थापन अभ्यासहरुमा विपद् जोखिम व्यवस्थापन एकीकृत गर्ने | निजी क्षेत्रले विपद् जोखिम व्यवस्थापन अवलम्बन गर्नेछ | मध्यकालिन | नेपाल उद्योग वाणिज्य महासंघ, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, उद्योग मन्त्रालय, वाणिज्य मन्त्रालय |
| विपद्को समयमा पशुपन्छी हेरचाह सम्बन्धि निर्देशिका तयार गर्ने | पशुपन्छी हेरचाह प्रभावकारी हुनेछ | मध्यकालिन | पशुपन्छी विकास मन्त्रालय, गृह मन्त्रालय |
| तातो हावाको लहर तथा शीतलहर व्यवस्थापन निर्देशिका तथा विधि तयार गर्ने | तातो हावाको लहर तथा शीतलहर व्यवस्थापन प्रभावकारी हुनेछ | दीर्घकालिन | गृह मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग, शहरी विकास मन्त्रालय |
| खडेरी व्यवस्थापन निर्देशिका तथा विधि तयार गर्ने | खडेरी व्यवस्थापन प्रभावकारी हुनेछ | दीर्घकालिन | कृषि विकास मन्त्रालय, गृह मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग |

## ५.३ विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारी

मुलुकको शासकीय संरचना संघीयतामा रुपान्तरण भएको अवस्थामा विपद् जोखिम व्यवस्थापनको शासन संरचनालाई संघीय ढाँचामा रुपान्तरण गर्दै संघीय, प्रादेशिक र स्थानीय साझेदारीको अवधारणा विकास गर्नु जरुरी छ । संघीय, प्रादेशिक र स्थानीय तहमा विपद् जोखिम शासनको क्षेत्रमा रहेको क्षमताको समिक्षा र मुल्यांकन गरी क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । छिमेकी देशहरुसँग विपद् जोखिम न्यूनीकरणमा सहकार्य बढाउनु आवश्यक छ । साथै विपद् जोखिम व्यवस्थापनमा संलग्न गैर सरकारी संस्थाहरु, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु र अनुसन्धान संस्थाहरुसँग सहकार्य र साझेदारी विकास गर्नु जरुरी छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरु प्रस्ताव गरिएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| संघीय, प्रादेशिक तथा स्थानिय तहमा विपद् जोखिम न्यूनीकरणमा शासकीय क्षमता पहिचान गरी क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गर्ने | विपद् जोखिम शासनमा क्षमता विकास हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| संघीय, प्रादेशिक तथा स्थानीय तहमा विपद् जोखिम न्यूनीकरणमा संलग्न सरकारी तथा गैर सरकारी निकायहरुको सञ्जाल स्थापना गर्ने | सबै तहमा सरोकारवालाहरुको व्यापक सहभागिता हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, गैर सरकारी संस्थाहरु, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु, अनुसन्धान संस्थाहरु |
| विपद् प्रभाव मूल्याङ्कन विधी सम्बन्धि तालिम संचालन गर्ने | विपद् प्रभाव मूल्याङ्कन गर्ने जनशक्तिको विकास भएको हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय, विषयगत मन्त्रालयहरु, प्रादेशिक |

| | | | |
|---|---|---|---|
| | | | सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु, विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरु |
| विपद् पूर्वतयारी सञ्जाल (Disaster Preparedness Network) लाई सुदृढ बनाउने र प्रादेशिक तथा स्थानीय तहमा विस्तार गर्ने | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा सरोकारवालाहरुको व्यापक सहभागिता हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, गैर सरकारी संस्थाहरु, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु, अनुसन्धान संस्थाहरु |
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु, विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरु, संयुक्त राष्ट्र संघ, दातृ निकायहरु तथा अन्य सरोकारवालाहरुसँग सहकार्य गर्ने | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा व्यापक सहकार्य हुनेछ | मध्यकालिन | गृह मन्त्रालय, विषयगत मन्त्रालयहरु, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु, विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरु, संयुक्त राष्ट्र संघ, दातृ निकायहरु तथा अन्य सरोकारवालाहरु |
| विपद् जोखिम व्यवस्थापनमा सीमापार तथा अन्तर्राष्ट्रिय सहयोग प्रवर्द्धन गर्ने | आसन्न विपद् बारे सीमा पारबाट जानकारी उपलब्ध हुनेछ | मध्यकालिन | प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय, परराष्ट्र मन्त्रालय, विषयगत मन्त्रालयहरु |

## ५.४ विपद् जोखिम न्यूनीकरणमा समावेशी शासनको सुनिश्चितता

दलित, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्ग र आर्थिक तथा सामाजिक रुपले सीमान्तकृत व्यक्तिहरु सबैभन्दा बढी जोखिममा रहेका र विपद्बाट सबैभन्दा बढी प्रभावित हुने गरेका छन् । विपद् जोखिम न्यूनिकरण र व्यवस्थापनका विभिन्न प्रक्रियामा यी समूहहरुको पहुँच, प्रतिनिधित्व र अर्थपूर्ण सहभागिता बृद्धि गरी समावेशी शासनको सुनिश्चितता गर्नुपर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरु प्रस्ताव गरिएका छन् ।

| **रणनीतिक क्रियाकलाप** | **अपेक्षित परिणाम** | **समयावधि** | **जिम्मेवार निकाय** |
|---|---|---|---|
| विपद् जोखिम व्यवस्थापनका सम्पूर्ण प्रक्रियाहरुमा लैङ्गिक संवेदनशील र समावेशी पद्धति लागु गर्ने | प्रत्येक क्षेत्रले लैङ्गिक संवेदनशील र समावेशी विपद् जोखिम व्यवस्थापन पद्धति अवलम्बन गरेको हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, र विषयगत मन्त्रालयहरु, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, गैर सरकारी संस्थाहरु |
| विपद्बाट बढी प्रभावित, उत्थानशीलता कमजोर भएका र संकटासन्नता बढी भएका विभिन्न सामाजिक समूहको विपद् शासनका काममा सहभागिता बढाउँदै उनीहरुको सशक्तिकरण र साझेदारीको प्रवर्द्धन गर्न विपद जोखिम सरोकार समूहहरु गठन गरी संस्थागत विकास गर्ने | समुदाय तहमा विपद् जोखिम सरोकार समूहहरुको स्थापना भई उनीहरुको सञ्जालीकरणबाट विपद् पीडित र जोखिम संकटासन्न व्यक्ति, परिवार र समुदायको सहभागिता सुनिश्चित हुनेछ | अल्पकालिन | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, गृह मन्त्रालय, राष्ट्रिय योजना आयोग, गाउँपालिका तथा नगरपालिकाहरु, गैर सरकारी संस्था महासंघ नेपाल, वन उपभोक्ता महासंघ नेपाल, खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ नेपाल, नेपाल रेडक्रस सोसाइटी |

| | | | |
|---|---|---|---|
| प्रत्येक तहका विपद् व्यवस्थापन समितिमा दलित, महिला, बालबालिका, वृद्ध वृद्धा, अपाङ्ग र सङ्कटासन्न समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न नीतिगत व्यवस्था गर्ने | दलित, महिला, बालबालिका, वृद्ध वृद्धा, अपाङ्ग र सङ्कटासन्न समुदायको उचित प्रतिनिधित्व हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र विषयगत मन्त्रालयहरु, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, गैर सरकारी संस्थाहरु |
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा प्रत्यक्ष संलग्न निकायहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण इकाई (GESI Unit) स्थापना गर्ने | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लागि संस्थागत व्यवस्था हुने | अल्पकालिन | गृह मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र विषयगत मन्त्रालयहरु, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, गैर सरकारी संस्थाहरु |
| प्रत्येक तह तथा क्षेत्रमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्ययोजना तयार गर्ने | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लागि कार्ययोजना उपलब्ध हुने | अल्पकालिन | गृह मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र विषयगत मन्त्रालयहरु, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, गैर सरकारी संस्थाहरु |
| स्थानीय तहमा विपद जोखिम व्यवस्थापनका कार्यक्रम र नीति निर्माणमा विपद् प्रभावित, संकटासन्न क्षेत्रका जनताको पहुँच, प्रतिनिधित्व र प्रभावकारी सहभागिताको प्रत्याभूति गर्ने | स्थानीय तहमा विपद जोखिम व्यवस्थापनका कार्यक्रम र नीति निर्माणमा विपद् प्रभावित, संकटासन्न क्षेत्रका जनताको प्रभावकारी | मध्यकालिन | गाउँपालिका तथा नगरपालिकाहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, गृह मन्त्रालय |

| | | | |
|---|---|---|---|
| | सहभागिता हुनेछ | | |
| समाजका सीमान्तकृत श्रेणीमा रहेका दलित, महिला, अपाङ्ग तथा सुविधाबाट वञ्चित समूह, बाल-बालिका तथा वृद्ध-वृद्धाहरूजस्ता अतिसङ्कटासन्न समूहहरूका लागि प्राथमिकताका आधारमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी विशेष कार्यक्रमहरूको विकास गरी संचालन गर्ने | दलित, महिला, बालबालिका, वृद्ध वृद्धा, अपाङ्ग र सङ्कटासन्न समुदायको विपद् जोखिम न्यूनीकरण हुनेछ | दीर्घकालिन | गृह मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र विषयगत मन्त्रालयहरु, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, गैर सरकारी संस्थाहरु |

# अध्याय ६: प्राथमिकताप्राप्त क्षेत्र ३ - उत्थानशीलताका लागि विस्तृत जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी मार्फत विपद् जोखिम न्यूनीकरण

व्यक्ति, समुदाय र मुलुककै भौतिक, आर्थिक, सामाजिक, स्वास्थ्य र सांस्कृतिक उत्थानशीलताको अभिवृद्धिका निमित्त संरचनात्मक र गैरसंरचनात्मक उपायहरु मार्फत विपद् जोखिम नियन्त्रण र न्यूनीकरणका लागि निजी र सार्वजनिक लगानी महत्वपूर्ण रही आएको छ । यस्तो लगानीले विपद् जोखिम न्यूनीकरण र उत्थानशीलताको प्रवर्द्धन मात्र होइन पूर्वाधार विकास, उत्पादन वृद्धि र रोजगारीको सिर्जना पनि गर्दछ। यस्ता उपायहरु विपद्पछिको स्थितिमा शीघ्र पुनर्लाभ र पुनःस्थापनाका दृष्टिले पनि महत्वपूर्ण हुन्छन् । वन जंगल, जलश्रोत तथा जमीन जस्ता सम्पदाहरुको संरक्षण र विद्यालयहरु, स्वास्थ्य सुविधाहरु, सरकारी तथा निजी पूर्वाधारहरु जस्ता संरचनागत सम्पदाहरुको प्रवलीकरणले विपद् उत्थानशीलता बृद्धि गर्छन् । जोखिम हिस्सेदारी, गरिवी निवारण, आय आर्जन र जीविकोपार्जनका उपायहरुको प्रवर्द्धन जोखिम न्यूनीकरण र उत्थानशीलताको प्रवर्द्धनका लागि महत्वपुर्ण मानिन्छन् ।

विपद् जोखिम वीमाको प्रचलन नेपालमा अझै शुरु भएको छैन् । जोखिम र क्षतिपूर्तिका क्षेत्रमा अन्यत्र प्रयोगमा आएका प्रणालीहरु (जस्तै-लघु बीमा, आरक्षित कोष, जोखिमको सामूहिकीकरण, जोखिम र लघुवित्त प्रणाली) नेपालमा प्रयोगमा आउन नसकेकाले गरीब र सीमान्तकृत परिवार र समूहहरु बढी जोखिम संकटासन्न छन् । विपद् उत्थानशीलता अभिबृद्धि गर्न विभिन्न प्रकारका वित्तीय संयन्त्रहरु, जस्तै बार्षिक बजेट विनियोजन, आकस्मिक कोष तथा बीमा संयन्त्र प्रयोग गर्न सकिन्छ ।

प्राथमिकताप्राप्त क्षेत्र ३ ले निम्न कुराहरु सम्बोधन गर्नेछः

(१) उत्थानशीलता बृद्धिमा लगानीद्वारा विद्यमान विपद् जोखिम कम गर्ने र

(२) विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक तथा निजी लगानी प्रवर्द्धन मार्फत भविष्यमा सिर्जना हुन सक्ने जोखिम नियन्त्रण गर्ने ।

यस प्राथमिकताप्राप्त क्षेत्र अन्तर्गत निम्न बमोजिमका प्राथमिकताप्राप्त कार्यहरु प्रस्ताव गरिएका छन्।

क) उत्थानशीलता बृद्धिमा लगानी प्रवर्द्धन

ख) विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि

ग) विपद् जोखिम न्यूनीकरणमा निजी लगानी प्रवर्द्धन

घ) जोखिम हिस्सेदारी, बीमा तथा सामाजिक सुरक्षा मार्फत विपद् उत्थानशीलता अभिबृद्धि

## ६.१ उत्थानशीलता बृद्धिमा लगानी प्रवर्द्धन

भौतिक पूर्वाधारहरु, शैक्षिक तथा स्वास्थ्य संरचनाहरु, प्राकृतिक श्रोतहरु, जीविकोपार्जनका उपाय र शीपहरु, उत्पादन कार्यमा प्रयोग हुने औजार, सम्पत्ति र लगानीहरु  हरेक विपद्बाट प्रभावित हुने गरेका छन् । गरीब, निमूखा, भूमिहीन, सीमान्तकृत, ज्याला मजदुरीमा आश्रित व्यक्ति र परिवारको जीविकोपार्जनलाई प्रत्येक प्रकोपले दीर्घकालीन रुपमा क्षति पुऱ्याएर नेपालमा विपद् सङ्कटासन्नतामा बृद्धि भैरहेको छ । सार्वजनिक सेवा, जीविकोपार्जनका साधनहरु तथा भौतिक पूर्वाधारहरुको निर्माण र प्रबलीकरणमा लगानी बृद्धि गरी उत्थानशीलता प्रबर्द्धन गर्न सकिन्छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरु प्रस्ताव गरिएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| महिला, बालबालिका तथा अन्य पिछडिएका समुदायहरुको रूचि तथा आवश्यकता बमोजिम उनीहरुको जीवनस्तर वृद्धि गर्नको लागि रोजगारी, सीप विकास तथा स्वास्थ्य सेवासँग सम्बन्धित कार्यक्रम तथा तालिमहरु सञ्चालन गर्ने | सङ्कटासन्न समुदायको विपद् उत्थानशीलता बृद्धि हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका  तथा नगरपालिकाहरु, गैर सरकारी संस्थाहरु, विकास साझेदार |
| विपद् जोखिम क्षेत्रका आर्थिक रुपले कमजोर, सीमान्तकृत तथा विपन्न समूहले उत्पादन गरेको वस्तु तथा सेवाको बजारसम्म पहुँच बढाउने कार्यक्रम संचालन गर्ने | विपद् जोखिम क्षेत्रका समुदायको विपद् उत्थानशीलता बृद्धि हुनेछ | अल्पकालिन | कृषि मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, विषयगत मन्त्रालयहरु, प्रादेशिक सरकार, गाउँपालिका  तथा नगरपालिकाहरु, गैर सरकारी संस्थाहरु, विकास साझेदार |
| विपद् जोखिम क्षेत्रमा सामाजिक सुरक्षा, आधारभूत स्वास्थ्य, प्रजनन् स्वास्थ्य, बाल स्वास्थ्य, किशोर किशोरीको स्वास्थ्य र पोषण सुधारमा विशेष ध्यान दिने | विपद् जोखिम क्षेत्रका समुदायको विपद् उत्थानशीलता बृद्धि हुनेछ | अल्पकालिन | महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय, स्वास्थ्य मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका  तथा नगरपालिकाहरु, गैर सरकारी संस्थाहरु, विकास साझेदार |

| | | | |
|---|---|---|---|
| आपत्कालिन समयमा अत्यावश्यक सेवा र संरचनाको पहिचान गरी तिनको संरचनागत र संचालनात्मक निरन्तरताको लागि प्रवलीकरण र विकल्पहरुको स्पष्ट योजना बनाउँने | आपत्कालिन अत्यावश्यक सेवा र संरचनाहरु विपद् उत्थानशील हुनेछन् | अल्पकालिन | गृह मन्त्रालय, स्वास्थ्य मन्त्रालय, शिक्षा मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सूचना तथा संचार मन्त्रालय, खानेपानी तथा सरसफाई मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| मनसून पूर्व ढल तथा जल निकास मार्गहरु सफाई गर्ने | बाढी उत्थानशीलता बढ्नेछ | अल्पकालिन | गाउँपालिका तथा नगरपालिकाहरु, खानेपानी तथा सरसफाई मन्त्रालय, सिंचाई मन्त्रालय |
| देशका सम्पूर्ण विद्यालयहरुलाई सबैभन्दा मजवुत संरचनाको रुपमा निर्माण, पुनः निर्माण र प्रवलीकरण गरी सुरक्षित आपत्कालिन आवाशीय सेवा समेत प्रदान गर्न सक्ने गरी क्षमता अभिवृद्धि गर्ने | विद्यालयहरु विपद् उत्थानशील हुनेछन् | मध्यकालिन | शिक्षा मन्त्रालय, शहरी विकास मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| ऐतिहासिक तथा सांस्कृतिक सम्पदा भवन र स्थलहरुको संरक्षण, मर्मतसम्भार र संचालनका लागि निर्देशिका (Handbook) तयार गरि कार्यान्वयन गर्ने | ऐतिहासिक तथा सांस्कृतिक सम्पदा भवन र स्थलहरु उच्च उत्थानशिलता भएको हुनेछ | मध्यकालिन | पुरातत्व विभाग, शहरी विकास तथा भवन निर्माण विभाग |
| सम्भाव्य जोखिमयुक्त हिम तालहरुमा हिम ताल विस्फोटन जोखिम न्यूनीकरण गर्ने | हिम ताल विस्फोटनबाट हुने जोखिम न्यूनीकरण हुनेछ | मध्यकालिन | जल तथा मौसम विज्ञान विभाग, जनसंख्या तथा बातावरण मन्त्रालय, गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा |

| | | | |
|---|---|---|---|
| | | | नगरपालिकाहरु |
| पोखरीहरुको निर्माण गरि पानी संरक्षण र वर्षाको पानी संकलन गर्ने तथा  पानी उपयोगमा कुशल प्रविधी विकास गर्ने | बाढी, खडेरी तथा आगलागी क्षति कम हुनेछ | मध्यकालिन | खानेपानी तथा सरसफाइ मन्त्रालय, सिंचाई मन्त्रालय, भु तथा जलाधार संरक्षण विभाग, गाउँपालिका तथा नगरपालिकाहरु |
| सुख्खा क्षेत्रका बन जङ्गलहरुमा अग्नी रेखा निर्माण गर्ने | आगलागी क्षति कम हुनेछ | मध्यकालिन | वन मन्त्रालय, गाउँपालिका तथा नगरपालिकाहरु |
| प्रादेशिक र स्थानीय तहमा स्थानीय श्रोतमा आधारित हरित संरचनाको प्रवर्द्धन गर्ने | हरित संरचनाको निर्माणले विपद् तथा जलवायु परिवर्तन उत्थानशीलता विकास हुनेछ | मध्यकालिन | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका  तथा नगरपालिकाहरु |
| ताल, सिमसार तथा पोखरीहरुको संरक्षण गर्ने | बाढी, खडेरी तथा आगलागी क्षति कम हुनेछ | दीर्घकालिन | खानेपानी तथा सरसफाइ मन्त्रालय, सिंचाई मन्त्रालय, भु तथा जलाधार संरक्षण विभाग, गाउँपालिका तथा नगरपालिकाहरु |
| संघीय, प्रादेशिक र स्थानीय तहमा वातावरणीय क्षयीकरण र विपद्-जोखिम घटाउन बैकल्पिक ऊर्जाको प्रवर्द्धन गर्ने | बैकल्पिक ऊर्जाको प्रयोगले विपद् तथा जलवायु परिवर्तन उत्थानशीलता विकास हुनेछ | दीर्घकालिन | बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, प्रादेशिक सरकार, गाउँपालिका  तथा नगरपालिकाहरु |
| अस्पतालहरुको र समग्र | स्वास्थ्य सेवामा | दीर्घकालिन | स्वास्थ्य मन्त्रालय, ठूला र |

| | | | |
|---|---|---|---|
| स्वास्थ्य सेवाको आपत्कालीन उपचार क्षमता अभिवृद्धि गर्ने | विपद् उत्थानशीलता बृद्धि हुनेछ | | क्षेत्रीय अस्पतालहरु, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| विपद् जोखिम न्यूनीकरणका लागि नमूना विद्यालयहरुको स्थापना गर्ने | शिक्षा क्षेत्रमा विपद् उत्थानशीलता बृद्धि हुनेछ | दीर्घकालिन | शिक्षा मन्त्रालय, शहरी विकास मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| मुख्य, सहायक र भित्री मार्ग र राजमार्गहरुको आपत्कालिन रणनीतिक महत्व पहिचान गरी तिनको जोखिम र विपद् सहनशीलताको मुल्यांकन गरी प्रवलीकरण गर्ने । बैकल्पिक मार्गको स्पष्ट पहिचान, प्राथमिकीकरण र निर्माण गर्ने | यातायात प्रणाली विपद् उत्थानशील हुनेछ | दीर्घकालिन | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| विद्यमान विमानस्थलहरुलाई संरचनात्मक र संचालनात्मक हिसाबले क्षमता अभिवृद्धि र प्रवलीकरण गर्ने | विमानस्थलहरु विपद् उत्थानशील हुनेछन् | दीर्घकालिन | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| निर्माणाधीन नयाँ अन्तर्राष्ट्रिय वा क्षेत्रीय विमानस्थलहरु भूकम्प र बाढी प्रतिरोधी निर्माण गर्ने | विमानस्थलहरु विपद् उत्थानशील हुनेछन् | दीर्घकालिन | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| जोखिमयुक्त पूर्वाधारहरु ( विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, खानेपानीका संरचना, सरकारी तथा सार्वजनिक | जोखिमयुक्त पूर्वाधारहरु सुरक्षित हुनेछन् | दीर्घकालिन | शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, शहरी विकास मन्त्रालय, विषयगत |

| | | | |
|---|---|---|---|
| भवनहरु, ऐतिहासिक सम्पदा र सांस्कृतिक धरोहरहरु, जलविद्युत गृह, विद्युतीय सवस्टेशन, हाईड्रोलिक संरचना आदि) को प्रबलीकरण गर्ने | | | मन्त्रालयहरु |
| जोखिमयुक्त निजी आवास, होटेल, सपिङ्ग मल, व्यवसायिक तथा औद्योगिक भवनहरु प्रबलीकरणको लागि कम ब्याज दरमा ऋण, कर छुट आदिद्वारा प्रोत्साहन गर्ने | निजी संरचनाहरु सुरक्षित हुनेछन् | दीर्घकालिन | शहरी विकास तथा भवन निर्माण विभाग, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| सरकारी कार्यालयहरु, सामुदायिक भवनहरु, विद्यालयहरु, अस्पतालहरु र आश्रयस्थलहरु बालबालिका, बृद्धबृद्धा तथा अपाङ्ग मैत्री बनाउँने | बालबालिका, बृद्धबृद्धा तथा अपाङ्गहरुको विपद् उत्थानशीलता बृद्धि हुनेछ | दीर्घकालिन | शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, शहरी विकास मन्त्रालय, विषयगत मन्त्रालयहरु |
| जीवनोपार्जनका वैकल्पिक विधिहरु, बाढी प्रतिरोधी कृषि प्रणाली, बाढी प्रतिरोधी खाद्य तथा बिउ भण्डारण आदि प्रोत्साहन गर्ने | जीवनोपार्जनका साधनहरुमा विपद् उत्थानशीलता विकास हुनेछ | दीर्घकालिन | कृषि मन्त्रालय, नेपाल कृषि अनुसन्धान परिषद, विषयगत मन्त्रालयहरु, गैर सरकारी संस्थाहरु, विकास साझेदार |
| जलवायु स्मार्ट (Climate Smart) कृषि प्रबर्धन गर्ने | कृषिमा जलवायु जोखिम कम हुनेछ | दीर्घकालिन | कृषि मन्त्रालय, नेपाल कृषि अनुसन्धान परिषद, विषयगत मन्त्रालयहरु, गैर सरकारी संस्थाहरु, विकास साझेदार |

| | | | |
|---|---|---|---|
| बाढी तथा पहिरो जोखिम न्यूनीकरणका लागि जैविक बाँध, वृक्षरोपण, वन संरक्षण, जलाधार संरक्षण आदि प्रोत्साहन गर्ने | वातावरण संरक्षण मार्फत बाढी तथा पहिरो जोखिम न्यूनीकरण हुनेछ | दीर्घकालिन | कृषि मन्त्रालय, विषयगत मन्त्रालयहरु, गैर सरकारी संस्थाहरु, विकास साझेदार |
| बाढी जोखिम न्यूनीकरणका लागि संरचनागत प्रविधि अवलम्बन गर्ने (जस्तै तटबन्ध, जलाशय, चेक बाँध आदि) | संरचनागत प्रविधि मार्फत बाढी जोखिम न्यूनीकरण हुनेछ | दीर्घकालिन | जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग |
| पहिरो जोखिम न्यूनीकरणका लागि संरचनागत प्रविधि अवलम्बन गर्ने (जस्तै भिरालो जमिन सुदृढीकरण, आकार परिमार्जन, सतह क्षयिकरण नियन्त्रण, जलनिकास सुधार आदि) | संरचनागत प्रविधि मार्फत पहिरो जोखिम न्यूनीकरण हुनेछ | दीर्घकालिन | जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, भू तथा जलाधार संरक्षण विभाग |
| जलवायु स्मार्ट गाउँ तथा शहरहरु विकास गर्ने | गाउँ तथा शहरहरुमा जलवायु जोखिम कम हुनेछ | दीर्घकालिन | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शहरी विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँ तथा नगरपालिकाहरु |
| शहरी ढल निकास प्रणाली निर्माण गर्ने तथा विद्यमान ढल निकास प्रणालीको स्तरोन्नती गर्ने | शहरी बाढी जोखिम न्यूनीकरण हुनेछ | दीर्घकालिन | शहरी विकास मन्त्रालय, गाउँ तथा नगरपालिकाहरु |

## ६.२ विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि

विपद् जोखिम आँकलनको आधारमा वार्षिक तथा आवधिक योजनाहरुको तर्जुमा गरि विपद् जोखिम न्यूनीकरणका लागि सार्वजनिक निकायहरुले पर्याप्त बजेटको व्यवस्था गर्नु जरुरी छ। संघदेखि स्थानिय तहसम्म विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि समर्पित कोषको व्यवस्था गर्नु पर्ने आवश्यकता छ। यसका लागि निम्न रणनीतिक क्रियाकलापहरु प्रस्ताव गरिएका छन्।

| **रणनीतिक क्रियाकलाप** | **अपेक्षित परिणाम** | **समयावधि** | **जिम्मेवार निकाय** |
|---|---|---|---|
| प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषलाई विपद् हुनु अगावै विपद् पूवर्तयारीमा समेत उपयोग गर्न मिल्ने व्यवस्था गर्ने | विपद् पूवर्तयारी तथा प्रतिकार्य प्रभावकारी हुनेछ | अल्पकालिन | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, राष्ट्रिय योजना आयोग, गृह मन्त्रालय, अर्थ मन्त्रालय |
| सबै क्षेत्रगत निकायहरुले कम्तिमा पाँच प्रतिशत बार्षिक बजेट विपद् जोखिम न्यूनीकरणका लागि छुट्याउँने ब्यवस्था गर्ने | विपद् जोखिम न्यूनीकरणका लागि लगानी सुनिश्चित हुनेछ | अल्पकालिन | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, विषयगत मन्त्रालयहरु |
| संघीय, प्रादेशिक तथा स्थानिय तहका निकायहरुले विपद् जोखिम न्यूनीकरणका कार्यक्रम तथा वजेट तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी वजेट प्रणाली अनुसरण गर्ने | विपद् जोखिम न्यूनीकरणमा लैङ्गिक समानता हुनेछ | अल्पकालिन | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, विषयगत मन्त्रालयहरु, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| सबै क्षेत्रगत निकायहरुले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई वार्षिक कार्यक्रममा समावेश | विपद् जोखिम न्यूनीकरणमा लैङ्गिक समानता तथा सामाजिक | अल्पकालिन | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, विषयगत मन्त्रालयहरु |

| | | | |
|---|---|---|---|
| गरि पर्याप्त बजेटको व्यवस्था गर्ने | समावेशीकरण हुनेछ | | |
| विकास परियोजनाको बजेटबाट विपद् पश्चात पुनः निर्माणमा उपयोग गर्ने अनुमति दिन बजेट रकमान्तरणका लागि प्रक्रिया स्थापित गर्ने | पुनः निर्माणका लागि लगानी उपलब्ध हुनेछ | मध्यकालिन | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, विषयगत मन्त्रालयहरु |
| कृषि बिकास रणनीतिले व्यवस्था गरे अनुसारको किसान कल्याणकारी कोषको स्थापना गर्ने | किसानहरुको विपद् उत्थालशीलता बढ्नेछ | मध्यकालिन | कृषि मन्त्रालय, अर्थ मन्त्रालय |
| संघ देखि स्थानिय तह र समुदाय स्तरमा वातावरण-मैत्री विपद् जोखिम न्यूनीकरण (Eco-DRR) तथा व्यवस्थापन कोषको व्यवस्था गर्ने | वातावरण-मैत्री विपद् जोखिम न्यूनीकरणको लागि कोष उपलब्ध हुनेछ | दीर्घकालिन | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, गृह मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय, जनसंख्या तथा वातावरण मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |

## ६.३ विपद् जोखिम न्यूनीकरणमा निजी लगानी प्रवर्द्धन

ब्यापार तथा उद्योगहरुमा विपद् जोखिम निर्धारणको आधारमा व्यवसाय निरन्तरता योजना तयार र कार्यान्वयन गर्नु पर्ने आवश्यकता छ । निजी क्षेत्र, बैंक, सहकारी तथा सामुदायिक संस्थाहरुले विपद् जोखिम न्यूनीकरणका लागि लगानी गर्ने सहज व्यवस्था गर्नु जरुरी छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरु प्रस्ताव गरिएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| साना व्यापार तथा उद्योगहरुलाई विपद्को समयमा व्यवसाय निरन्तरता योजना तयार र कार्यान्वयन गर्न प्रोत्साहन गर्ने | विपद्को समयमा समेत निजी व्यवसायिक क्षेत्रहरु संचालन हुनेछन् | अल्पकालिन | नेपाल उद्योग वाणिज्य महासंघ, निजी क्षेत्र, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| विपद् जोखिम न्यूनीकरण गतिविधिहरूमा निजी क्षेत्रको स्रोत परिचालनलाई बढावा दिन कर छुट गरि प्रोत्साहनको व्यवस्था गर्ने | पूर्वाधार सम्वन्धी विपद् जोखिम न्यूनीकरणका लागि निजी लगानी उपलब्ध हुनेछ | अल्पकालिन | अर्थ मन्त्रालय |
| विपद् जोखिम न्यूनीकरणका लागि वैकल्पिक तथा सृजनशील आर्थिक साधनहरू (Innovative Financial Instruments) जस्तै पूर्वानुमानमा आधारित लगानी (Forecast Based Financing), साना लगानी, लघु ऋण, बीमा, पुनर्बीमा आदिको विकास तथा प्रवर्धन गर्ने | वैज्ञानिक तथ्याङ्को आधारमा मानवीय कोष परिचालन हुनेछ साथै विपद् जोखिम न्यूनीकरणमा निजी क्षेत्रको संलग्नता अभिवृद्धि हुनेछ | मध्यकालिन | अर्थ मन्त्रालय, विषयगत मन्त्रालयहरु, नेपाल राष्ट्र बैंक, बीमा समिति, राष्ट्रिय बीमा संस्थान, निजी क्षेत्र |
| विपद् प्रभावित व्यक्ति तथा समुदायहरुलाई लघुवित्त, निर्ब्याजी ऋण, ससर्त नगद स्थानान्तरण आदिको व्यवस्था स्थापित गर्ने | विपद् प्रभावित व्यक्ति तथा समुदायहरुको विपद् पुनर्लाभ बढ्नेछ | मध्यकालिन | नेपाल राष्ट्र बैंक, सहकारीहरु |
| व्यवसायिक सामाजिक जिम्मेवारी (Corporate Social Responsibility) कार्यक्रम मार्फत विपद् पश्चातको | पुनर्लाभ र पुनर्निर्माणमा निजी लगानी बृद्धि हुनेछ | मध्यकालिन | नेपाल उद्योग वाणिज्य महासंघ, अर्थ मन्त्रालय |

| | | | |
|---|---|---|---|
| पुनर्लाभ र पुनर्निर्माणमा निजी लगानी बृद्धि गर्ने | | | |
| विश्व, राष्ट्रिय र स्थानीय सम्पदा भवन र स्थानहरूको पुनर्निर्माणका लागि सार्वजनिक निजी स्रोत परिचालन प्रणालीको विकास गर्ने | सम्पदा भवन र स्थानहरूको पुनर्निर्माणका लागि सार्वजनिक निजी स्रोत उपलब्ध हुनेछ | मध्यकालिन | अर्थ मन्त्रालय, नेपाल उद्योग वाणिज्य महासंघ, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| राष्ट्रिय विपद् जोखिम लगानी तथा बीमा रणनीति तयार गरी विपद् जोखिम न्यूनीकरणमा संयुक्त सार्वजनिक निजी लगानी प्रवर्द्धन गर्ने | विपद् जोखिम न्यूनीकरणमा निजी लगानी उपलब्ध हुनेछ | दीर्घकालिन | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, विषयगत मन्त्रालयहरु, निजी क्षेत्र |
| बैंक, सहकारी तथा सामुदायिक संस्थाहरु (वन उपभोक्ता समिती, दुग्ध उत्पादन सहकारी संस्था) मार्फत विपद् जोखिम न्यूनीकरणमा लगानीको लागि सहज व्यवस्था गर्ने | विपद् जोखिम तथा क्षति कम हुनेछ | दीर्घकालिन | नेपाल राष्ट्र बैंक, राष्ट्रिय सहकारी विकास बोर्ड, सामुदायिक वन उपभोक्ता महासंघ, गरिबी निवारण कोष |
| महत्वपूर्ण पूर्वाधारहरु र सम्पदा भवनहरूको पुनर्निर्माणका लागि द्विपक्षीय, बहुपक्षीय र अन्तर्राष्ट्रिय स्रोतहरुको परिचालन गर्ने | महत्वपूर्ण पूर्वाधारहरु र सम्पदा भवनहरूको पुनर्निर्माणका लागि लगानी उपलब्ध हुनेछ | दीर्घकालिन | अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, राष्ट्रिय योजना आयोग, विषयगत मन्त्रालयहरु |

## ६.४ जोखिम हिस्सेदारी, बीमा तथा सामाजिक सुरक्षा मार्फत विपद् उत्थानशीलता अभिबृद्धि

कृषि तथा पशु बीमा, लघु बीमा, आकस्मिक कोष, निम्न व्याजदर ऋण योजना जस्ता जोखिम हिस्सेदारी विधीहरुको विकास गर्नु जरुरी छ । सामाजिक सुरक्षाका कार्यक्रमहरु यथेष्ट भए पनि भौगोलिक क्षेत्रहरुमा ती कार्यक्रमको पहुँच असमान छ । सामाजिक सुरक्षाका कार्यक्रमहरुलाई विपद् उत्थानशीलतासँग जोड्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरु प्रस्ताव गरिएका छन् ।

| **रणनीतिक क्रियाकलाप** | **अपेक्षित परिणाम** | **समयावधि** | **जिम्मेवार निकाय** |
|---|---|---|---|
| विपद् सङ्कटासन्न समूह र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न ब्यक्ति तथा समुदायको जीवन वीमाको व्यवस्था गर्ने | विपद् सङ्कटासन्न समूह र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न ब्यक्ति तथा समुदायको विपद् उत्थानशीलता बृद्धि हुनेछ | अल्पकालिन | बीमा समिति, राष्ट्रिय बीमा संस्थान, नेपाल इन्स्युरेन्स संघ |
| कृषि तथा पशु बीमामा जोखिम हिस्सेदारीको विद्यमान अभ्यासको समीक्षा गर्ने | नेपालको कृषि र पशुपालन क्षेत्रको लागि उपयुक्त बीमा ब्यवस्थाको पहिचान हुनेछ | अल्पकालिन | कृषि विकास मन्त्रालय, अर्थ मन्त्रालय, विकास साझेदारहरु |
| कृषिमा बढ्दो विपद् (बाढी, खडेरी, शीतलहर) जोखिम र खाद्य असुरक्षाको चुनौतिलाई सम्वोधन गर्न कृषि बीमा, कृषक लाभ कार्यक्रम र खाद्य तथा बिउ भण्डारहरुको | कृषि क्षेत्रको विपद् उत्थानशीलता बृद्धि हुनेछ | अल्पकालिन | कृषि विकास मन्त्रालय, पशुपन्छी विकास मन्त्रालय, अर्थ मन्त्रालय, बीमा समिति, |

| | | | |
|---|---|---|---|
| स्थापना गर्ने | | | सहकारी तथा गरीबी निवारण मन्त्रालय |
| सर्वग्राही र लक्षित वर्ग केन्द्रीत दुई खाले विपद् जोखिम बीमा प्रणालीको सम्भाव्यता र दिगोपनको अध्ययन गरी यस्ता कार्यक्रम लागू गर्ने | विविध खाले विपद् जोखिम बीमा उपलब्ध हुनेछ | अल्पकालिन | बीमा समिति, राष्ट्रिय बीमा संस्थान, अर्थ मन्त्रालय, नेपाल इन्स्युरेन्स संघ |
| समुदायमा आधारित, योगदानमा आधारित लघु बीमा, पशु बीमा, खेती बीमा, कृषक आरक्षित कोष, जोखिमको सामूहिकीकरणको योजनाहरु विकास गर्ने र लागू गर्ने | समुदायमा आधारित विपद् जोखिम बीमा योजना उपलब्ध हुनेछ | मध्यकालिन | सहकारी तथा गरीबी निवारण मन्त्रालय, अर्थ मन्त्रालय, कृषि विकास मन्त्रालय, पशु पन्छी विकास मन्त्रालय, बीमा समिति |
| विपद् जोखिम बीमा, जोखिम हिस्सेदारी (जस्तै लघु बीमा, आकस्मिक कोष, निम्न व्याजदर ऋण योजना) लगायतका कार्यक्रममा निजी क्षेत्रको सहभागिता र लगानीलाई आकर्शित गर्न सार्वजनिक निजी साझेदारीलाई प्रवर्द्धन गर्ने | जोखिम हिस्सेदारीमा सार्वजनिक निजी साझेदारीको लागि नीतिगत व्यवस्था हुनेछ | मध्यकालिन | राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, बीमा समिति, गृह मन्त्रालय, शहरी विकास मन्त्रालय, कृषि विकास मन्त्रालय |
| जीविकोपार्जनका आधार, सीप, औजार र लगानीलाई विपद्को अवस्थाबाट जोगाउन योगदानमा आधारित बीमा प्रणालीलाई विस्तार गर्ने | जीविकोपार्जनका उपायहरुको बीमा मार्फत विपद् उत्थानशीलता बृद्धि हुनेछ | मध्यकालिन | बीमा समिति, राष्ट्रिय बीमा संस्थान, अर्थ मन्त्रालय, नेपाल इन्स्युरेन्स संघ |

| | | | |
|---|---|---|---|
| गरीब, भूमिहीन र सीमान्तकृत घर परिवारको एकीकृत अभिलेख प्रणालीको विकास गरी गरीबीको रेखामुनीका घर परिवारलाई विपद् प्रभावित भएको खण्डमा स्वतः बीमा लाभग्राही हुने व्यवस्था गर्ने | गरीबीको रेखामुनीका घर परिवारहरुको बीमा मार्फत विपद् उत्थानशीलता बृद्धि हुनेछ | मध्यकालिन | राष्ट्रिय बीमा संस्थान, बीमा कम्पनीहरु, अर्थ मन्त्रालय, विषयगत मन्त्रालयहरु |
| लक्षित वर्ग, लक्षित समुदाय र लक्षित भौगोलिक क्षेत्रको समाजिक सुरक्षाका विभिन्न कार्यक्रमहरुमा पहुँच र लाभग्रहणको स्थितिको समिक्षा गरी यस्तो कार्यक्रमलाई विपद् उत्थानशीलतासँग जोड्ने | समाजिक सुरक्षा कार्यक्रम मार्फत विपद् उत्थानशीलता बृद्धि हुनेछ | मध्यकालिन | महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय, राष्ट्रिय दलित आयोग, महिला आयोग, शिक्षा मन्त्रालय |
| सार्वजनिक भवनहरु, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा महत्वपूर्ण पूर्वाधारहरू ( हाइड्रोलिक संरचना, सम्पदा भवन, पुल, खानेपानी तथा ढल निकास प्रणाली, जलविद्युत संरचना, नहर, ट्रान्समिशन लाइन, सबस्टेशन, विमानस्थल) को विपद् जोखिम बीमा गर्ने र सो सम्वन्धी विद्यमान बिमा नीतिको समिक्षा गर्ने | विपद् पुनर्लाभ बढ्नेछ | दीर्घकालिन | राष्ट्रिय बीमा संस्थान, बीमा कम्पनीहरु, शहरी विकास मन्त्रालय, विषयगत मन्त्रालयहरु |

# अध्याय ७: प्राथमिकताप्राप्त क्षेत्र ४ - प्रभावकारी प्रतिकार्य र पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माणमा "अझ राम्रो र बलियो निर्माण" का लागि विपद् पूर्वतयारीको सुदृढीकरण

यस प्राथमिकताप्राप्त क्षेत्रले विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ, पुनर्स्थापना र पुनः निर्माणलाई समेट्दछ । पूर्वतयारी अन्तर्गत मूलरुपमा विपद् जोखिमको पूर्वानुमान, पूर्वसूचना प्रणाली, आकस्मिक तयारी योजना, आकस्मिक सामाग्रीको जोहो र भण्डारण, सुरक्षित निष्काशन र कृत्रिम पूर्व अभ्यास पर्दछन् । प्रतिकार्यले विपद्को स्थितिमा वा त्यसपछि लगत्तै आपत्कालिन सेवा र सहयोगको कामलाई समेट्दछ । मानवीय जीवनको रक्षा र थप भौतिक क्षति हुनबाट रोक्नु यो समयको प्राथमिकतायुक्त कार्य हो । उद्दार, खोज, राहत, आपत्कालिन स्वास्थ्य सेवा, अस्थायी आश्रय, सुरक्षित पानी र सफाई तथा खानाको व्यवस्था यस समयका प्राथमिकतायुक्त कार्य हुन् । आपत्कालिन चरण सकिए पछि विपद् प्रभावित सेवा र सुविधाहरुमा सुधार र सामान्यीकरण, आय आर्जन र जीविकोपार्जन जस्ता पुनर्लाभका कार्यहरु गर्नु पर्दछ । जनचेतनाको व्यापक अभिवृद्धि, सवल योजना, संस्थागत सुदृढिकरण र समन्वयद्वारा पुनःस्थापना र पुनः निर्माणका काम मार्फत झन् राम्रो निर्माण अभियान पनि यही चरणमा शुरु हुन सक्छ ।

बहु-प्रकोप पूर्वसूचना प्रणालीहरु विपद् पूर्वतयारी प्रबर्धनमा अत्यन्त प्रभावकारी देखिएका छन् । पूर्वसूचना प्रणाली कार्यान्वयनका लागि सम्भावित विपद् घटनाहरुबाट पर्न सक्ने प्रभावको बारेमा पर्याप्त समय अगावै पूर्वसूचना उपलब्ध हुने संस्थागत व्यवस्था गर्नु आवश्यक छ । हालैका बाढीका घटनाहरुबाट बाढीग्रस्त नदी बेसिनहरुमा जनधनको क्षति कम गर्न बाढी पूर्वसूचना प्रणालीले पुऱ्याएका फाईदाहरुले यसको प्रभावकारितालाई पुष्टि गर्दछ । बाढी पूर्व सूचना प्रणालीमा वर्तमान अनुभवलाई अन्य प्रमुख तथा साना नदी बेसिनहरुमा विस्तार गर्नु आवश्यक छ । यसका लागि बहु-प्रकोप पूर्वानुमान तथा पूर्वसूचना प्रणालीमा लगानी, यसको विकास, सञ्चालन र सुदृढीकरण गर्नु आवश्यक हुन्छ ।

संघीय, प्रादेशिक र स्थानिय तहमा सामाजिक तथा सांस्कृतिक आवश्यकताहरु, विशेष रुपमा महिला, वृद्धवृद्धा र बालबालिकाहरु सहित उपभोक्ताहरुको आवश्यकता अनुरुप जोखिम आँकलनबाट प्राप्त खुला श्रोत सूचनाको उपयोग गर्दै सहभागितामुलक प्रक्रिया मार्फत बहु-प्रकोप पूर्वसूचना प्रणाली विकास गर्नु आवश्यक छ । यसका लागि राष्ट्रिय वेब पोर्टल र मोबाइल एप पनि विकास गर्न सकिन्छ ।

विपद् पूर्वतयारी बढाउँन तथा पुनर्लाभ, पुनःस्थापना र पुनर्निमाणमा "अझै राम्रो निर्माण" का लागि यस प्राथमिकताप्राप्त क्षेत्र अन्तर्गत निम्न बमोजिमका प्राथमिकताप्राप्त कार्यहरु प्रस्ताव गरिएका छन् ।

क) प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण

ख) विपद् पूर्वतयारीको लागि बहु-प्रकोप पूर्व सूचना प्रणालीको विकास

ग) समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन प्रवर्धन

घ) विपद् पूर्वतयारीको लागि संचार तथा प्रसार प्रणाली सुदृढीकरण

ङ) खोज तथा उद्धार र आपत्कालिन प्रतिकार्यमा क्षमता अभिवृद्धि

च) पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा "अझ राम्रो र बलियो निर्माण" अवधारणा प्रवर्धन

## ७.१ प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण

विपद् पूर्वतयारीका लागि स्थानीय तहको संस्थागत, नीतिगत र कार्यक्रमिक क्षमता अभिवृद्धि गर्नु पर्ने आवश्यकता छ । विद्यमान आपत्कालिन कार्य संचालन केन्द्रहरुलाई सुदृढ गर्ने र प्रदेश देखि स्थानीय तहसम्म आपत्कालिन कार्यसंचालन केन्द्रहरु स्थापना गरि संचालन गर्ने व्यवस्था गर्नु जरुरी छ । संघीय, प्रादेशिक तथा स्थानीय तहमा भण्डारण गृहहरु स्थापना गरि पर्याप्त मात्रामा खाद्यान्न, पानी, औषधी तथा अन्य राहत सामाग्रीहरु र उद्धार उपकरणहरुको भण्डारण गर्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरु प्रस्ताव गरिएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| स्थानीय तहको संस्थागत, नीतिगत र कार्यक्रमिक क्षमता अभिवृद्धि गरी तिनको कार्य क्षेत्रमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनले प्राथमिकता पाउने कुराको प्रत्याभूति गर्ने | स्थानीय तहले प्रभावकारी विपद् व्यवस्थापन गर्नेछ | अल्पकालिन | गाउँपालिका तथा नगरपालिकाहरु, प्रादेशिक सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शहरी विकास मन्त्रालय, गृह मन्त्रालय, राष्ट्रिय योजना आयोग |
| एकीकृत राष्ट्रिय विपद् प्रतिकार्य प्रणाली विकास गरी लागू गर्ने | विपद् प्रतिकार्यमा राष्ट्रियब्यापी रुपमा एकरुपता कायम हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| प्रादेशिक र स्थानीय तहमा आपत्कालिन कार्य संचालन केन्द्रहरु स्थापना गर्ने | प्रान्तीय र स्थानीय तहमा प्रभावकारी आपत्कालिन | अल्पकालिन | गृह मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |

| | | | |
|---|---|---|---|
| | प्रतिकार्य हुनेछ | | |
| प्रत्येक सार्वजनिक र व्यावसायिक भवनमा निकासी मार्ग ( Evacuation Route) र भेला हुने स्थान (Area of Assembly) छुट्याई रेखाङ्कन र सिमाङ्कन गर्ने | सार्वजनिक भवन तथा स्थलहरु विपद् प्रतिकार्यका लागि पुर्वतयार हुनेछन् | अल्पकालिन | गृह मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| पूर्वानुमानमा आधारित आपत्कालिन पूर्वतयारी तथा प्रतिकार्यका लागि राष्ट्रिय विपद् प्रतिकार्य कार्यसंरचना र जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई अद्यावधिक गर्ने | पूर्वानुमानमा आधारित पूर्वतयारीको लागि लगानी कोष उपलब्ध हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, जिल्ला दैवी प्रकोप उद्धार समिति, जल तथा मौसम विज्ञान विभाग |
| विमानस्थलहरुमा विपद् पूर्वतयारी सुदृढ गर्ने र विपद्को लागि विमानस्थलहरुको तयारी (Get Airports Ready for Disaster) कार्यशाला नियमित रुपमा गर्ने | आपत्कालिन प्रतिकार्यका लागि विमानस्थलहरु तयारी रहनेछन् | अल्पकालिन | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नागरिक उड्डयन प्राधिकरण |
| गाउँपालिकाहरुमा पर्याप्त मात्रामा मानव तथा पशुपन्छी आश्रयस्थलहरु स्थापना गर्ने | गाउँहरुमा विपद्को समयमा आश्रयको निम्ति सुरक्षित स्थानहरु उपलब्ध हुनेछन् | अल्पकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिकाहरु |
| नगरपालिकाहरुमा पर्याप्त मात्रामा खुला स्थानहरु र आश्रयस्थलहरु स्थापना गर्ने | नगरहरुमा विपद्को समयमा आश्रयको निम्ति सुरक्षित स्थानहरु उपलब्ध हुनेछन् | अल्पकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |

| | | | |
|---|---|---|---|
| सबै प्रदेशहरुमा आपत्कालिन संचार प्रणालीका साथै रसद सुविधाहरु स्थापना गर्ने | प्रान्तिय स्तरमा प्रभावकारी प्रतिकार्य हुनेछ | मध्यकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रादेशिक सरकार, विषयगत मन्त्रालयहरु, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी वल, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरु, संयुक्त राष्ट्र संघीय संस्थाहरु, मानवीय सहयोग संस्थाहरु |
| यातायात सेवा तथा बन्दोवस्ती व्यवस्थापन संयन्त्रको भरपर्दो व्यवस्था गर्ने र दुर्गम क्षेत्रहरुसँगको पहुँच बढाउँने | प्रभावकारी बन्दोवस्ती व्यवस्थापन हुनेछ | मध्यकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रादेशिक सरकार, विषयगत मन्त्रालयहरु, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी वल, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरु, संयुक्त राष्ट्र संघीय संस्थाहरु, मानवीय सहयोग संस्थाहरु |
| सुरक्षित पदयात्रा प्रणालीको अवधारणा अनुरुप देशका विभिन्न पर्टकीय गन्तव्यहरुमा विपद् जोखिम कम गर्न आवश्यक संचार सुविधा, आवासको व्यवस्था लगायतका पूर्वाधार र संरचनाको विकास गर्ने | पर्टकीय गन्तव्यहरुमा विपद् जोखिम कम हुनेछ | मध्यकालिन | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पयर्टन विभाग, नेपाल पर्यटन विकास बोड, पर्यटन व्यवसायी महासंघ, नगरपालिका र गाउँपालिकाहरु |

| | | | |
|---|---|---|---|
| उच्च स्थानको पर्वतारोहण र ट्रेकिङको लागि विपद् व्यवस्थापन र उद्धार केन्द्रको स्थापना गर्ने | उच्च स्थानको पर्वतारोहण र ट्रेकिङमा विपद् जोखिम कम हुनेछ | मध्यकालिन | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, गृह मन्त्रालय |
| संघीय, प्रादेशिक तथा स्थानीय तहमा खाद्यान्न, पानी, औषधी तथा अन्य राहत सामाग्रीहरु र उद्धार उपकरणहरुको गोदाम घर वा भण्डारण गृह स्थापना गर्ने | विपद् संवेदनशील महत्वपूर्ण स्थानहरुमा राहत तथा उद्धार सामग्रीहरुको भण्डारण गृह उपलब्ध हुनेछ | दीर्घकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका  तथा नगरपालिकाहरु, विषयगत मन्त्रालयहरु, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी वल, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरु, संयुक्त राष्ट्र संघीय संस्थाहरु, मानवीय सहयोग संस्थाहरु |
| संघीय, प्रादेशिक तथा स्थानीय तहका भण्डारण गृहहरुमा आपत्कालिन उद्धार सामाग्रीहरु तथा उपकरणहरु (डुङ्गा, लाइफ ज्याकेट, दमकल, एम्बुलेन्स, स्ट्रेचर आदि) सहित खाद्य, पेय तथा अखाद्य सामाग्रीहरु, बीउबिजन, पशुपन्छीका दानाहरु पर्याप्त मात्रामा भण्डारण गर्ने | विपद् संवेदनशील महत्वपूर्ण स्थानहरुमा राहत तथा उद्धार सामग्रीहरु उपलब्ध हुनेछन् | दीर्घकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका  तथा नगरपालिकाहरु, विषयगत मन्त्रालयहरु, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी वल, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरु, संयुक्त राष्ट्र संघीय संस्थाहरु, मानवीय सहयोग संस्थाहरु |

| | | | |
|---|---|---|---|
| स्थानीय तहका भण्डारण गृहहरुमा महिला, सुत्केरी, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग तथा बिरामीहरुका लागि आवश्यक पर्ने विशेष खाद्यान्न, औषधि, सरसफाईका सामान तथा सहायक उपकरणहरु पर्याप्त मात्रामा भण्डारण गर्ने | आपत्कालिन समयमा सङ्कटासन्न समूहको विशेष आवश्यकता सम्बोधन हुनेछ | दीर्घकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, विषयगत मन्त्रालयहरु, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी वल, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरु, संयुक्त राष्ट्र संघीय संस्थाहरु, मानवीय सहयोग संस्थाहरु |

## ७.२ विपद् पूर्वतयारीको लागि बहु-प्रकोप पूर्व सूचना प्रणालीको विकास

विद्यमान पूर्वानुमान तथा पूर्वसूचना प्रणालीको सुदृढीकरण र प्रमुख प्रकोपहरुका लागि पूर्वसूचना प्रणाली स्थापना गर्नु आवश्यक छ । प्रमुख प्रकोपहरुको पूर्वानुमानका लागि सम्बन्धित निकायहरुको क्षमता अभिबृद्धि गर्नु जरुरी छ । पूर्वसूचना सन्देश प्राप्त भइ सके पछि चाल्नु पर्ने कदमहरू बारे चेतनामूलक तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता छ । पूर्वसूचना प्रणाली सञ्चालनका लागि कार्य सञ्चालन विधी तयार गरि विभिन्न निकायहरुको भूमिका तथा जिम्मेवारीको बारेमा स्पष्ट पार्नुपर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरु प्रस्ताव गरिएका छन् ।

| **रणनीतिक क्रियाकलाप** | **अपेक्षित परिणाम** | **समयावधि** | **जिम्मेवार निकाय** |
|---|---|---|---|
| हाल सञ्चालनमा रहेका बाढी तथा हिमताल विस्फोटन बाढी पूर्वसूचना प्रणालीहरुलाई अद्यावधिक र स्तरोन्नति गर्ने | विद्यमान पूर्वसूचना प्रणालीहरु सुधार हुनेछन् | अल्पकालिन | जल तथा मौसम विज्ञान विभाग, वन विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, खानी तथा भूगर्भ विज्ञान विभाग, स्वास्थ्य सेवा विभाग, गृह मन्त्रालय, प्रान्तीय सरकार, प्रादेशिक सरकार, गाउँपालिका तथा |

| | | | |
|---|---|---|---|
| | | | नगरपालिकाहरु |
| प्रमुख प्रकोपहरुको तथ्याङ्क विश्लेषण र पूर्वानुमान गरि पूर्वसूचनामूलक सन्देशहरूको उत्पादन तथा प्रसारण गर्ने | पूर्वसूचनामूलक सन्देशहरू उत्पादन तथा प्रसारण हुनेछन् | अल्पकालिन | जल तथा मौसम विज्ञान विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, भू तथा जलाधार संरक्षण विभाग, वन विभाग, स्वास्थ्य सेवा विभाग |
| पूर्वसूचना सन्देश प्राप्त भइ सके पछि विभिन्न प्रकारका प्रकोपहरूका सम्बन्धमा चाल्नु पर्ने कदमहरू बारे चेतनामूलक तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने | पूर्वसूचना सन्देश प्राप्त भइ सके पछि उपयुक्त कार्य गरिनेछन् | अल्पकालिन | जल तथा मौसम विज्ञान विभाग, वन विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, भू तथा जलाधार संरक्षण विभाग, खानी तथा भूगर्भ विज्ञान विभाग, स्वास्थ्य सेवा विभाग, गृह मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| पूर्वसूचना प्रणाली सञ्चालन र विभिन्न प्रकोप व्यवस्थापनमा संलग्न संस्थाहरूबीच पूर्वसूचना सम्प्रेषण सम्बन्धी प्रक्रियालाई मार्गदर्शन गर्न कार्य सञ्चालन विधी (Standard Operating Procedure) तयार गर्ने | पूर्वसूचना प्रणाली सञ्चालनको लागि कार्यविधी उपलब्ध हुनेछ | अल्पकालिन | जल तथा मौसम विज्ञान विभाग, गृह मन्त्रालय, वन विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, भू तथा जलाधार संरक्षण विभाग, स्वास्थ्य सेवा विभाग, विषयगत मन्त्रालयहरु, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, गैर सरकारी संस्थाहरु |
| पूर्वसूचना प्रणालीमा महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग, | पूर्वसूचना प्रणाली | अल्पकालिन | जल तथा मौसम विज्ञान विभाग, गृह मन्त्रालय, वन |

| | | | |
|---|---|---|---|
| आदिवासी र सङ्कटासन्न समुदायको पहुँच, प्रतिनिधित्व र प्रभावकारी सहभागिता सुनिश्चित गर्ने | समावेशी हुनेछ | | विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, भू तथा जलाधार संरक्षण विभाग, स्वास्थ्य सेवा विभाग, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, गैर सरकारी संस्थाहरु |
| ज्येष्ठ नागरिक र आदिवासीहरुको वर्षौ देखिको ज्ञान, सीप, अनुभव र परम्परागत अभ्यासलाई पूर्वसूचना प्रणालीमा सदुपयोग गर्ने | पूर्वसूचना प्रणालीमा मौलिक ज्ञान र अनुभव समेटिनेछ | अल्पकालिन | जल तथा मौसम विज्ञान विभाग, गृह मन्त्रालय, वन विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, भू तथा जलाधार संरक्षण विभाग, स्वास्थ्य सेवा विभाग, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, गैर सरकारी संस्थाहरु |
| पूर्वसूचना प्रणालीलाई विपद् जोखिम व्यवस्थापन सम्बन्धि तालीम तथा शैक्षिक कार्यक्रमको पाठ्यक्रममा समावेश गर्ने | पूर्वसूचना प्रणालीका बारेमा अध्ययन अध्यापन हुनेछ | अल्पकालिन | विश्वविद्यालयहरु, शैक्षिक संस्थाहरु, तालीम केन्द्रहरु |
| संघीय, प्रादेशिक एवम् स्थानीय स्तरमा सबै सार्वजनिक भवनहरु, विद्यालयहरु, अस्पतालहरु तथा महत्वपूर्ण पूर्वाधारहरूमा धुँवा डिटेक्टर र आगलागी अलार्मको विकास र जडान गर्ने | आगलागीको पूर्वसूचनाले क्षति कम हुनेछ | मध्यकालिन | शहरी विकास तथा भवन निर्माण विभाग, शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, विषयगत मन्त्रालयहरु, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |

| | | | |
|---|---|---|---|
| प्रमुख प्रकोपहरुका लागि गणितीय पूर्वानुमान मोडेलहरूको विकास तथा सञ्चालन गर्ने | पूर्वानुमानले पूर्वसूचनाको लागि अग्रिम समय बढाउँनेछ | मध्यकालिन | जल तथा मौसम विज्ञान विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, भू तथा जलाधार संरक्षण विभाग, वन विभाग, स्वास्थ्य सेवा विभाग |
| सङ्कटासन्न लक्षित समुदायहरू ( महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग, आदिवासी, दलित, विपन्न) को लागि पूर्वसूचना प्रणाली बारे जानकारीमूलक सामाग्रीहरुको (पुस्तिका, पर्चा, सूचनापत्र, विद्युतीय सन्देश इत्यादि) तयारी गर्ने | लक्षित समुदायहरू पूर्वसूचना प्रणाली बारे जानकार हुनेछन् | मध्यकालिन | जल तथा मौसम विज्ञान विभाग, वन विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, भू तथा जलाधार संरक्षण विभाग, खानी तथा भूगर्भ विज्ञान विभाग, स्वास्थ्य सेवा विभाग, गृह मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, शैक्षिक संस्थाहरु |
| कार्यशाला, गोष्ठी र आम सञ्चार माध्यमहरूद्वारा पूर्वसूचना प्रणालीबारे सचेतना कार्यक्रमहरूको सञ्चालन गर्ने | पूर्वसूचना प्रणालीबारे सचेतना बृद्धि हुनेछ | मध्यकालिन | जल तथा मौसम विज्ञान विभाग, वन विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, भू तथा जलाधार संरक्षण विभाग, खानी तथा भूगर्भ विज्ञान विभाग, स्वास्थ्य सेवा विभाग, गृह मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| पूर्वसूचना प्रचारप्रसार तथा प्रतिकार्यको प्रभावकारिता सम्बन्धमा नियमित परीक्षण तथा | पूर्वसूचना प्रचारप्रसार तथा प्रतिकार्यको प्रभावकारिता | मध्यकालिन | जल तथा मौसम विज्ञान विभाग, गृह मन्त्रालय, वन विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, भू तथा |

| | | | |
|---|---|---|---|
| अभ्यासहरू सञ्चालन गर्ने | परीक्षण हुनेछ | | जलाधार संरक्षण विभाग, खानी तथा भूगर्भ विज्ञान विभाग, स्वास्थ्य सेवा विभाग, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| विद्यमान बाढी तथा हिमताल विस्फोटन बाढी पूर्वसूचना प्रणालीलाई अन्य नदी वेसिनहरुमा विस्तार गर्ने र पहिरो, खडेरी, चट्याङ, हावाहुरी, तातो हावाको लहर, शीत लहर, आगलागी, महामारी जस्ता प्रमुख प्रकोपहरुका लागि सञ्चालनात्मक पूर्वसूचना प्रणाली स्थापना गर्ने | प्रमुख प्रकोपहरुका लागि पूर्व सूचनामा आधारित पूर्व कार्यले विपद् क्षति कम हुनेछ | दीर्घकालिन | जल तथा मौसम विज्ञान विभाग, वन विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, भू तथा जलाधार संरक्षण विभाग, खानी तथा भूगर्भ विज्ञान विभाग, स्वास्थ्य सेवा विभाग, गृह मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| मौसम र बाढी पूर्वानुमानका लागि क्षमता अभिबृद्धि गर्ने | बाढी तथा मौसम पूर्वानुमानको अग्रिम समय र विश्वसनियता वृद्धि हुनेछ | दीर्घकालिन | जल तथा मौसम विज्ञान विभाग |
| प्राकृतिक प्रकोपबारे बुझ्न र पूर्वानुमान गर्न भौतिक तथा गणितीय मोडेल (Physical and Mathematical Model) को प्रयोग सम्बन्धी अनुसन्धान कार्य गर्ने | प्रकोप पूर्वानुमान क्षमता बृद्धि हुनेछ | दीर्घकालिन | विश्वविद्यालयहरु, अनुसन्धान केन्द्रहरु |

## ७.३ समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन प्रवर्धन

प्रभावकारी विपद् पूर्वतयारी र प्रतिकार्यका लागि विपद् जोखिम, प्रकोप र संकाटासन्नको बारेमा समुदायमा काम गर्ने, सचेतना बढाउने, जनतालाई हरदम सुसूचित राख्ने र परिचालन गर्न सक्ने समुदायमा आधारित संस्थागत संरचनाहरुको स्थापना, विस्तार र त्यसको सञ्जालिकरण गर्नु आवश्यक छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरु प्रस्ताव गरिएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| विद्यमान समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रणालीको सुदृढीकरण गर्ने | विपद् जोखिम न्यूनीकरणमा समुदायहरु सशक्तिकरण हुनेछन् | अल्पकालिन | प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि समुदायमा आधारित संस्थाहरुको स्थापना, विस्तार र त्यसको सञ्जालिकरण गर्ने | स्थानीय स्तरमा प्रभावकारी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन हुनेछ | अल्पकालिन | गाउँपालिका तथा नगरपालिकाहरु, प्रादेशिक सरकार, गृह मन्त्रालय, नेपाली सेना, सशस्त्र प्रहरी वल, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरु |
| स्थानीय विपद् प्रतिकार्य र खोज तथा उद्धार टोलीको गठन गर्ने | स्थानीय खोज तथा उद्धार कार्य प्रभावकारी हुनेछ | अल्पकालिन | प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, गृह मन्त्रालय, नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी |

| | | | |
|---|---|---|---|
| विपद् जोखिम व्यवस्थापन र न्यूनीकरणका काममा स्थानीय सरोकार, चासो र सहभागिताको प्रत्याभूतिका लागि समुदायमा आधारित समूहहरु (आमा समूह, युवा क्लव, बाल क्लव), स्थानीय गैरसरकारी संस्थाहरु र नागरिक समूहहरु (ज्येष्ठ नागरिक मञ्च), सँग साझेदारीको विकास गर्न स्थानीय निकाय र गैरसरकारी संस्था बीच सहकार्यको लागि निर्देशिका बनाई लागू गर्ने | स्थानीय निकाय र स्थानीय गैरसरकारी संस्थाबीचको साझेदारीमा विपद् जोखिम व्यवस्थापन र न्यूनीकरणका काममा स्थानीय सरोकार र चासो सम्बोधन हुनेछ | मध्यकालिन | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, गृह मन्त्रालय, शहरी विकास मन्त्रालय, सहकारी तथा गरीबी निवारण मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, गैरसरकारी संस्थाहरु |
| स्थानीय स्तरमा हरेक प्रकोपका लागि समुदायमा आधारित पूर्वसूचना प्रणालीको विकास गर्ने | समुदायमा आधारित पूर्वसूचना प्रणालीले पूर्वतयारी सुदृढ भै विपद् क्षति कम हुनेछ | मध्यकालिन | गाउँपालिका तथा नगरपालिकाहरु, प्रादेशिक सरकार, गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग, नेपाली सेना, सशस्त्र प्रहरी वल, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरु |
| समुदायमा आधारित, तालिम प्राप्त, पूर्व अभ्यासशील स्वयंसेवकहरुको प्रथम उद्दारक संयन्त्रको विकास र क्षमता अभिवृद्धि गर्ने | समुदायमा तालिम प्राप्त प्रथम उद्दारक स्वयंसेवकहरु उपलब्ध हुनेछन् | मध्यकालिन | नेपाली सेना, सशस्त्र प्रहरी वल, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरु |
| विपद् जोखिम व्यवस्थापनका लागि समुदायमा आधारित संस्थाहरुका कार्यक्रम र नीति निर्माणमा महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग र सङ्कटासन्न समुदायको पहुँच, प्रतिनिधित्व र | समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन समावेशी हुनेछ | मध्यकालिन | प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |

| | | | |
|---|---|---|---|
| प्रभावकारी सहभागिता सुनिश्चित गर्ने | | | |
| स्थानिय तहमा अनुगमन तथा मूल्याङ्कन योजना र कार्यविधि तयार गर्ने | स्थानिय तहमा विपद् जोखिम व्यवस्थापनमा उत्तरदायित्व स्थापित हुनेछ | मध्यकालिन | प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |

## ७.४ विपद् पूर्वतयारीको लागि संचार तथा प्रसार प्रणाली सुदृढीकरण

आमसञ्चार र सूचना प्रविधिको क्षेत्रमा देशले फड्को मारे पनि यसको प्रयोग विपद् चेतना अभिवृद्धि, पूर्वसूचना प्रणाली, विपद् पूर्वतयारी तथा प्रतिकार्यको क्षेत्रमा अपेक्षित मात्रामा हुन बाँकी छ । विपद् सूचनामा सङ्कटासन्न समूहको पहुँच बृद्धि गर्न विशेष प्रकारको संचार तथा प्रसार विधि अनुसरण गर्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरु प्रस्ताव गरिएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| सामुदायिक सूचना केन्द्रहरु स्थापना गर्ने | विपद् जोखिम बारे समुदाय सुसूचित हुनेछन् | अल्पकालिन | प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| आमसंचार र आधुनिक सूचना प्रविधि (मुद्रण, रेडियो, टेलिभिजन, सामाजिक नेटवर्क, एसएमएस, मोवाइल फोन) लाई विपद् | विपद् जोखिम जानकारी र पूर्वसूचना प्रणालीमा आमसंचार र | अल्पकालिन | गृह मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग, सूचना तथा संचार मन्त्रालय, विज्ञान तथा प्रविधि |

| | | | |
|---|---|---|---|
| जोखिम सचेतना अभिवृद्धि र पूर्वसूचना प्रणालीसँग व्यवस्थित रुपले जोड्न संस्थागत, नीतिगत र कार्यक्रमिक साझेदारीको विकास गर्ने | आधुनिक सूचना प्रविधिको प्रभावकारी प्रयोग हुनेछ | | मन्त्रालय, विषयगत मन्त्रालयहरु, रेडियो नेपाल, एफएम रेडियोहरु, नेपाल टेलिभिजन, नेपाल दुरसंचार प्राधिकरण, एन सेल |
| स्थानिय समुदायको आवश्यकता र उपयुक्तता अनुसार संचार तथा प्रसार विधि (जस्तै रेडियो, टिभी, फोन, एसएमएस, साईरन, आवाज, सूचना वाहक, झण्डोत्तोलन ) अनुसरण गर्ने | स्थानिय स्तरमा प्रभावकारी संचार तथा प्रसार हुनेछ | अल्पकालिन | प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सूचना तथा संचार मन्त्रालय |
| सङ्कटासन्न समूह (निरक्षर, दृष्टि विहीन, बहिरा) का लागि विशेष प्रकारको संचार तथा प्रसार विधि अनुसरण गर्ने | विपद् सूचनामा सङ्कटासन्न समूहको पहुँच हुनेछ | अल्पकालिन | सूचना तथा संचार मन्त्रालय, गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि संचार तथा प्रसार प्रणालीको प्रभावकारीता बढाउन आधुनिक विज्ञान तथा प्रविधि (Web Portal, Mobile Apps, SMS-CB, IVR) को उपयोग र प्रवर्धन गर्ने | उन्नत संचार तथा प्रसार प्रणाली उपलब्ध हुनेछ | मध्यकालिन | जल तथा मौसम विज्ञान विभाग, वन विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, खानी तथा भूगर्भ विभाग, स्वास्थ्य सेवा विभाग, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| प्रदेश र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण वेब पोर्टल | प्रदेश र स्थानीय तहमा वेब पोर्टल मार्फत विपद् | मध्यकालिन | प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, गृह |

| | | | |
|---|---|---|---|
| स्थापना गर्ने | जोखिम तथा क्षतिको जानकारी हुनेछ | | मन्त्रालय |
| पुनःस्थापना र पुनर्निर्माणका लागि आधुनिक सूचना प्रविधि उपयोग गरेर द्रुत आँकलन प्रणाली विकास गर्ने | विपद् क्षतिको जानकारी तुरुन्त उपलब्ध हुनेछ | मध्यकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, विषयगत मन्त्रालयहरु, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |

## ७.५ खोज तथा उद्धार र आपत्कालिन प्रतिकार्यमा क्षमता अभिवृद्धि

विपद् पश्चातको खोज र उद्धार (Search and Rescue) को कामलाई नेतृत्व गर्ने एउटा जिम्मेवार निकायको व्यवस्था नभएकोले जिम्मेवारी छरिएको अवस्था छ । तीनवटै सुरक्षा निकाय आपत्कालिन खोज तथा उद्धारको कार्यमा संलग्न हुने गरेको भएपनि कार्यगतरुपमा दक्ष र श्रोत साधनयुक्त जिम्मेवारी पाएको एकीकृत सुरक्षा निकायको विकास हुन बाँकी रहेको छ । विपद्का घटनापछि स्वतःस्फूर्त रुपमा आउने जागरुकता, मानवीय सहयोगको भावना र राहत सहयोगको एकीकृत प्रयोग हुन नसकी हरेक पटक अलमल, द्विविधा र अन्तरविरोध देखापर्ने गरेको छ । विपद् पश्चात राहतको संकलन र परिचालनमा दोहोरोपना आउन नदिन एक निर्देशिका वा कार्यविधी (Standard Operating Procedure) तर्जुमा गरी लागु गर्नु पर्ने आवश्यकता छ । आपत्कालीन परिस्थितिमा काम गर्नसक्ने अभ्यस्तताको विकासको निमित्त समय-समयमा गरिरहनु पर्ने पूर्वाभ्यासका कामहरु निरन्तर गर्न नसकिएको अवस्था छ । आगलागी, डढेलो जस्ता प्रकोपहरु निरन्तर हुने गरकोले आगलागी नियन्त्रणका लागि तालिम प्राप्त श्रोत साधनयुक्त सेवाको प्रत्याभूति गर्नु आवश्यक छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरु प्रस्ताव गरिएका छन् ।

| **रणनीतिक क्रियाकलाप** | **अपेक्षित परिणाम** | **समयावधि** | **जिम्मेवार निकाय** |
|---|---|---|---|
| संघीय, प्रादेशिक र स्थानीय आपत्कालिन कार्य संचालन | आपत्कालिन कार्य संचालन केन्द्रहरुको | अल्पकालिन | गृह मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा |

| | | | |
|---|---|---|---|
| केन्द्रहरुको कार्य संचालन विधी तयार गर्ने र संघीय, प्रादेशिक एवम् स्थानीय स्तरमा नीतिनिर्माता र पेशाकर्मीहरूलाई अभिमुखीकरण गर्ने | कार्य संचालनका लागि कार्यविधी उपलब्ध हुनेछ | | नगरपालिकाहरु |
| आपकालीन कार्य सञ्चालन केन्द्रहरुको (EOCs) क्षमता अभिवृद्धि गर्ने | आपत्कालिन कार्य संचालन केन्द्रहरुको क्षमता अभिवृद्धि हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| सम्पूर्ण सरोकारवालाहरुको सहभागितामा प्रत्येक बर्ष मनसुन अगाडी विपद् पूर्वतयारी कार्यशाला र मनसुन पछि समीक्षा गोष्ठी गर्ने | विपद् पूर्वतयारी तथा प्रतिकार्यको परिक्षण हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| राहत संकलन र परिचालनमा दोहोरोपना आउँन नदिन कार्यविधी बनाई एकद्धार प्रणाली अवलम्बन गर्ने | विपद् प्रतिकार्यमा एकरुपता तथा पारदर्शिता हुनेछ र दोहोरोपना हट्नेछ | अल्पकालिन | गृह मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| स्थानिय तहमा समुदायमा आधारित खोज र उद्धार टोली स्थापना गर्ने | स्थानिय तहमा खोज र उद्धार टोली हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| वडा स्तरमा तालिम प्राप्त प्रथम उद्धारकहरु (First Responders) तयार गर्ने | वडा तहमा प्रथम उद्धारकहरुको टोली हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| संघीय स्तरमा हल्का र मध्यम खोज र उद्धार टोलीको स्थापना गरी क्षमता अभिबृद्धि गर्ने | संघीय स्तरका खोज र उद्धार टोली सक्षम हुनेछन् | अल्पकालिन | गृह मन्त्रालय, सशस्त्र प्रहरी वल, |

| | | | |
|---|---|---|---|
| | | | नेपाली सेना,<br>नेपाल प्रहरी |
| सशस्त्र प्रहरी वल, नेपाली सेना र नेपाल प्रहरीका संघीय, प्रादेशिक र जिल्ला स्तरिय इकाईहरुमा खोज र उद्धार टोली स्थापना गरि आवश्यक उपकरण तथा जनशक्तिको व्यवस्था गर्ने | सशस्त्र प्रहरी वल, नेपाली सेना र नेपाल प्रहरी खोज र उद्धारको लागि सक्षम हुनेछन् | अल्पकालिन | गृह मन्त्रालय,<br>सशस्त्र प्रहरी वल,<br>नेपाली सेना,<br>नेपाल प्रहरी |
| सशस्त्र प्रहरी वल, नेपाली सेना र नेपाल प्रहरीका खोज र उद्धार टोलीहरुको क्षमता अभिबृद्धि गर्ने | सशस्त्र प्रहरी वल, नेपाली सेना र नेपाल प्रहरी खोज र उद्धारको लागि सक्षम हुनेछन् | अल्पकालिन | गृह मन्त्रालय,<br>सशस्त्र प्रहरी वल,<br>नेपाली सेना,<br>नेपाल प्रहरी |
| खोज र उद्धार (SAR) टोलीको एकीकृत नेतृत्व स्थापित गरि त्यसलाई अन्तर्राष्ट्रिय खोज तथा उद्धार सल्लाहकार समूह (International Search and Rescue Advisory Group) को मापदण्ड वमोजिम विकास गर्ने | खोज र उद्दारको एकीकृत नेतृत्व स्थापित हुने | अल्पकालिन | गृह मन्त्रालय,<br>सशस्त्र प्रहरी वल,<br>नेपाली सेना,<br>नेपाल प्रहरी |
| विपद्बाट प्रभावित ब्यक्ति तथा समुदायलाई मानवीय सहायता उपलब्ध गराउँदा आधारभूत मानवीय मापदण्ड (Core Humanitarian Standard) को अनुसरण गर्ने, गराउने | मानवीय सहायता गुणस्तरिय हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| आधुनिक सूचना प्रविधिको प्रयोग गरि विपद् हानि र क्षतिको द्रुत आँकलन विधी विकास गर्ने र | आपत्कालिन प्रतिकार्य कुशल र | अल्पकालिन | गृह मन्त्रालय |

| | | | |
|---|---|---|---|
| विपद् क्षतिको खण्डीकृत (Disaggregated) तथ्याङ्क संकलन गर्ने | प्रभावकारी हुनेछ | | |
| विपद् पश्चात आपत्कालिन रुपमा शिक्षा, स्वास्थ्य, पोषण तथा खानेपानीको प्रबन्ध गर्ने कार्य सुनिश्चित गर्ने | विपद पश्चात शिक्षा, स्वास्थ्य, पोषण तथा खानेपानीको आपत्कालिन व्यवस्था हुनेछ | अल्पकालिन | शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, खानेपानी तथा सरसफाई मन्त्रालय |
| विपद् पश्चात सरकारी तथा गैरसरकारी क्षेत्रहरूबाट प्रदान गरिने राहत, उद्धार र पुनर्स्थापनाका सेवा सुविधाहरूमा सङ्कटासन्न र सिमान्तकृत वर्गको प्राथमिकता र पहुँचमा बृद्धि सुनिश्चित गर्ने | राहत, उद्धार र पुनर्स्थापनाका सेवा सुविधाहरूमा सिमान्तकृत वर्गको पहुँच हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, गैरसरकारी संस्थाहरु, नेपाल रेडक्रस सोसाईटी |
| प्रादेशिक तथा स्थानिय तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने | स्थानिय तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना उपलब्ध हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| विभिन्न तह (संघ, प्रदेश, स्थानिय, समुदाय) तथा क्षेत्र ( विद्यालय, अस्पताल) मा प्रभावकारी पूर्वतयारी तथा प्रतिकार्यका लागि नियमित रुपमा कृत्रिम घटना अभ्यास गर्ने | पूर्वतयारी तथा प्रतिकार्य प्रभावकारी हुनेछ | अल्पकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, विषयगत मन्त्रालयहरु, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी वल, नेपाल रेडक्रस |

| | | | |
|---|---|---|---|
| | | | सोसाईटी, गैर सरकारी संस्थाहरु, संयुक्त राष्ट्र संघीय संस्थाहरु, मानवीय सहयोग संस्थाहरु |
| आगलागी नियन्त्रण क्षमता अभिवृद्धि गर्न एकीकृत अग्नी नियन्त्रक समूह खडा गरी श्रोत, साधन र तालिम मार्फत क्षमता अभिवृद्धि गर्ने | आगलागी नियन्त्रण क्षमता अभिवृद्धि हुनेछ | अल्पकालिन | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, नेपाल वारुण यन्त्र, नेपाल अग्नि नियन्त्रक स्वयंसेवक संघ |
| सबै तहमा खोज तथा उद्धार र प्रतिकार्यका लागि तालिम प्राप्त जनशक्ति तयार गर्ने | सबै तहमा प्रभावकारी खोज तथा उद्धार र प्रतिकार्य हुनेछ | मध्यकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, विषयगत मन्त्रालयहरु, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी वल, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरु, संयुक्त राष्ट्र संघीय संस्थाहरु, मानवीय सहयोग संस्थाहरु |
| विपद् पश्चात आवश्यक सामाजिक परामर्श र मानसिक स्वास्थ्यको प्रवर्द्धन गर्न तालिम प्राप्त र दक्ष मानवीय श्रोतको विकास गर्ने | सामाजिक परामर्श र मानसिक स्वास्थ्यको प्रवर्द्धनको लागि दक्ष मानवीय श्रोत उपलब्ध हुने | मध्यकालिन | त्रिभुवन विश्वविद्यालय, मनोविज्ञान केन्द्रीय विभाग, स्वास्थ्य मन्त्रालय, नेपाल रेडक्रस सोसाइटी |

| | | | |
|---|---|---|---|
| प्रभावकारी प्रतिकार्यका लागि केन्द्र देखि स्थानिय तहसम्म क्षेत्रगत कार्यसमूह अवधारणा (Cluster Approach) लाई सुदृढीकरण गर्ने | सबै तहमा प्रभावकारी प्रतिकार्य हुनेछ | मध्यकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, विषयगत मन्त्रालयहरु, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी वल, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरु, संयुक्त राष्ट्र संघीय संस्थाहरु, मानवीय सहयोग संस्थाहरु |
| महिला, बालबालिका, बृद्धबृद्धा र अपाङ्ग ब्यक्तिहरुको खोज, उद्धार र प्रतिकार्यको क्रममा सुरक्षा र अन्य आवश्यकताहरुको लागि विशेष ब्यवस्था गर्ने | विपद्को समयमा सङ्कटासन्न समूहको सुरक्षा हुनेछ | दीर्घकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, विषयगत मन्त्रालयहरु, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी वल, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरु, संयुक्त राष्ट्र संघीय संस्थाहरु, मानवीय सहयोग संस्थाहरु |
| सामुदायिक संस्थाहरु (बाल क्लब, युवा क्लब, आमा समूह, वरिष्ठ नागरिक मञ्च, नागरिक सरोकार केन्द्र, वन उपभोक्ता समिती आदि) को विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता अभिबृद्धि गर्ने | सामुदायिक संस्थाहरुको विपद प्रतिकार्य क्षमता विकास हुनेछ | दीर्घकालिन | गाउँपालिका तथा नगरपालिकाहरु, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरु |

## ७.६ पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा “अझ राम्रो र बलियो निर्माण” अवधारणा प्रवर्धन

विपद् पश्चात अझ राम्रो र बलियो निर्माणको सम्भावनालाई चरितार्थ गर्न पुनः निर्माण र पुनः स्थापनाका लागि स्तरीय निर्माण सामाग्रीको आपूर्ति गर्ने र निर्माण कार्यलाई जोखिम प्रतिरोधक बनाउने संस्कृतिको विकास गर्न बाँकी छ । निर्माण कार्यमा संलग्न व्यवसायी तथा प्राविधिकहरुको क्षमता अभिबृद्धि गर्नु आवश्यक छ । विपद् जोखिमको आधारमा जमिनको वर्गिकरण गरि उच्च जोखिमयुक्त क्षेत्रमा संरचना निर्माणमा रोक लगाउनु जरुरी छ । “अझ राम्रो र बलियो निर्माण” का लागि आधुनिक प्रविधि सम्बन्धि अनुसन्धान र विकास गर्नु आवश्यक छ। यसका लागि निम्न रणनीतिक क्रियाकलापहरु प्रस्ताव गरिएका छन् ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| विपद् प्रभावित परिवारको पुनर्वास र पूर्वाधारको पुनर्स्थापनाका लागि पुनर्वास निर्देशिका तयार पारी कार्यान्वयन गर्ने | पुनर्वास र पूर्वाधारको पुनर्स्थापनाका लागि निर्देशिका तयार भई कार्यान्वयन हुनेछ | अल्पकालिन | शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, विषयगत मन्त्रालयहरु, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा “अझ राम्रो र बलियो निर्माण” का लागि निर्देशिका तयार गर्ने | “अझ राम्रो र बलियो निर्माण” का लागि निर्देशिका उपलब्ध हुनेछ | अल्पकालिन | शहरी विकास मन्त्रालय, जल तथा ऊर्जा आयोग सचिवालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा विपद् जोखिम न्यूनीकरणका कार्यहरुलाई समावेस गर्ने | भविष्यमा विपद् जोखिम कम हुनेछ | अल्पकालिन | शहरी विकास मन्त्रालय, विषयगत मन्त्रालयहरु, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |

| | | | |
|---|---|---|---|
| पुनःस्थापना र पुनः निर्माणमा स्थानीय श्रोत, साधन, श्रम, प्रविधि, ज्ञान तथा सीपको विकास र उपयोग गर्ने | पुनःस्थापना र पुनः निर्माण मितव्ययी तथा दिगो हुनेछ | अल्पकालिन | शहरी विकास मन्त्रालय, विषयगत मन्त्रालयहरु, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| ठूला प्रकोपपछि पुनर्निर्माणको कार्यलाई प्रकोप प्रतिरोधक र अझ बलियो बनाउन नीतिगत र संस्थागत संरचनाको व्यवस्था गर्ने | पुनर्निर्माण अझ बलियो बनाउन नीतिगत र संस्थागत व्यवस्था हुनेछ | अल्पकालिन | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, राष्ट्रिय योजना आयोगको सचिवालय, शहरी विकास मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| भूकम्पपछिको पुनर्निर्माण अभियानमा देखिएको नीतिगत, संस्थागत, श्रोतपरिचालन र समन्वयको अभाव समेतका अनुभवका आधारमा चालु विपद् पश्चातको पुनर्लाभ कार्यढाँचा (Post-Disaster Response Framework), २०७३ को समिक्षा र परिमार्जन गर्ने | विपद् पश्चातको पुनर्लाभ प्रभावकारी हुने | अल्पकालिन | राष्ट्रिय योजना आयोगको सचिवालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, शहरी विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| विपद् प्रभावित क्षेत्रमा भौतिक पूर्वाधार जस्तै बृद्धाश्रम, अनाथालय, सामुदायिक भवन आदिको पुनर्निर्माण तथा मर्मत सम्भार गर्दा महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु र बालबालिकाको विशेष आवश्यकताको सम्बोधन गर्ने | भौतिक पूर्वाधार जस्तै बृद्धाश्रम, अनाथालय, सामुदायिक भवन आदि महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु र बालबालिका मैत्री हुनेछन् | अल्पकालिन | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, शहरी विकास मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |

| | | | |
|---|---|---|---|
| भवन निर्माण, प्रवलीकरण र मर्मतसम्भारका बारेमा तालिम पुस्तिका र जानकारी, शिक्षा तथा संचार (Information, Education and Communication) का सामग्रीको विकास र वितरण गर्ने | भवन निर्माण, प्रवलीकरण र मर्मतसम्भारका बारेमा क्षमता अभिबृद्धि हुनेछ | मध्यकालिन | शहरी विकास तथा भवन निर्माण विभाग, विश्वविद्यालय, ईन्जिनियरिङ्ग अध्ययन संस्थान |
| विपद् जोखिम न्यूनीकरण र पुनर्निर्माणमा "अझ राम्रो र बलियो निर्माण" तथा जलवायु परिवर्तन अनुकुलनका लागि निर्माण प्रविधि, सामाग्री, पूर्वाधारहरुको डिजाइन र व्यवस्थापन सम्वन्धी अनुसन्धान तथा विकास गर्ने | नयाँ सुधारिएको प्रविधिको बिकासले "अझ राम्रो र बलियो निर्माण" हुनेछ | मध्यकालिन | विश्वविद्यालय, ईन्जिनियरिङ्ग अध्ययन संस्थान, शहरी विकास तथा भवन निर्माण विभाग, जलउत्पन्न प्रकोप व्यवस्थापन विभाग |
| प्रकोप प्रतिरोधी झनै राम्रो पुनर्निर्माणका लागि ईन्जिनियर, निर्माणकर्मी, डकर्मी, सिकर्मी, ठेकेदार र आपूर्तिकर्ताको तालिम र चेतनामूलक कार्यक्रम मार्फत क्षमता अभिबृद्धि गर्ने | झनै राम्रो पुनर्निर्माणका लागि क्षमता अभिबृद्धि हुनेछ | मध्यकालिन | श्रम मन्त्रालय, शहरी विकास मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, नेपाल निर्माण व्यवसायी महासंघ |
| राष्ट्रिय एवं स्थानीय स्तरमा रहेका रेडियो, टेलिभिजन, छापा र अनलाईन मिडिया मार्फत प्रकोप प्रतिरोधी निर्माण विधि र विपद् जोखिम न्यूनीकरण बारे जनचेतनामूलक कार्यक्रम तयार गरि सञ्चालन गर्ने | प्रकोप प्रतिरोधी निर्माण विधि र विपद् जोखिम न्यूनीकरण बारे जनचेतना बृद्धि हुनेछ | मध्यकालिन | सूचना तथा संचार मन्त्रालय, गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु, मिडियाहरु |

| | | | |
|---|---|---|---|
| पुनः निर्माणमा भूकम्प, बाढी, पहिरो तथा अन्य प्राकृतिक प्रकोप प्रतिरोधी निर्माण विधी अवलम्बन गर्ने | संरचनाहरु प्राकृतिक प्रकोप प्रतिरोधी हुनेछ | मध्यकालिन | शहरी विकास मन्त्रालय, विषयगत मन्त्रालयहरु, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| पुनः निर्माणमा “अझ राम्रो र बलियो निर्माण” तथा हरित विकासको सिद्धान्त अवलम्बन गर्ने | पुनः निर्माण गरिएका संरचनाहरु अझ बलियो र वातावरण मैत्री हुनेछन् | मध्यकालिन | शहरी विकास मन्त्रालय, विषयगत मन्त्रालयहरु, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| पूर्वाधार र भवनहरूको पुनर्निर्माणमा निर्माण संहिताको पालना गराउने र निर्माण सामग्रीको गुणस्तर सुनिश्चित गर्ने, यसका लागि संयुक्त अनुगमनको व्यवस्था मिलाउने | पुनः निर्माण गरिएका संरचनाहरु अझ बलियो हुनेछन् | मध्यकालिन | शहरी विकास मन्त्रालय, विषयगत मन्त्रालयहरु, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| भू-उपयोग नीति लाई परिमार्जन गरी जमिनको वर्गिकरण गर्दा प्रकोप जोखिम र संकटासन्नतालाई एउटा आधारको रुपमा ग्रहण गर्ने व्यस्था गर्ने र उच्च जोखिमयुक्त क्षेत्रमा वस्ती विकास, ठूला संरचना निर्माण र उद्योग खोल्न प्रतिवन्ध लगाउने | जमिनको वर्गिकरण विपद् जोखिमको आधारमा हुनेछ र उच्च जोखिमयुक्त क्षेत्रमा संरचना निर्माण हुनेछैन | मध्यकालिन | भूमिसुधार तथा ब्यवस्था मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, शहरी विकास मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| आन्तरिक रुपमा विस्थापित ब्यक्ति हरुलाई कम जोखिम क्षेत्रमा पुनर्वास गराउँने | पुनर्वास गरिएका बस्तीहरु विपद् जोखिम बाट | मध्यकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, भूमिसुधार |

| | | | |
|---|---|---|---|
| | सुरक्षित हुनेछन् | | तथा व्यवस्था मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| उच्च जोखिम क्षेत्रका बस्तीहरु कम जोखिम क्षेत्रमा सार्ने | उच्च जोखिम क्षेत्रका बस्तीहरु विपद् जोखिम बाट सुरक्षित हुनेछन् | दीर्घकालिन | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |
| पुनर्निर्माण गर्दा भौतिक पूर्वाधारहरुको योजना सहित एकीकृत बस्ती विकास गर्ने | योजनाबद्ध बस्ती विकासले अझ राम्रो पुनर्निर्माण हुनेछ | दीर्घकालिन | शहरी विकास मन्त्रालय, प्रादेशिक सरकार, गाउँपालिका तथा नगरपालिकाहरु |

# अध्याय ८: रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि वित्तीय व्यवस्था

यस रणनीतिक कार्ययोजनाको प्रभावकारी तथा दक्षतापूर्ण कार्यान्वयनका लागि आवश्यक आर्थिक स्रोतको व्यवस्था निम्न प्रकारले गरिनेछ:

१. औपचारिक श्रोत बाँडफाँड प्रक्रिया

क) विषयगत मन्त्रालय वा विभागहरुको नियमित बजेट

ख) विषयगत मन्त्रालय वा विभागहरुमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन आयोजनाहरु वा कार्यक्रमको लागि बजेट

ग) प्रमुख विपद् घटनापछि पुनर्लाभ र पुनर्निर्माणका लागि हरेक विभागमा विशेष बजेटको व्यवस्था

घ) प्रमुख विपद् घटनापछि अन्य आयोजनाको बजेटबाट सोहि विषयगत क्षेत्रको लागि पुनर्लाभ र पुनर्निर्माणमा उपयोग गर्ने गरि "बजेट रकमान्तर" गर्ने व्यवस्था

२. प्रादेशिक तथा स्थानिय तहको सार्वजनिक व्यय व्यवस्थापन

क) प्रादेशिक तथा स्थानिय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन आयोजनाहरु वा कार्यक्रमको लागि बजेट

ख) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा उपलब्धिमा आधारित अनुदान

ग) विपद् जोखिम न्यूनीकरणको अतिरिक्त व्ययभारको लागि थप अनुदान

३. नियामक प्रक्रियाबाट प्राप्त श्रोत

क) शहरी र क्षेत्रिय योजना, जग्गा प्लटिङ्ग र अन्य भौतिक तथा पर्यावरणीय योजना नियमन

ख) निर्माण नियमहरु, निर्माण संहिता र निर्माण उद्योग लाइसेन्सका शर्तहरु

ग) खरिद सम्झौताका शर्तहरु

घ) शैक्षिक पाठ्यक्रम र सार्वजनिक सूचना अभियानमा प्राप्त विज्ञापन शुल्क

ङ) बीमा, बैंकिङ्ग कारोबार र कर्जाका शर्तहरु

च) सम्पत्तिको मूल्याङ्कन र खरिद विक्री दस्तुर

छ) प्राकृतिक श्रोतसाधनहरु (वन, जंगल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, गिटी, बालुवा, खानी तथा खनिज, माछा आदि) बाट प्राप्त रोयल्टी

४. संघीय, प्रादेशिक, स्थानिय तथा सामुदायिक तहमा समर्पित "विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कोष"
५. स्थानिय विकास साझेदारहरू (निजी संस्थाहरु, नेपाल उद्योग वाणिज्य महासंघ, सहकारी, बैंक, वित्तीय संस्था तथा वीमा कम्पनीहरु) को लगानी
६. बाह्य विकास साझेदारहरू (द्विपक्षीय, बहुपक्षीय, संयुक्त राष्ट्र संघ अन्तर्गतका निकायहरू) बाट सहयोग
७. बीमा सुविधाहरूको व्यापक कवरेज र पहुँचमा सहजताका साथै विपद् पश्चातको दावीहरूको द्रुत फर्छ्यौट
८. भवन निर्माण संहिताको पालना र अझ राम्रो निर्माण तथा हरित विकास अवधारणामा आधारित प्रवलीकरणका लागि कर प्रोत्साहन
९. विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनका गतिविधिहरूको वित्तपोषणका लागि पेट्रोलियम उत्पादनहरूमा कर र लेभी
१०. व्यवसायिक सामाजिक जिम्मेवारी (Corporate Social Responsibility) र अन्य पहलहरू मार्फत निजी क्षेत्रबाट सहायता
११. अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुका आयोजना बजेट
१२. विश्व जलवायु लगानी संयन्त्र, हरित जलवायु कोष
१३. विकास साझेदारहरु जस्तै एसियाली विकास बैंक, विश्व बैंकबाट विकास सहायता
१४. अन्तर सरकारी संगठनहरुको सहायता (जस्तै अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (ICIMOD), दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (SAARC), अफ्रिका र एशियाको लागि क्षेत्रिय एकीकृत बहुप्रकोप पूर्वसूचना प्रणाली (RIMES) आदि)

# अध्याय ९: रणनीतिक कार्ययोजनाको कार्यान्वयन, अनुगमन, समीक्षा र संशोधन

विपद् जोखिम न्यूनीकरणका लागि सरकार तथा गैर सरकारी सरोकारवालाहरु सबैको साझा प्रयासको आवश्यकता पर्दछ । विपद् जोखिम न्यूनीकरण विकास प्रक्रियाको एक भाग भएकोले सरकारका सबै विकाससँग सम्बन्धित निकायहरुले सहकार्य र समन्वय गरेर काम गर्नु आवश्यक छ । विपद् जोखिम न्यूनीकरणका क्रियाकलापहरु आवधिक योजना तथा कार्यक्रममा एकीकृत गर्न र प्रगति नियमित अनुगमन गर्न जरुरी छ । विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना कार्यान्वयनको लागि देहाय बमोजिमका उपायहरु अवलम्बन गरिनेछन् ।

१. यस कार्ययोजनाको योजनाबद्ध कार्यान्वयनका लागि आवधिक तथा वार्षिक योजना तर्जुमा गरि लागु गरिनेछ ।
२. विषयगत मन्त्रालय तथा विभागहरुको कार्यक्रम तर्जुमा एवँ कार्यान्वयन गर्दा यस कार्ययोजनालाई मार्गदर्शनका रुपमा लिइनेछ ।
३. विपद् जोखिम न्यूनीकरण सम्बन्धि आयोजना तथा कार्यक्रम निरन्तर कार्यान्वयनका लागि प्राथमिकताका आधारमा बहुबर्षीय कार्यक्रम र बजेटको तर्जुमा गरी श्रोत व्यवस्थापन गरिनेछ ।
४. यस कार्ययोजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना निर्माण गरिनेछ ।
५. यस कार्ययोजनाको कार्यान्वयन तथा व्यवस्थापन पद्धतीमा सुधार गर्नका लागि सम्बन्धित विषयगत मन्त्रालय तथा विभागहरुको संगठन तथा व्यवस्थापन अध्ययन गरी सो को प्रतिवेदन अनुसार विषयगत मन्त्रालय तथा विभागहरुको पुन: संरचना गरिनेछ ।
६. यस कार्ययोजना कार्यान्वयनको लागि आवश्यक ऐन, नियम, नियमावली, निर्देशिका तथा कार्यविधिहरु बनाईनेछ । साथै क्षेत्रगत रणनीति तथा कार्ययोजनाहरुलाई यस कार्ययोजनासँग सामन्ज्यस्य हुने गरि परिमार्जन गरिनेछ ।

उत्थानशिल समुदायको निर्माणमा संघ, प्रदेश, जिल्ला र स्थानीय तहका संस्थाहरूको निर्दिष्ट र विशिष्ट भूमिका रहेको हुनाले ती संस्थाहरूको गुणात्मक एवम् परिमाणात्मक कार्यसम्पादनमा नै विपद् जोखिम न्यूनीकरण कार्ययोजनाको कार्यान्वयन र यसको प्रभावकारिता भर पर्दछ । यसको लागि विभिन्न स्तरमा अनुगमनको आवश्यकता पर्दछ ।

विपद् पश्चात गरिने पुनर्निर्माण कार्यलाई **"अझै राम्रो र बलियो निर्माण"** मार्फत भविष्यमा हुन सक्ने विपद् जोखिमको न्यूनीकरण सँग जोड्नु जरुरी छ । संघीय स्तरमा रणनीतिक कार्ययोजना कार्यान्वयनको अनुगमन "वार्षिक प्रतिवेदन र अनुगमन प्रणाली" मार्फत गरिनेछ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अनुसार गठित **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन**

**राष्ट्रिय परिषद्ले** संघीय स्तरमा यस रणनीतिक कार्ययोजना कार्यान्वयनको प्रगतिको **अनुगमन तथा मूल्याङ्कन** र विपद् जोखिम **न्यूनीकरण, पूनर्लाभ, पुनः स्थापना तथा पुनर्निर्माण** कार्यको समन्वय गर्नेछ ।

प्रभावकारी पूर्वतयारीले विपद् प्रतिकार्यलाई चुस्त दुरुस्त बनाउनुका साथै जनधनको क्षतिलाई कम गर्न महत्वपूर्ण भूमिका खेल्छ । यसर्थ विपद् प्रतिकार्यलाई पूर्वतयारीसँग जोड्न जरुरी छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अनुसार गठित **कार्यकारी समितिले विपद् पूर्वतयारी तथा प्रतिकार्यको समन्वय** गर्नेछ ।

यी उच्च स्तरीय समितिहरुको बैठक कम्तीमा बर्षको एकपटक फाल्गुण महिनामा बसी रणनीतिक कार्ययोजना कार्यान्वयनको वार्षिक प्रगतिको समीक्षा गर्नेछन् । प्रादेशिक र स्थानिय तहमा यस रणनीतिक कार्ययोजना कार्यान्वयनको अनुगमन, मूल्याङ्कन र समन्वय सम्बन्धित प्रादेशिक र स्थानिय तहमा गठित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिहरुले गर्नेछन् ।

यसबाहेक, सिद्धान्तत स्वतन्त्र र निष्पक्ष मूल्यांकनका लागि तेस्रो पक्षद्वारा अनुगमन गर्नुपर्ने हुन्छ । यसका लागि छोटो अवधिको लागि परामर्शदाता नियुक्त गरेर तेस्रो पक्षको अनुगमन अवधारणालाई मूर्त रुप दिइनेछ ।

रणनीतिक कार्य योजना हरेक पाँच वर्षमा पुनरावलोकन गरिनेछ । परिवर्तित अवस्था अनुसार सान्दर्भिक बनाउन आवश्यकता अनुसार रणनीतिक कार्य योजना अद्यावधिक गरिनेछ । रणनीतिक कार्य योजना अद्यावधिक गर्नको लागि सबै सम्बद्ध निकायहरू सहभागी हुनेछन् । रणनीतिक कार्य योजना निम्न अवस्थामा अद्यावधिक गरिनेछ**:**

- सरकारको नियम, कानून र नीति परिवर्तन भएमा
- विश्वव्यापी संरचना र विकासक्रमसँग तालमेल मिलाउँनु आवश्यक भएमा
- प्रमुख विपद् घटना पछिको सिकाईलाई समेट्न जरुरी भएमा
- पाँच वर्षे समीक्षाको निष्कर्ष र सिफारिसहरूका आधारमा

# सन्दर्भ सामग्री


Bhandari GP, Dixit SM, Ghimire U and Maskey MK, 2009. Outbreak Investigation of Diarrheal Diseases in Jajarkot, J Nepal Health Res Counc 2009 Oct; 7(15):66-8

Bilham, R., Larson, K. and Freymueller, J., 1997. GPS Measurements of Present day Convergence Rates in the Nepal Himalaya, Nature, Vol. 336, pp. 61-64

DWIDP, 1993. Annual Disaster Review, 1993, Department of Water Induced Disaster Prevention, His Majesty's Government of Nepal

Gautam, D.K. and Regmi, S.K., 2013. Recent trends in the onset and withdrawal of summer monsoon over Nepal, Ecopersia 2013, 1, 353–367

GON, 2015. Post Disaster Needs Assessment, National Planning Commission, Government of Nepal

Karki, R., Hasson, S., Schickhoff, U., Scholten, T. and Boehner, J., 2017. Rising precipitation extremes across Nepal, Climate 2017, 5, 4; doi:10.3390/cli5010004

LRMP, 1986. Agriculture/Forestry Report, Land Resource Mapping Project, HMG/Nepal

MOAC, 2006. Agriculture and Environment, Deserts and Desertification: Don't Desert Dry lands, Government of Nepal, Ministry of Agriculture and Cooperatives, Gender Equity and Environment Division, Agri-Environment and Biodiversity Section, Kathmandu

MOHA, 2009. Nepal Disaster Report 2009, Government of Nepal, Ministry of Home Affairs

MOHA, 2011. Nepal Disaster Report 2011, Government of Nepal, Ministry of Home Affairs

MOHA, 2016. Disaster Risk Reduction in Nepal: Achievements, Challenges and Ways Forward, National Position Paper for the AMCDRR 2016, Government of Nepal, Ministry of Home Affairs

NPC, 2007. Three Year Interim Plan (2007/08-2009/10), National Planning Commission Government of Nepal, Kathmandu

Shanker K., 1985. Water Resources, In Majupuria, T. C. (ed.), Nepal: Nature's Paradise, pp. 25-31, White Lotus Co., Bangkok.

Sthapit K. M., 1995. Sedimentation-A Great Threat to Hydro-Power Generation in Nepal, WECS Bulletin, Vol. 6, No. 1 and 2, pp. 17-26, Water and Energy Commission Secretariat, Kathmandu

UNDP/BCPR, 2004. UNDP/BCPR, 2004, Reducing Disaster Risk: A Challenge for Development, A Global Report, United Nations Development Programme, Bureau for Crisis Prevention and Recovery, New York, USA

UNDP, 2013. Disaster Risk Governance: Issue Brief,UNDP, New York

UNDP, 2015. Strengthening Disaster Risk Governance, UNDP Support during the HFA Implementation Perido 2005-2015, United Nations Development Programme, New York

UNICEF, 2006. Situation of Children and Women in Nepal, United Nation's Children Fund, UN House, Kathmandu

Wang, S.-Y., B. Fosu, R. R. Gillies, and P. M. Singh, 2015. The Deadly Himalayan Snowstorm of October 2014: Synoptic Conditions and Associated Trends. Bulletin of the American Meteorological Society, 96, S89-94

World Bank, 2005. Natural Disaster Hotspots, A Global Risk Analysis, The World Bank